# मध्यमकालीन खर्च संरचना

(आ.व. २०८२/८३ – २०८४/८५)

## Medium Term Expenditure Framework

(Fiscal Year: 2025/26 – 2027/28)

**घिरिङ गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ, गण्डकी प्रदेश, नेपाल



# (Medium-Term Expenditure Framework)

## आर्थिक वर्ष २०८२/८३–२०८४/८५

### घिरिङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरीछाप, तनहुँ

गण्डाकी प्रदेश, नेपाल

असार २०८२

# विषय सूची


परिच्छेद १ : परिचय ............ 1

१.१ पृष्ठभूमि ............ 1

१.२ मध्यमकालिन खर्च संरचनाको अवधारणा ............ 1

१.३ मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुको उद्देश्य ............ 3

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ............ 3

१.५ संस्थागत व्यवस्था ............ 4

१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ............ 6

परिच्छेद २ : मध्यमकालीन खर्च संरचना ............ 10

२.१ पृष्ठभूमि ............ 10

२.२ चुनौती तथा अवसर ............ 10

२.३ सोच, उद्देश्य तथा रणनीति ............ 12

२.३.१ दीर्घकालीन सोच ............ 12

२.३.२ घिरिङ गाउँपालिकाको समष्टिगत विकास लक्ष्य ............ 12

२.३.३ घिरिङ गाउँपालिकाको समष्टिगत विकास उद्देश्य ............ 12

२.३.४ घिरिङ गाउँपालिकाको समष्टिगत विकास रणनीति तथा कार्यनीति ............ 12

२.४ मध्यमकालीन आर्थिक खाका ............ 14

२.५ मध्यमकालीन नतिजा खाका ............ 15

२.६ मध्यमकालीन बजेट खाका ............ 18

२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ............ 21

२.८ विषय क्षेत्रगत बाँडफाँट ............ 26

परिच्छेद ३ : आर्थिक विकास क्षेत्र ............ 31

३.१ कृषि तथा खाद्य सुरक्षा ........ 31
३.१.१ पृष्ठभूमि ........ 31
३.१.२ प्रमुख समस्या ........ 31
३.१.३ चुनौती तथा अवसर ........ 32
३.१.४ सोच, लक्ष्य र उद्देश्य ........ 33
सोच ........ 33
उद्देश्य ........ 33
३.१.५ रणनीति ........ 33
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 33
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 35
३.१.९ जोखिम पक्ष तथा अनुमान ........ 35
३.२ पशुपंछी विकास ........ 35
३.२.१ पृष्ठभूमि ........ 35
३.२.२ प्रमुख समस्या ........ 36
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 37
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 39
३.२.९ जोखिम पक्ष तथा अनुमान ........ 39
३.३ पर्यटन विकास ........ 40
३.३.१ पृष्ठभूमि ........ 40
३.३.२ प्रमुख समस्या ........ 40
३.३.३ चुनौती तथा अवसर ........ 41
३.३.४ सोच, लक्ष्य र उद्देश्य ........ 41
लक्ष्य ........ 41

उद्देश्य ........ 41
३.३.५ रणनीति ........ 41
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 42
३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 43
३.३.९ जोखिम पक्ष तथा अनुमान ........ 43
३.४ उद्योग बाणिज्य तथा आपूर्ति ........ 43
३.४.१ पृष्ठभूमि ........ 43
३.४.२ प्रमुख समस्या ........ 44
३.४.३ चुनौती तथा अवसर ........ 44
३.४.४ सोच, लक्ष्य र उद्देश्य ........ 45
लक्ष्य ........ 45
उद्देश्य ........ 45
३.४.५ रणनीति ........ 45
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 45
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 46
३.४.९ जोखिम पक्ष तथा अनुमान ........ 47
३.५ वित्तीय संस्था र सहकारी ........ 47
३.५.१ पृष्ठभूमि ........ 47
३.५.२ प्रमुख समस्या ........ 48
३.५.३ चुनौती तथा अवसर ........ 48
३.५.४ सोच, लक्ष्य र उद्देश्य ........ 48
लक्ष्य ........ 48
उद्देश्य ........ 49

३.५.५ रणनीति ........ 49
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 49
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 50
३.५.९ जोखिम पक्ष तथा अनुमान ........ 50
३.६ भूमि व्यवस्था ........ 51
३.६.१ पृष्ठभूमि ........ 51
३.६.२ प्रमुख समस्या ........ 51
३.६.३ चुनौतीहरू ........ 51
३.६.४ सोच, लक्ष्य र उद्देश्य ........ 52
लक्ष्य ........ 52
उद्देश्य ........ 52
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 52
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 53
३.६.९ जोखिम पक्ष तथा अनुमान ........ 54
३.७ सिंचाइ तथा जलस्रोत ........ 54
३.७.१ पृष्ठभूमि ........ 54
३.७.२ प्रमुख समस्या ........ 54
३.७.३ चुनौती र अवसर ........ 54
३.७.४ सोच, लक्ष्य र उद्देश्य ........ 55
लक्ष्य ........ 55
उद्देश्य ........ 55
३.७.५ रणनीति ........ 55
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 55

३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 56

३.७.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ 57

परिच्छेद ४ : सामाजिक क्षेत्र........ 58

४.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ 58

४.१.१ पृष्ठभूमि ........ 58

४.१.२ प्रमुख समस्या ........ 58

४.१.३ चुनौती तथा अवसर ........ 59

४.१.४ सोच, लक्ष्य र उद्देश्य ........ 59

लक्ष्य........ 59

उद्देश्य ........ 60

४.१.५ रणनीति ........ 60

४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 60

४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 61

४.१.९ जोखिम पक्ष तथा अनुमान ........ 62

४.२.१ पृष्ठभूमि ........ 62

४.२.२ प्रमुख समस्या ........ 63

४.२.३ चुनौती तथा अवसर ........ 63

४.२.४ सोच, लक्ष्य र उद्देश्य ........ 63

लक्ष्य........ 63

उद्देश्य ........ 64

४.२.५ रणनीति ........ 64

४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 64

४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 65

४.२.९ जोखिम पक्ष तथा अनुमान ..... 66
४.३.१ पृष्ठभूमि ..... 66
४.३.२ प्रमुख समस्या ..... 66
४.३.३ चुनौती तथा अवसर ..... 67
४.३.४ सोच, लक्ष्य र उद्देश्य ..... 67
सोच ..... 67
लक्ष्य ..... 67
उद्देश्य ..... 67
४.३.५ रणनीति ..... 67
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 68
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 68
४.३.९ जोखिम पक्ष तथा अनुमान ..... 69
४.४.१ पृष्ठभूमि ..... 69
४.४.२ प्रमुख समस्या ..... 70
४.४.३ चुनौती तथा अवसर ..... 70
४.४.४ सोच, लक्ष्य र उद्देश्य ..... 70
सोच ..... 70
लक्ष्य ..... 70
उद्देश्य ..... 70
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 71
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 72
४.४.९ जोखिम पक्ष तथा अनुमान ..... 72
४.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण ..... 72

४.५.१ पृष्ठभूमि ..... 72
४.५.२ प्रमुख समस्या ..... 73
४.५.३ चुनौती तथा अवसर ..... 74
४.५.३ सोच,लक्ष्य र उद्देश्य ..... 74
लक्ष्य ..... 74
४.५.५ रणनीति ..... 75
४.५.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 75
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 76
४.५.९ जोखिम पक्ष तथा अनुमान ..... 78
४.६ खानेपानी तथा सरसरफाई ..... 78
४.६.१ पृष्ठभूमि ..... 78
४.६.२ प्रमुख समस्या ..... 78
४.६.३ चुनौती तथा अवसर ..... 79
४.६.४ सोच, लक्ष्य र उद्देश्य ..... 79
लक्ष्य ..... 79
उद्देश्य ..... 79
४.६.५ रणनीति ..... 79
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 79
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 80
४.६.९ जोखिम पक्ष तथा अनुमान ..... 81
परिच्छेद ५ : भौतिक पूर्वाधार विकास ..... 82
५.१ उर्जा (विद्युत तथा वैकल्पिक उर्जा) ..... 82
५.१.१ पृष्ठभूमि ..... 82

५.१.२ प्रमुख समस्या ........ 82

५.१.३ चुनौती तथा अवसर ........ 82

५.१.४ सोच, लक्ष्य र उद्देश्य ........ 82

लक्ष्य ........ 82

उद्देश्य ........ 83

५.१.५ रणनीति ........ 83

५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 83

४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 84

५.१.९ जोखिम पक्ष तथा अनुमान ........ 84

५.२ सडक र यातायात पूर्वाधार ........ 84

५.२.१ पृष्ठभूमि ........ 84

५.२.२ प्रमुख समस्या ........ 84

५.२.३ चुनौती तथा अवसर ........ 85

५.२.४ सोच, लक्ष्य र उद्देश्य ........ 85

सोच ........ 85

लक्ष्य ........ 85

उद्देश्य ........ 85

५.२.५ रणनीति ........ 85

५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 86

५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 86

५.३ भवन निर्माण, आवास तथा शहरी विकास ........ 87

५.३.१ पृष्ठभूमि ........ 87

५.३.२ प्रमुख समस्या ........ 88

५.३.३ चुनौती तथा अवसर ........ 88
५.३.४ सोच, लक्ष्य र उद्देश्य ........ 88
लक्ष्य ........ 88
उद्देश्य ........ 88
५.३.५ रणनीति ........ 89
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 89
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 90
५.३.९ जोखिम पक्ष तथा अनुमान ........ 91
५.४ सञ्चार तथा सूचना प्रविधि ........ 91
५.४.१ पृष्ठभूमि ........ 91
५.४.२ प्रमुख समस्या ........ 92
५.४.३ चुनौती तथा अवसर ........ 92
५.४.४ सोच, लक्ष्य र उद्देश्य ........ 92
५.४.५ रणनीति ........ 93
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 93
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 94
५.४.९ जोखिम पक्ष तथा अनूमान ........ 94
परिच्छेद ६ : वन, वातावरण र विपद् व्यवस्थापन ........ 95
६.१ वन तथा जैविक विविधता ........ 95
६.१.१ पृष्ठभूमि ........ 95
६.१.२ प्रमुख समस्या ........ 95
६.१.३ चुनौती तथा अवसर ........ 95
६.१.४ सोच, लक्ष्य र उद्देश्य ........ 96

लक्ष्य ........ 96
उद्देश्य ........ 96
६.१.५ रणनीति ........ 96
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 96
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 97
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ 97
६.२ वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन ........ 98
६.२.१ पृष्ठभूमि ........ 98
६.२.२ प्रमुख समस्या ........ 98
६.२.३ चुनौती तथा अवसर ........ 98
६.२.४ सोच, लक्ष्य र उद्देश्य ........ 99
लक्ष्य ........ 99
उद्देश्य ........ 99
६.२.५ रणनीति ........ 99
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ 99
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ 100
६.३ विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण ........ 101
६.३.१ पृष्ठभूमि ........ 101
६.३.२ प्रमुख समस्या ........ 102
६.३.३ चुनौती तथा अवसर ........ 102
६.३.४ सोच, लक्ष्य र उद्देश्य ........ 102
लक्ष्य ........ 102
उद्देश्य ........ 103

६.३.५ रणनीति ..... 103
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 103
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 104
परिच्छेद ७ संस्थागत विकास तथा सुशासन ..... 105
७.१ न्याय प्रणालीको सुदृढीकरण ..... 105
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 106
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 107
७.२ संस्थागत विकास र सेवा प्रवाह ..... 107
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 109
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 110
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 112
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 113
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 116
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 117
८.१ तथ्याङ्क प्रणाली ..... 118
८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 119
८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 120
८.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 122
८.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 123
८.३ अनुगमन तथा मूल्याङ्कन ..... 124
८.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... 125
८.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ..... 126

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

मध्यमकालिन खर्च संरचनाले सरकारसँग उपलब्ध स्रोत-साधन र सम्भावित आयको वस्तुनिष्ठ आँकलन गर्ने र आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्य हासिल गर्न निर्धारण गरेका प्राथमिकता क्षेत्रमा मध्यम अवधिको लागि कुशलतापूर्वक बाँडफाँट गर्ने औजार हो। सार्वजनिक स्रोतमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोत परिचालन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई आफ्नो भूगोल, स्थानीय विशिष्ट आवश्यकता र परिवेश सुहाउँदो विकासको मार्गचित्र निर्धारण गरी आवश्यक नीति, योजना र रणनीति तर्जुमा गरेर कार्यान्वयन गर्ने अधिकार दिएको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय तहले सार्वजनिक आय व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा राष्ट्रिय योजना आयोगले आवधिक योजनाको आधारमा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। स्थानीय आवधिक योजना, क्षेत्रगत गुरुयोजना र परियोजना बैंक तयार गरी समष्टिगत आर्थिक परिसूचक तथा विषयगत लक्ष्यहरु निर्धारण गर्न समेत विभिन्न मार्गदर्शनहरु प्रदान गरिएको छ । त्यस्ता उद्देश्य र लक्ष्यहरु हासिल गर्न आवश्यक लगानी तथा स्रोत व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय तहलाई नै दिएको छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता सार्वजनिक वित्त व्यवस्थापनका आधारभूत सिद्धान्तलाई आत्मसाथ गरेर स्थानीय तहले आफ्नो आवश्यकता अनुसार पहिचान भएका योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्नुपर्ने हुन्छ। स्थानीय आवधिक योजना र परियोजना बैंकमा सूचिकृत भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक बजेट तथा कार्यक्रममा समावेश भई स्रोत सुनिश्चित भएपछि मात्र कार्यान्वयनमा जान्छन्।

आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गर्न मध्यमकालीन खर्च संरचना महत्वपूर्ण औजारका रूपमा रहेको छ। खर्च जुटाउने स्रोतको सीमिततालाई मध्यनजर गरी विनियोजन कुशलता हासिल गर्न आयोजना तथा कार्यक्रमको विवेकपूर्ण तथा नतिजामूखी छनौट र प्राथमिकीकरणमा ध्यान दिनुपर्ने र यसले विकास योजनाका लक्षित नतिजा हासिल गर्न स्रोत-साधनको विवेकपूर्ण वितरण र महत्तम परिचालन, पारदर्शी तथा मितव्ययी खर्च प्रणाली, गुणस्तरीय पूर्वाधार निर्माण, सार्वजनिक सेवा र वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउन मद्दत गर्दछ। यसको सकारात्मक असर सार्वजनिक वित्त क्षेत्रमा मात्र नभई आर्थिक तथा वित्तीय स्थायित्वमा समेत पर्ने गर्दछ।

## १.२ मध्यमकालिन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक महत्वूर्ण औजारको रूपमा लिइन्छ। सरकारसँग उपलब्ध साधन-स्रोतको आकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि

कुशलतापूर्वक बाँडफाँट गर्ने गर्दछ। नेपाल सरकारले विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा व्यक्त गरेका प्रतिवद्धता अनुरुपमा लक्ष्यहरु (जस्तै दिगो विकास लक्ष्य, लैंगिक समता तथा सामाजिक समावेशिकरण, जलवायु परिवर्तन अनुकुलन) हासिल गर्न आवश्यक योजना तथा कार्यक्रमका लागि समेत खर्च सुनिश्चित गर्ने औजारका रुपमा मध्यमकालीन खर्च संरचनालाई उपयोग गर्न थालिएको छ । ती सबै प्रकारका प्रतिवद्धता पूरा गर्न सहयोग पुग्नुका साथै स्थानीय आवश्यकताका आयोजना तथा कार्यक्रमका लागि पहिलो आर्थिक वर्षको वास्तविक बजेट र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि सम्भाव्य स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धिहरुको समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको लागि नयाँ प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक आर्थिक वर्षको शुरुमा तीन आर्थिक वर्षको बजेटको आँकलन र प्राथमिकताका आधारमा विनियोजन गरिन्छ। यसर्थ, मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन अवयवहरु हुन्छन्। चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि र अपेक्षित नतिजाको आधारमा स्थानीय तहसँग सम्बन्धित आर्थिक तथा सामाजिक परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) तयार गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय र ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र वडागत आयोजनामा लाग्ने खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका ( Medium Term Budgetary Framework MTBF) तयार गरिन्छ । त्यसैगरी, वार्षिक रुपमा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ।

यस मध्यमकालीन खर्च संरचना घिरिङ गाउँपालिकामा पहिलो पटक तयार गर्न लागिएको हो। यसबाट गाउँपालिकाको आवधिक योजना अनुरुपका समृद्धिको संवाहक र प्राथमिकता प्राप्त कार्यक्रमहरुमा लगानी सुनिश्चित हुने अपेक्षा गरिएको छ। बहुवर्षीय आयोजना र दिगो विकासमैत्री कार्यक्रमहरुको कार्यान्वयनको माध्यमद्वारा दीगो विकासका लक्ष्यहरु हासिल गर्न सहयोग पुऱ्याउने हेतुले यसको तर्जुमा गरिएको छ। यस खर्च संरचनाले गाउँपालिकाले तय गरेको प्रथम पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच 'समृद्ध घिरिङ गाउँपालिकाको आधारः कृषि, उद्योग र पूर्वाधार', नेपाल सरकारको सोह्रौ योजनाले निर्धारण गरेको 'सुशासन, सामाजिक न्याय र समृद्धि' र गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको दीर्घकालीन सोच 'आत्मनिर्भर र समुन्नत प्रदेश, सम्मानित प्रदेशवासी' र सोही अनुसार निर्धारण गरेका लक्ष्य प्राप्तिमा समेत योगदान पुऱ्याउने विश्वास लिइएको छ।

यस खर्च संरचनालाई विषय क्षेत्रगत आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट गाउँपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई समेत बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.३ मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बिच तालमेल गराई सार्जजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु रहेको छ। यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट देहायअनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ।

(क) आवधिक योजना र बार्षिक योजनाका बीच तादात्म्यता कायम गरी स्रोत साधनको उपलब्धीमूलक ढङ्गले वनियोजन गर्नु,

(ख) गाउँपालिकाको समुचित विकासका लागि उपलब्ध आन्तरिक स्रोत र नेपाल सरकार तथा गण्डकी प्रदेशबाट हस्तान्तरण भई आउने स्रोतको यर्थाथपरक अनुमान गरी बजेट तर्जुमा प्रक्रीयालाई सहज बनाउनु,

(ग) स्थानीय नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच समन्वय कायम गरी स्रोत- साधनको विनियोजनलाई कुशल बनाउनु,

(घ) आयोजना तथा कार्यक्रमको दीगो विकास लक्ष्य र अन्य परिसूचक अनुरुप वर्गिकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्नु,

(ङ) गाउँपालिकाको सार्वजनिक खर्चलाई व्यवस्थापन प्रणालीलाई बढी प्रभावकारी र नतिजामुखी बनाई लक्षित प्रतिफल प्राप्त गर्न सहयोग गर्नु।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संवैधानिक व्यवस्था अनुरुपका स्थानीय तहको अधिकार, सो सम्बन्धमा निर्माण भएका आर्थिक, सामाजिक, वातावरणीय तथा संस्थागत व्यवस्थासँग सम्बन्धित नीति, ऐन तथा नियमहरुलाई मूख्य आधार मानिएको छ। साथै घिरिङ गाउँपालिकाको स्थानीय विशिष्ठता, निर्वाचित जनप्रतिनिधिहरुको विकासको अवधारणा, दोस्रो आवधिक योजना, विषय क्षेत्रगत योजना र दीगो विकास लक्ष्यहरु हासिलमा पुऱ्याउने योगदानलाई विशेष ध्यान दिइएको छ। यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायका दस्तावेजहरुलाई मार्गदर्शनका रुपमा लिइएको छ :

(क) नेपालको संविधान, २०७२

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(घ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)

(ङ) घिरिङ गाउँपालिकाको दोस्रो आवधिक योजना (२०७८ / ७९-२०८०/८१)

(च) दीगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१६-२०३०)

(छ) घिरिङ गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

(ज) घिरिङ गाउँपालिकाको वस्तुस्थिति विवरण (प्रोफाईल)

## १.५ संस्थागत व्यवस्था

मध्यमकालिन खर्च आवधिक योजना र वार्षिक बजेटबीच तादात्म्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको भूमिक महत्वपूर्ण हुन्छ। यसका लागि स्थानीय तहमा देहाय वमोजिमको संस्थागत व्यवस्था गर्नुपर्दछः

**(क) स्रोत अनुमान तथा बजेट सीमा निर्धाण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गठन हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी समितिले नै मध्यमकालिन खर्च संरचना तयारीका सन्दर्भमा स्रोत अनुमान तथा बजेट सीमा निर्धाण सम्बन्धी कार्य गर्ने व्यवस्था अनुसार देहायको पदाधिकारीहरु रहेको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले मध्यमकालिन खर्च संरचना प्राविधिक कार्यदलको सिफारिसमा आगामी ३ वर्षको कुल स्रोत र खर्च प्रक्षेपण गरी विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गरेको छ। साथै उक्त समितिको निर्देशनमा मध्यमकालिन खर्च संरचना तर्जुमा सम्बन्धी समग्र कार्य गरिएकोछ।

- गाउँपालिका अध्यक्ष श्री होम बहादुर थापा — संयोजक
- गाउँपालिका उपाध्यक्ष श्री राधादेवी अधिकारी — सदस्य
- कार्यपालिकाका सदस्य श्री भुवन सिंह बि.कर — सदस्य
- कार्यपालिका सदस्य श्री नर बहादुर थापा — सदस्य
- कार्यपालिका सदस्य श्री तहलसिंह थापा — सदस्य
- कार्यपालिका सदस्य श्री भिम बहादुर कुमाल — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद ढकाल — सदस्य सचिव

**(ख) मध्यमकालिन खर्च संरचना प्राविधिक कार्यदल**

मध्यमकालिन खर्च संरचना तयारीका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय वमोजिमको एक कार्यदल रहेको छ। सो कार्यदलले आगामी ३ वर्षको खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोतको आकलन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति समक्ष सिफारिस गरेको थियो भने मध्यमकालिन खर्च संरचना तयारी मार्गदर्शनको मस्यौदा तयार गरी कार्यपालिकामा पेश गरेको थियो। साथै विषयगत शाखा तथा इकाइहरुसँगको समन्वयमा प्रत्येक क्रियाकलापमा एकाइगत लागत आकलन, परिमार्जनका साथै शाखाहरुको विषयगत रुपमा एकीकृत बजेट मस्यौदा तयार गरिएको थियो।

- प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद ढकाल — संयोजक
- शाखा प्रमुख, शिक्षा शाखा श्री  कृष्ण प्रसाद सुवेदी — सदस्य

- शाखा प्रमुख, स्वास्थ्य शाखा श्री कृष्ण प्रसाद रिमाल सदस्य
- शाखा प्रमुख, प्राविधिक विकास शाखा श्री तिर्थराज ढुङ्गाना सदस्य
- शाखा प्रमुख, वित्त व्यवस्थापन शाखा श्री अविनाश ढकाल सदस्य
- शाखा प्रमुख, कृषि शाखा श्री रवि रामदाम सदस्य
- इकाइ प्रमुख, पशुपंछी सेवा इकाइ श्री रोमिया सुनार सदस्य
- इकाइ प्रमुख, योजना प्रशासन इकाइ श्री ध्रुवराज लामिछाने सदस्य सचिव

**(ग) विषयगत समितिहरु**

आर्थिकि विकास समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र सुशासन तथा संस्थागत समितिहरुले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त स्रोत सीमा तथा कार्यालिकाबाट प्राप्त मार्गदर्शनभित्र रही शाखा तथा इकाइहरुबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रुपमा छलफल र विश्लेषण गरी आगामी ३ वर्षको खर्च प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेटउपर समेत छलफल र विश्लेषण गरि बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष पेश गरिएको थियो।

**(घ) बजेट तथा कार्यक्रम तर्जुमा समिति**

गाउँपालिकाका उपाध्यक्ष श्री राधादेवी अधिकारीको संयोजकत्वमा गठित देहाय वमोजिमका सदस्यहरु रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले विषय क्षेत्रगत खर्चको माग र स्रोतक विवरण तयार गर्ने, विगतको उपलब्धी, आय र खर्चको प्रवृत्ति विश्लेषण गरी आर्थिक खाका तयार गर्ने, दोस्रो आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिको आधारमा मध्यमकालिन बजेट खाका तयार गर्ने, विषय क्षेत्रगत सन्तुलन तथा प्राथिमकता कायम हुने गरी स्रोत विनयोजन तथा प्रक्षेपण गर्ने र उल्लेखित सबै विषयहरुको आधारमा मध्यमकालिन खर्च संरचनालाई अन्तिम रुप दिई स्वीकृतिका लागि कार्यपालिकामा पेश गरिएको थियो।

गाउँपालिका उपाध्यक्ष श्री राधादेवी अधिकारी संयोजक
कार्यपालिका सदस्य श्री सदस्य
कार्यपालिका सदस्य श्री सदस्य
कार्यपालिका सदस्य श्री सदस्य
कार्यपालिका सदस्य श्री सदस्य
कार्यपालिका सदस्य श्री सदस्य
प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद ढकाल सदस्य
इकाइ प्रमुख, योजना प्रशासन इकाइ श्री ध्रुवराज लामिछाने सदस्य सचिव

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । त्यस क्रममा देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बनगरिएको छः

**चरण – १ तयारी चरण**

**प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोलि परिचालन**

यस गाउँपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्शदाता नियुक्त गरी परिचालन गरियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरियो ।

**प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

परामर्शदाताको टोलिद्वारा गाउँपालिकाको मार्गनिर्देशनमा स्थानीय आवधिक योजना, स्रोत प्रक्षेपण र सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । त्यसैगरी, संघ सरकार, राष्ट्रिय योजना आयोग, प्रदेश सरकारका सम्बन्धित दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण विषयहरु पहिचान गरियो । यस मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर–सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं घिरिङ गाउँपालिकाको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- नेपालको राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा सोह्रौं राष्ट्रिय योजना (आ.व. २०८१/८२–२०८५/८६)
- गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (आ.व. २०८१/८२–२०८५/८६)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८०/८१)
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- घिरिङ गाउँपालिकाको दोस्रो आवधिक योजना (आ.व. २०८२/८३-२०८६/८७), सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

### प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को मध्यमकालीन खर्च संरचना परिच्छदमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा तयारी बैठकको आयोजना गरी निर्वाचित जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र विषय क्षेत्रगत शाखाका कर्मचारीहरुसँग छलफल गरियो। छलफलका आधारमा खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको प्रस्तावित ढाँचा तयार गरियो। छलफलका क्रममा घिरिङ गाउँपालिकाको विशिष्ठ पहिचान र विशेषताका आधारमा प्राप्त भएका सुझाब तथा पृष्ठपोषणलाई विशेष महत्वका साथ समावेश गरी मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरियो।

### चरण – २ लेखाजोखा चरण

### प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा गाउँपालिकाका प्रमुख सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो। सो कार्यशालामा गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवं विषय विज्ञको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, यसको तर्जुमा विधि तथा प्रक्रिया र औजार, संस्थागत व्यवस्था र कार्ययोजनाका विषयमा छलफल गरी बुझाइमा एकरुपता कायम गर्ने प्रयास गरियो। सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन गरी यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्यादेश प्रदान गरियो।

### प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्श

कार्यदलबाट चालु आवधिक योजना, विषय क्षेत्रगत योजना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धि समीक्षाका लागि विषयगत समिति, शाखा र एकाइसँग परामर्श तथा छलफल गरी आवश्यक परिसूचकहरु परिभाषित गर्ने र सूचना एकीकृत गर्ने काम भयो। उक्त परामर्शबाट गाउँपालिकाले हालसम्म हासिल गरेका प्रमुख उपलब्धि, चालु आयोजनाहरु, सालबसाली कार्यक्रमहरु, विस्तृत आयोजना प्रतिवेदन तयार भएका, सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजनाहरुको विवरण तयार गरियो। साथै सम्बन्धित विषय क्षेत्रगत आयोजनाहरुको सूची तयार गरी हरेक आयोजना र उप–क्षेत्रगत रुपमा स्रोत आवश्यकता पहिचान गरियो।

### प्रक्रिया ६: स्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण

गाउँपालिकाको आन्तरिक स्रोत, राजस्व बाडफाँट, अन्तर–सरकारी वित्तीय हस्तान्तरण लगायतका स्रोतबाट प्राप्त हुने रकमको विगत आर्थिक वर्षहरुको अनुमान र यथार्थ प्राप्तिका आधारमा आर्थिक वर्ष २०८२/८३ को अनुमान तथा आगामी दुई आर्थिक वर्षको प्रक्षेपण गरियो। यस गाउँपलिकाको राजस्व सुधार कार्ययोजना नबनेकोले विगत वर्षहरुको

वास्तविक आन्तरिक आयको प्रवृत्ति विश्लेषण गरी सो को आधारमा तयार गरिएको राजस्व परामर्श समितिद्वारा पेश गरिएको प्रतिवेदनलाई मध्यनजर गरी आन्तरिक आयको अनुमान तथा प्रक्षेपण तयार गरियो । विगत आर्थिक वर्षहरुको विनियोजन तथा यथार्थ खर्चको अनुपात नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक योजना अनुसारका प्राथमिकता प्राप्त आयोजना र कार्यक्रम कार्यान्वयनमा प्रतिकुल असर नपर्ने गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । उक्त प्रक्षेपित स्रोत तथा खर्च रकमका आधारमा तीन आर्थिक वर्षका लागि निर्धारण गरिएको विषय क्षेत्रगत बजेटको सीमा सम्बन्धित शाखाहरुमा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि मार्गदर्शन सहित उपलब्ध भएको थियो ।

**चरण – ३ तयारी चरण**

**प्रक्रिया ७: विषय क्षेत्रगत आयोजनाको पहिचान र सांकेतीकरण**

विषयगत शाखा/इकाइ तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागितामा आवश्यक छलफल गरी प्रत्येक उप–क्षेत्रका आगामी तीन आर्थिक वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरु पहिचान गर्ने काम सम्पन्न भयो । पहिचान भएका आयोजनाहरुको प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र हरेक आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने कार्य सम्बन्धित शाखाबाट सम्पन्न भयो । घिरिङ गाउँपालिकाले स्थानीय समृद्धिको संवाहकका रुपमा पहिचान गरेका क्षेत्र (रणनीतिक स्तम्भ), आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम, दीगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा उप–क्षेत्रगत कार्यक्रम तथा आयोजनाको सांकेतीकरण गरियो ।

**प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/इकाइ तथा विषयगत समितिलाई विषयविज्ञबाट सहयोग तथा सहजीकरण प्रदान गरियो । विषय क्षेत्रगत योजना तर्जुमाको मार्गदर्शनको आधारमा उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । विषयगत शाखा/एकाइ वा उप–क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो । हरेक विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनाका लागि नतिजा खाका र सूचक तयार गर्दा गाउँपालिकाको आवधिक योजना र हालसम्म प्राप्त गरेको उपलब्धिको समीक्षाबाट प्राप्त विवरण तथा परिमाणात्मक लक्ष्यलाई आधार मानेर विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय खाका र कार्यक्रम/आयोजनाहरुको सारांश तयार गरियो ।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा तयार भएका विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई समाविष्ट गरी घिरिङ गाउँपालिकाको मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयार गरियो । यस प्रक्रियामा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट अग्रणी भूमिका सहित मार्गदर्शन प्राप्त भयो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन नतिजा खाका, आर्थिक खाका र मध्यमकालीन बजेट खाका तयार गरिएको छ ।

**प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको स्वीकृति**

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात नगर सभामा पेश गरी अनुमोदन गरियो।

# परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

संघीयता कार्यान्वयनमा आएसँगै बनेको अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४ को दफा १७ मा तीनै तहका सरकारले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो क्षेत्राधिकार भित्रका विषयगत क्षेत्रहरुमा हुने लगानीको अनुमानित विवरण सहित आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण झल्किने मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त संरचनामा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार घिरिङ गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको दोस्रो आवधिक योजनाले पहिचान गरेका प्राथमिकताका क्षेत्रमा आवश्यक स्रोतको विनियोजन सहित वार्षिक बजेट तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख अर्थतन्त्रको अवधारणा, समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच, नेपाल सरकारको चालु सोह्रौं आवधिक योजना र गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजनाका साथै यस नगरको दोस्रो आवधिक योजनाका रणनीति तथा कार्यक्रमलाई खर्च संरचनामा आत्मसात गर्ने प्रयास गरिएको छ । कुनैपनि स्थानीय तहको आर्थिक तथा सामाजिक समृद्धि वित्तीय स्रोतको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। यसर्थ, यस मध्यमकालीन खर्च संरचना (२०८२/८३–२०८४/८५) ले घिरिङ गाउँपालिकालाई त्यसतर्फ मार्गदर्शन गर्नेछ।

घिरिङ गाउँपालिकाको समृद्धिका संवाहक क्षेत्रहरु, स्थानीय प्राथमिकता, दिगो विकास लक्ष्य हासिलमा योगदान पुऱ्याउने कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्रका अनिवार्य कार्यक्रम तथा आयोजनालाई यस खर्च संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ चुनौती तथा अवसर

संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दीगो विकास लक्ष्य, पन्ध्रौ योजना, गण्डकी प्रदेशको दोस्रो योजना र घिरिङ गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८२/८३ – २०८६/०८७) को उद्देश्य हासिल गर्न कृषिमा आधुनिकीकरण र व्यवसायीकरण, शैक्षिक गुणस्तरमा सुधार, आधारभूत स्वास्थ्यमा पहुँच विस्तार, पर्यटन प्रवर्द्धन, उत्पादन, रोजगारी र आयमा दिगो वृद्धि हासिल गर्नु, सबल पूर्वाधार विकास गर्नु गाउँपालिकाको प्रमुख चुनौतीको रुपमा रहेको छ। राजनीतिक परिवर्तन पछिको जनआकांक्षा अनुरुप आम नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, आर्थिक सामाजिक रुपान्तरण र सामाजिक न्याय सहितको मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समुन्नत समाजको निर्माण गर्नु आफैमा चुनौतीपूर्ण छ । यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारीले अर्थतन्त्र र समाजमा छाडेको गहिरो डोब, बढ्दो वातावरणीय असन्तुलन र जलवायु परिवर्तनको कारण सिर्जित विपद्हरुको जोखिमलाई न्यूनीकरण गरी समृद्ध, सुरक्षित र परिष्कृत समाज निर्माणका लागि उपलब्ध स्रोत साधनको समुचित परिचालन अर्को चुनौतीको रुपमा रहेको छ।

त्यस बाहेक दिगो विकास लक्ष्यहरुले परिलक्ष्यित गरे अनुरुप व्यवस्थित शहरीकरण, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा स्वच्छ उर्जाको उपलब्धता र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिमा उपलब्ध जनसाङ्ख्यिक लाभको समुचित उपयोग गर्ने कार्य पनि स्थानीय सरकारहरुका लागि चुनौतीको रुपमा रहेका छन् । वित्तीय संघीयताको मर्म अनुरुप स्थानीय तहको मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु समेत चुनौतीपूर्ण छ ।

गाउँपालिका गठन भएको पनि ९ वर्ष वितिसकेको छ । ९ वर्षको अभ्यासले गाउँपालिकाको क्षमता विकासमा सुधार आएको अवस्था र स्थानीय परिवेश सुहाउने विकासका अवधारणाहरुमा व्यापक बहस प्रारम्भ हुनु यस गाउँपालिकाको लागि अवसर हो । बिगतमा आधारभूत नीति, कानून, योजना र कार्यविधिहरु तर्जुमा भएर कार्यान्वयनमा आइसकेको अवस्थामा आवश्यकता अनुसार रणनीति तथा योजना तर्जुमा गर्ने वातावरण तयार हुनु गाउँपालिकाको लागि सुनौलो अवसर हो । पछिल्लो समय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट दीगो विकास लक्ष्य, विपद् उत्थानशीलता, जलवायु परिवर्तन अनुकुलन र वित्तीय सुशासनका क्षेत्रमा स्थानीय तहहरुलाई सहयोग र सहजीकरण गर्ने हेतुले विभिन्न दिग्दर्शन र मार्गदर्शनहरु जारी भई आवश्यकता अनुसार क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुनु पनि यस गाउँपालिकाका लागि अवसरहरु हुन् ।

गाउँपालिकाले स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभ र आर्थिक समृद्धिका संवाहक क्षेत्रको पहिचान तथा समुचित उपयोगको माध्यमद्वारा हरित उत्थानशील र समावेशी स्थानीय अर्थतन्त्र विकास गर्ने हेतुले पहिलो आवधिक योजना तर्जुमा गरेर कार्यान्वयन शुरु गरिसकेको छ । उक्त योजनाको उपलब्धिहरुको तथ्यपरक समीक्षा गरेर आवश्यक सुधार गर्दै अगाडि बढ्न र सिकाइका आधारमा दीर्घकालिन योजना, विभिन्न गुरु योजनाहरु, आवधिक योजना, वार्षिक योजना लगायतका योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने अवसर पनि यस गाउँपालिकालाई प्राप्त भएको छ ।

गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत बाहेक संघीय सरकार, प्रदेश सरकार र विभिन्न विकास साझेदार संघसंस्थाहरुबाट समेत संघीयताको कार्यान्वयन, स्थानीय सरकारको क्षमता अभिवृद्धि र लैंगिक समता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा व्यापक सहयोग जुटिरहेको छ । त्यस्ता स्रोतहरुको समुचित परिचालन गरेर सूचना प्रविधिमैत्री युवा जनशत्तीलाई थप सिर्जनशील र उद्यमशील बनाउँदै स्वरोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडि बढ्ने समेत अवसर अहिले सिर्जना भएको छ ।

यावत चुनौतीहरूको सामना गर्दै उपलब्ध अवसरहरुको भरपुर उपयोग गरेर कोभिड १९ लगायतका महामारी र अन्य विपद्ले गर्दा सिथिल बनेको अर्थतन्त्रको दीगो पुनरुत्थानमा केन्द्रित गर्ने दिशामा साधन स्रोत परिचालन गर्न यो मध्यमकालिन खर्च संरचना केन्द्रित गरिएको छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको दोस्रो आवधिक योजनामा प्रस्तुत दीर्घकालीन सोचलाई प्रमुख आधारको रुपमा लिइएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण यस नगरका अन्य योजनाका दस्तावेजका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, नेपाल सरकारको पन्ध्रौ योजना, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना एवम् संघ, प्रदेश र यस गाउँपालिकाका विषयगत नीतिको समेत उपयोग गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु देहाय बमोजिम रहेका छन् ।

### २.३.१ दीर्घकालीन सोच

यस गाउँपालिकाको दीर्घकालीन सोच **'कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको लागि सबल पूर्वाधारः घिरिङ समेद्धिको मूल आधार'** 'रहेको छ । कृषिमा व्यवसायिकरण, शैक्षिक गुणस्तरमा सुधार, आधारभूत स्वास्थ्यको पहुँच विस्तार, पर्यटन क्षेत्रको विकासका लागि सबल र दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्नु उल्लेखित दीर्घकालिन सोचको सार रहेको छ ।

### २.३.२ घिरिङ गाउँपालिकाको समष्टिगत विकास लक्ष्य

कृषिमा व्यावसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र पर्यटन क्षेत्रको विकासका लागि दिगो पूर्वाधारको विकास गर्ने रहेको छ ।

### २.३.३ घिरिङ गाउँपालिकाको समष्टिगत विकास उद्देश्य

यस गाउँपालिकाको आवधिक योजनाले निर्धारित गरेका विकासका क्षेत्रगत उद्देश्यहरु देहायका रहेका छन्:

(१) कृषि तथा पशुपंछी पालनमा आधुनिकीकरण तथा पर्यटन पूर्वाधारको विकास गरी रोजगारी र आयमा दिगो बृद्धि गर्नु,

(२) स्वस्थ्य, शिक्षित र सीपयुक्त मानव संसाधनको विकास गर्नु,

(३) दिगो, सुरक्षित र भरपर्दो पूर्वाधारको विकास गरी अन्तरआबद्धता सबल बनाउनु,

(४) वन, वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै वातावरणमैत्री विकास नीति अबलम्बन गरी जलवायु परिवर्तन एवं विपद उत्थानशील समाज निर्माण गर्नु,

(५) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह र सुशासन अभिबृद्धि गर्नु ।

### २.३.४ घिरिङ गाउँपालिकाको समष्टिगत विकास रणनीति तथा कार्यनीति

यस गाउँपालिकाको प्रथम आवधिक योजनाले निर्धारण गरेका विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अवलम्बन गरिएका छन्:

१ परम्परागत कृषि (पशुपंछीपालन समेत) प्रणालीलाई यान्त्रिकीकण तथा आधुनिकीकरण गरी व्यवसायीकरण गर्ने, दिगो सिँचाई सुविधाको विस्तार, उन्नत बीउ र नश्लको प्रयोग, मर्यादित तथा सम्मानित कृषि पेशाको रुपमा विकास गर्दै कृषि र पशुपालन क्षेत्रमा उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने,

२ पर्यटनलाई कृषि, खेलकुख, मनोरञ्जन, शिक्षा क्षेत्रसँग जोड्दै समग्र पर्यटन पूर्वाधारको विकास गरी गुणस्तरीय पर्यटनको विकास गर्ने,

३ सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी वृद्धिको माध्यमबाट दिगो, फराकिलो र उच्च आर्थिक बृद्धि हासिल गरी उत्पादनशील रोजगारी सिर्जना र गरिबीको अन्त्य गर्ने,

४ गाउंपालिका भित्र रहेका ठूला सिंचाइ तथा साना सिंचाइ प्रणालीहरुको तथा स्तरोन्नति एवं थप सिंचाईका स्रोतहरुको पहिचान गरी सिंचाई सुविधा विस्तार गर्ने,

५ स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ एवं कृषि उत्पादन आधारित लघु, घरेलु तथा साना उद्योगहरुको पहिचान, विस्तार र सञ्चालनका लागि अनुकुल वातावरण सिर्जना गरी औद्योगिक क्षेत्रको योगदान बृद्धि गर्ने,

६ भू उपयोग नीति तथा योजना बनाई भूमिको उत्पादकत्व अभिबृद्धि गर्ने,

७ गाउंपालिका भित्र आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि दक्ष जनशक्ति, स्वास्थ्य सेवा र स्वास्थ्य सामाग्रीहरुको आपुर्ति तथा स्वास्थ्य संस्थाको पूर्वाधार विकासमा लगानी बढउने,

८ गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुंच सुनिश्चितताका लागि शिक्षकको क्षमता अभिबृद्धि, विद्यालय व्यवस्थापन तथा भौतिक पूर्वाधार सुधार तथा सिकाई प्रक्रियामा सूचना प्रविधिको प्रयोग बढाउने,

९ सबै गाउंपालिकाबासीलाई आधारभूत खानेपानीको उपलब्धता सुनिश्चित गर्ने र क्रमशः स्वच्छ खानेपानीको आपुर्तिको व्यवस्था मिलाउने र गाउंपालिकाको सबै बस्तीलाई स्वच्छ र सरसफाईयुक्त बनाउने,

१० एकल महिला, अपाङ्ग, ज्येष्ठ नागरिक, जोखिममा रहेका बालबालिका र महिला, हिंसा पीडित व्यक्ति, सीमान्तकृत सामाजिक समूह, लोपोन्मुख जाति आदिको सामाजिक सुरक्षा सुदृढ गर्ने,

११ युवाहरुको क्षमता विकास तथा सशक्तिकरण गरी विकासमा युवाको सहभागिता सुनिश्चित गर्ने,

१२ स्थानीय भाषा, संस्कृति, परम्परा तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र प्रबर्द्धन गर्ने,

१३ स्थानीय पहिचान, स्थानीय उत्पादन तथा स्थानीय निर्माण सामग्रीको संरक्षण प्रबर्द्धन गर्दै सुरक्षित बस्तीको सुनिश्चितता गर्ने,

१४ विकास अक्षमा पर्ने बजार केन्द्रहरु (SRN र PRN मा पर्ने) तथा विकास केन्द्र (गाउंपालकि केन्द्र, वडा केन्द्र) लाई व्यवस्थित गर्ने,

१५ गाउँ यातायात गुरुयोजनाले निर्धारण गरेको प्राथमिकताका आधारमा रणनीतिक तथा प्रादेशिक सडक तथा स्थानीय सडकहरुको प्राथमिकताको आधारमा निर्माण, स्तरोन्नति तथा मर्मत संभार गरी बस्ती तथा विकास केन्द्रहरु बीचको अन्तर आबद्धता सबल बनाउने,

१६ गाउँपालिकाका शतप्रतिसत घरपरिवारमा गुणस्तरीय विद्युत सेवाको पहुंच सुनिश्चित गर्ने,

१७ संचार तथा सूचना प्रविधिको उपयोग सहज बनाई सूचना प्रविधिलाई उत्पादन, रोजगारी र सेवा प्रवाहसंग आबद्ध गर्ने,

१८ वन तथा जैविक विविधता संरक्षण गरी उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरु वातावरणमैत्री बनाउने,

१९ वातावरणमैत्री विकास नीति अबलम्बन गरी विकास निर्माण कार्यलाई उत्थानशील बनाउने,

२० जलवायु परिवर्तनका सवालहरुलाई पालिकाका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरुमा आन्तरिकीकरण गर्दै अनुकुलन तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने,

२१ जोखिम क्षेत्रको पहिचान गरी जोखिम न्यूनिकरणका लागि योजना निर्माण एवं कार्यान्वयन गर्ने र विपद पश्चातको पुनर्लाभ, पुनर्थापना र पुनर्निर्माण कार्यलाई सबल र उत्थानशील बनाउने,

२२ संविधान प्रदत्त स्थानीयतहलाई प्राप्त अधिकार एवं जिम्मेवारी पूरा गर्न आवश्यक नीति, ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका, योजना तर्जुमा गरी नागरिकलाई विकास निर्माणमा अधिकतम सहभागिता गराई कानूनी शासनको प्रत्याभूति दिलाउने,

२३ गाउँपालिकाको शासन प्रणाली पार्दर्शी, उत्तरदायी र सेवाभावप्रति समर्पित बनाउँदै असल शासन प्रणालीको विकास र अभ्यास गर्ने,

२४ यथार्थपरक योजना तर्जुमा, बजेट तथा कार्यक्रम र बहुउपयोगका लागि प्रदेश तथ्याङ्क प्रणालीको सुदृढीकरण र विकास गर्ने

२५ गाउंपालिकाको आय स्रोतको दायरा फराकिलो बनाउँदै राजस्व परिचालन र गाउँपालिकाको आर्थिक प्रणाली सुदृढ बनाउने ।

**घिरिङ गाउँपालिकाको समृद्धिका संवाहकहरु**

(क) आधुनिक तथा व्यावसायिक कृषि तथा पशुपंछीपालन

(ख) स्तरीय पर्यटन उपज

(ग) सबल सडक तथा यातायात पूर्वाधार

(घ) उद्योग व्यवसाय

(ङ) विद्युतीय शासन प्रणाली

**सहायक क्षेत्रहरु**

(क) सामाजिक विविधता बीच एकता

(ख) भौगोलिक विविधता सहितको प्राकृतिक शौन्दर्य

(ग) सफा उर्जाको पहुँच

(घ) सीप विकास

(ङ) सुशासन

## २.४ मध्यमकालीन आर्थिक खाका

घिरिङ गाउँपालिकाको दोस्रो पञ्चवर्षीय योजनामा उल्लेखित आर्थिक वृद्धिदरको लक्ष्यका आधारमा र अर्थतन्त्रको पछिल्लो अवस्थाका आधारमा आर्थिक वर्ष २०८१/८२ को उपलब्धिलाई आधारस्तम्भ (Baseline) मानी आर्थिक वर्ष २०८२/८३ सहित आगामी तीन वर्षको समष्टिगत आर्थिक खाका तयार गरिएको छ । सोका लागि सार्वजनिक वित्तको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन, सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको लगानी, उत्पादन र रोजगारीमा प्रोत्साहनसहित समष्टिगत आर्थिक स्थायित्व कायम गर्न जोड दिइएको छ । यस क्रममा अर्थतन्त्रको वर्तमान स्थितिलाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष २०८२/८३ को आर्थिक वृद्धिदरको अनुमान तथा प्रक्षेपण गरी सो बमोजिम लक्ष्य परिमार्जन गरिएको छ । यस अनुसार वास्तविक क्षेत्र अन्तर्गत उत्पादन, रोजगारी र आयका साथै समष्टिगत वित्तीय क्षेत्रको खाका तर्जुमा गरिएको छ । समष्टिगत आर्थिक खाकाका सूचकहरुको विद्यमान स्थिति तथा आगामी तीन वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को उपलब्धि | आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | समष्टिगत वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ४.७ | ५.५ | ६.० | ६.५ | ८ |
| २ | कृषि क्षेत्रको आर्थिक बृद्धि | प्रतिशत | ३.३ | ३.६ | ४ | ४.५ | ५ |
| ३ | उद्योग क्षेत्रको आर्थिक बृद्धि | प्रतिशत | १ | २ | ३ | ३.५ | ४.५ |
| ४ | सेवा क्षेत्रको आर्थिक बृद्धि | प्रतिशत | ५.३ | ५.५ | ५.८ | ६ | ६.५ |
| ५ | प्रतिव्यक्ति आय | US$ | १५९६ | १६५० | १७०० | १७५० | १८०० |
| ६ | गरिबीको दर | प्रतिशत | ११ | १०.५ | १० | ९.५ | ९ |
| ७ | बेरोजगारी दर | प्रतिशत | ५ | ४.५ | ४ | ३.५ | ३ |

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको सोह्रौं योजना तथा यस गाउँपालिकाको दोस्रो आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका तर्जुमा गरिएको छ । सो खाकामा विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८२/८३ को लक्ष्य निर्धारण गरिएको छ । खर्च संरचनामा समावेस दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिका साथै प्रस्तावित आयोजना तथा कार्यक्रमहरुको अपेक्षित नतिजाको आधारमा निर्धारण गरिएको छ । घिरिङ गाउँपालिकाको मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत छ ।

**तालिका २.२ समष्टिगत मध्यमकालीन नतिजा खाका**

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को उपलब्धि | आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | मानव विकास सूचकाँक | | ०.६०१ | ०.६०२ | ०.६०३ | ०.६०५ | ०.६०७ |
| २ | लैंगिक विकास सूचकाँक | | ०.८८५ | ०.८८५ | ०.८८६ | ०.८८७ | ०.८८८ |
| ३ | लैंगिक असमानता सूचकाँक | | ०.४९५ | ०.४८५ | ०.४८० | ०.४६५ | ०.४० |

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को उपलब्धि | आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| | **आर्थिक विकास** | | | | | | |
| १ | समष्टिगत वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ४.७ | ५.५ | ६.० | ६.५ | ८ |
| २ | कृषि क्षेत्रको आर्थिक बृद्धि | प्रतिशत | ३.३ | ३.६ | ४ | ४.५ | ५ |
| २ | उद्योग क्षेत्रको आर्थिक बृद्धि | प्रतिशत | १ | २ | ३ | ३.५ | ४.५ |
| ३ | सेवा क्षेत्रको आर्थिक बृद्धि | प्रतिशत | ५.३ | ५.५ | ५.८ | ६ | ६.५ |
| ४ | प्रतिव्यक्ति आय | US$ | १५९६ | १६५० | १७०० | १७५० | १८०० |
| ५ | गरिबीको दर | प्रतिशत | ११ | १०.५ | १० | ९.५ | ९ |
| ६ | बेरोजगारी दर | प्रतिशत | ५ | ४.५ | ४ | ३.५ | ३ |
| ७ | समष्टिगत वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ४.७ | ५.५ | ६.० | ६.५ | ८ |
| | **सामाजिक विकास** | | | | | | |
| १ | साक्षरता दर | प्रतिशत | ७३ | ७४ | ७५ | ७९ | ८३ |
| २ | अपेक्षित आयु | वर्ष | ७२ | ७२ | ७२.५ | ७३ | ७३.५ |
| ३ | ५ वर्ष मुनिको बाल मृत्युदर प्रति हजार जीवित जन्ममा | जना | २३ (गप्र) | २२ | २१.५ | २१ | २० |
| ४ | स्वास्थ्य विमामा आबद्ध जनसंख्या | प्रतिशत | ३०.६ (गप्र) | ४० | ४३ | ४७ | ५२ |
| ५ | मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा | जना | १५० | १४० | १३० | ११० | ९० |
| ६ | माध्यमिक तहमा खुद भर्नादर (कक्षा ९ - १२) | प्रतिशत | ५४.९ | ५५ | ५८ | ६१ | ६४ |
| ७ | आधारभूत तह खुद भर्नादर (कक्षा १ - ८) | प्रतिशत | ९५.७ | ९६ | ९६.५ | ९७ | ९८ |
| ८ | कुल प्रजनन् दर | प्रति महिला | | २.१ | २.१ | २.१ | २.१ |
| ९ | आधारभूत खानेपानीबाट लाभान्वित जनसंख्या | प्रतिशत | ८०.९ | ८१ | ८२ | ८४ | ८६ |
| १० | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुंच घरपरिवार | प्रतिशत | ४० | ४५ | ५० | ६० | ७० |

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को उपलब्धि | आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ११ | महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दर्ता परिवार | प्रतिशत | १८.८ | १९ | १९.५ | २० | २१ |
| १२ | ५ वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६७.३ | ७० | ७५ | ८० | ८५ |
| १३ | शौचालय नभएको परिवार | प्रतिशत | १.५ | १.५ | १ | ०.५ | ० |
| | **पूर्वाधार विकास** | | | | | | |
| १ | ३० मिनेटसम्मको दूरीमा सडक यातायात पहुंच परिवार | प्रतिशत | ६० | ६२ | ६८ | ७५ | ८९ |
| २ | इन्टरनेट पहुंच प्राप्त जनसंख्या | प्रतिशत | ५० | ५२ | ६० | ७० | ८० |
| ३ | कालोपत्रे सडक (SRN & PRN) | कि. मी. | २२.२३ | २५ | ३० | ३५ | ४० |
| ४ | ग्राभेल सडक | कि. मी. | ५३.८ | ५५ | ६० | ७० | ८० |
| ५ | कच्ची सडक | कि. मी. | २९९.१८ | २९० | २७५ | २६५ | २५० |
| ६ | ढलान सडक | कि. मी. | ०.६७ | | | | |
| ७ | पुल | संख्या | | ५ | ७ | ९ | ११ |
| ८ | झोलुङ्गे पुल | संख्या | ३ | ३ | ० | १ | १ |
| ९ | कल्भर्ट | संख्या | | | १ | १ | १ |
| १० | विद्युत पहुंच पुगेको जनसंख्या | प्रतिशत | ९५.३ | ९६ | ९७ | १०० | ० |
| | **उच्च र दिगो विकास** | | | | | | |
| १ | कृषिको उत्पादकत्व | (मे. टन/हे.) | ३.१ (NP) | ३.२ | ३.३ | ३.५ | ३.७ |
| २ | कृषि श्रमिकको उत्पादकत्व | US $ प्रति श्रमिक | १२२४ | १२५० | १२७५ | १३०० | १३५० |
| ३ | सिंचाईयोग्य भूमिमध्ये वर्षभरी सिंचाई पुगेको भुमि | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |
| ४ | बैंकिङ तथा वित्तीय सेवामा पहुंच पुगेको जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को उपलब्धि | आर्थिक वर्ष २०८१/८२ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य आर्थिक वर्ष | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| | **सुशासन तथा विधिको शासन** | | | | | | |
| १ | दर्ता भएका मध्ये लेखा राख्ने आर्थिक प्रतिषठानको अनुपान | प्रतिशत | २० | २५ | ३५ | ४५ | ५५ |
| २ | न्यायिक समितिमा दर्ता भएका मुद्दा संख्या | संख्या | १३ | | | | |
| ३ | फछ्यौंट प्रतिशत | प्रतिशत | ३८ | ४० | ५० | ६० | ७० |
| ४ | कुल विनियोजनमा खर्चको अनुपातमा | प्रतिशत | ७१.५६ | ७५ | ७७ | ८० | ८३ |
| ५ | बेरुजु (कुल खर्चको अनुपातमा) | प्रतिशत | १५ | १५ | १० | ५ | २ |
| ६ | विद्युतीय सरकार विकास सूचकांक | प्रतिशत | ०.५१२ (NP) | ०.५१५ | ०.५२५ | ०.५५ | ०.५७ |

## २.६ मध्यमकालीन बजेट खाका

गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा दोस्रो आवधिक योजना (२०८२/८३-२०८६/८७) मा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, बजेटका सिद्धान्त र प्राथमिकता र दिगो विकास लक्ष्यको मार्गचित्र एवम् समष्टिगत आर्थिक स्थायित्व, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना, स्थानीय गौरवका आयोजनाहरु, विनियोजन कुशलता र अनुमानयोग्यतालाई मुख्य आधार लिइएको छ। यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको मर्म अनुरुप विविधिकृत र समावेशी स्थानीय आर्थिक वृद्धि मार्फत उत्थानशील र सन्तुलित विकासका लागि स्थानीय समृद्धिका संवाहकसँग जोडिएका आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी स्रोत तथा खर्च अनुमान गरिएको छ।

माथि उल्लिखित समष्टिगत नतिजा तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्न सहयोग पुग्नेगरि खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनर्लाभलाई प्राथमिकता दिनका लागि गाउँपालिकाले यसअघि निर्दिष्ट रुपमा कार्यान्वयन नगरेका उपक्षेत्र अन्तर्गत पनि कार्यक्रम तर्जुमा गरी बजेट प्रस्ताव गरिएको छ। स्थानीय गौरवका आयोजना, कार्यान्वयन भइरहेका बहुवर्षीय आयोजना/कार्यक्रम तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएका र नगरको समृद्धिका संवाहक क्षेत्रका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा निर्धारण गरी सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। सञ्चालनरत कार्यक्रम/आयोजनाहरुको प्रगतिको अवस्था र आगामी वर्षहरुको कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने

क्षमता र स्रोतको उपलब्धतालाई समेत मध्यनजर गरिएको छ । घिरिङ नगरको मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगतको प्रवृत्ति, विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुका लागि पहिचान तथा अनुमान गरिएका अवसर र चुनौती लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत क्षेत्र, उपक्षेत्रलाई प्रस्ताव गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची १ मा प्रस्तुत छ।

आर्थिक वर्ष २०८१/८२ को ज्येष्ठ मसान्तसम्मको वास्तविक आय तथा बजेट खर्चका आधारमा यस खर्च संरचनाको पहिलो वर्ष (२०८२/८३) को आय तथा खर्च आँकलन गरिएको छ । त्यसपछिका दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनामा उल्लेख गरेको वार्षिक लक्ष्य, घोषित रणनीति र सोअनुसार संचालन हुने आयोजना तथा कार्यक्रमलाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा गाउँपालिकाको संमृद्धिका संवाहक क्षेत्र तथा स्थानीय तुलनात्मक लाभका आधारमा पहिचान भएका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोत व्यवस्था गरिएको छ । आन्तरिक स्रोत, राजस्व बाँडबाँट र नेपाल सरकार तथा गण्डकी प्रदेशबाट उपलब्ध हुने वित्तीय हस्तान्तरणका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनिक खर्च अनुमान गरिएको छ । यसरी अन्य कार्यक्रम र साधारण प्रशासनिक खर्चको अनुमान गर्दा दिगो विकासका लक्ष्यहरुमा नेपाल तथा प्रदेशको अवस्था विश्लेषण गरी त्यसलाई सहयोग पुग्ने खालका उपक्षेत्रगत कार्यक्रमहरुलाई प्राथमिकता साथ समावेश गरिएको छ।

उल्लिखित आधारलाई विश्लेषण गरी तयार गरिएको मध्यमकालीन बजेट खाका अनुसार आगामी तीन आर्थिक वर्ष (२०८२/८३ - २०८३/८४) को घिरिङ गाउँपालिकाको कुल बजेट रु. १ अर्ब ३२ करोड ३ लाख ४ हजार हुने प्रक्षेपण गरिएको छ। यसमध्ये चालु खर्च रु. ८५ करोड ८१ लाख ९५ हजार (६५ प्रतिशत) र पुँजीगत खर्च रु. ४६ करोड २१ लाख ९ हजार (३५ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आय रु.२ करोड २१ लाख, १५ हजार (१.७ प्रतिशत), राजस्व बाँडफाँट बाट रु. २५ करोड ५१ लाख ६७ हजार (१९.३३ प्रतिशत), नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. ८८ करोड ७३ लाख ८८ हजार (६२.२१ प्रतिशत), प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ७ करोड ५६ लाख ३४ हजार (५.७३ प्रतिशत) प्राप्त हुने प्रक्षेपण गरिएको छ। समष्टिगत मध्यमकालिन बजेट खाका तालिका २.३ मा प्रस्तुत गरिएको छ।

## तालिका २.३ समष्टिगत मध्यमकालीन बजेट खाका (रकम रु. हजारमा)

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८०/८१ को यथार्थ | आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमान | मध्यमकालीन लक्ष्य आर्थिक वर्ष | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | |
| **१** | **आय अनुमान** | | | | | | |
| **१.१** | **आन्तरिक आय** | **४६५८.२५** | **२५०००** | **७६६५** | **७०२०** | **७४३०** | **२२११५** |
| **१.२** | **राजस्व बाँडफाँट** | **६००१०.२७** | **८५३४४** | **९१०१७** | **९५५५०** | **९८६००** | **२८५१६७** |
| १.२.१ | संघीय सरकार | ५३७९३.८८ | ८०००० | ७५६४१ | ८२५०० | ८४५०० | २४२६४१ |
| १.२.२ | प्रदेश सरकार | ६२१६.४० | ५३४४ | ७८७६ | ५००० | ५५०० | १८३७६ |
| १.२.३ | स्थानीय सरकार | ० | ० | ७५०० | ८०५० | ८६०० | २४१५० |
| **१.३** | **वित्तीय हस्तान्तरण** | | | | | | |
| **१.३.१** | **सघीय सरकार** | **२४५४१५.३४** | **२६१०००** | **२७९९४९** | **३०३०००** | **३०४४३९** | **८८७३८८** |
| क | समानीकरण अनुदान | ७८०२७.०० | ८०००० | ८६००० | ९४५०० | ९९००० | २७९५०० |
| ख | सशर्त अनुदान | १५३३७०.८३ | १५६००० | १६२३४९ | १८०००० | १७९९३९ | ५२२२८८ |
| ग | विशेष अनुदान | ४०३४.६५ | ० | ७५०० | १५००० | ११५०० | ३४००० |
| घ | समपुरक अनुदान | ९९८२.८७ | २५००० | २४१०० | १३५०० | १४००० | ५१६०० |
| **१.३.२** | **प्रदेश सरकार** | **१४४२३.३९** | **२०५००** | **२०६७०** | **३०४६४** | **२४५००** | **७५६३४** |
| क | समानीकरण अनुदान | ७९२०.७५ | १०५०० | १०४७० | १०५०० | ११००० | ३१९७० |
| ख | सशर्त अनुदान | ० | ० | २०० | ५००० | १००० | ६२०० |
| ग | विशेष अनुदान | १९५५.४१ | ४००० | ४००० | ६००० | ५००० | १५००० |
| घ | समपुरक अनुदान | ४५४७.२३ | ६००० | ६००० | ८९६४ | ७५०० | २२४६४ |
| **१.४** | **आन्तरिक ऋण** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| **१.५** | **अन्य अनुदान** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| **१.६** | **नगद/बैंक मौज्दात** | **३५७८१.३६** | **१५०००** | **२००००** | **१५०००** | **१५०००** | **५००००** |
| | **कुल आय** | **३६०२८८.६** | **४०६८४४** | **४१९३०१** | **४५१०३४** | **४४९९६९** | **१३२३०४** |
| **२** | **खर्च अनुमान** | | | | | | |
| २.१ | चालु खर्च | २४२४९६.८७ | २५६५०० | २७२५४५ | २९३१७० | २९२४८० | ८५८१९५ |
| २.२ | पूँजीगत खर्च | १२१०२५.६४ | १३०००० | १४६७५६ | १५७८६४ | १५७४८९ | ४६२१०९ |
| २.३ | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | **कुल खर्च** | **३६३५२२.५१** | **३८६५००** | **४१९३०१** | **४५१०३४** | **४४९९६९** | **१३२०३०४** |
| | **बचत वा न्यून (+ वा -)** | **(-३२३३.९१)** | **+२०३४४** | **०** | **०** | **०** | **०** |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छः

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.४ रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको व्यय अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| रणनीति नं | रणनीतिक स्तम्भ | योजना संख्या | आर्थिक वर्ष अनुसार बजेट | | | |
|---|---|---|---|---|---|---|
| | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | जम्मा |
| १.१ | कृषि तथा पशुपंछीपालन प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गरी उच्च उत्पादन र उत्पादकत्व हासिल गर्ने | ७४ | २६४६० | २५८२० | २३७६० | ७६०४० |
| १.२ | पर्यटनलाई कृषि, खेलकुद, मनोरञ्जन, शिक्षा क्षेत्रसँग जोड्दै समग्र पर्यटन पूर्वाधारको विकास गरी गुणस्तरीय पर्यटनको विकास गर्ने | २७ | ५४५० | ५८३० | ६३८० | १७६६० |
| १.३ | सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी वृद्धिको माध्यमबाट दिगो, फराकिलो र उच्च आर्थिक बृद्धि हासिल गरी उत्पादनशील रोजगारी सिर्जना र गरिबीको अन्त्य गर्ने | १२ | ५०० | ५७५ | ४५० | १५२५ |
| १.४ | ठूला सिंचाइ तथा साना सिंचाइ प्रणालीहरुको तथा स्तरोन्नति एवं थप सिंचाईका स्रोतहरुको पहिचान गरी सिंचाई सुविधा विस्तार गर्ने | १९ | १३२५० | १२५०० | १३१०० | ३८८५० |
| १.५ | स्थानीय स्रोत तथा कच्चा पदार्थ एवं कृषि उत्पादन आधारित लघु, घरेलु तथा साना उद्योगहरुको पहिचान, विस्तार र सञ्चालन गरी अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बृद्धि गर्ने | १९ | ५७७५ | ५२७५ | ५४२५ | १६४७५ |
| १.६ | भू उपयोग नीति तथा योजना बनाई भूमिको उत्पादकत्व अभिबृद्धि गर्ने | १२ | ५९० | ४४० | ४४० | १४७० |
| २.१ | गाउंपालिका भित्र आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि दक्ष जनशक्ति, स्वास्थ्य सेवा | ३४ | १९७७५ | १९०२५ | १९८७५ | ५८६७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | र स्वास्थ्य सामाग्रीहरुको आपुर्ति तथा स्वास्थ्य संस्थाको पूर्वाधार विकास गर्ने | | | | | |
| २.२ | गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुंच सुनिश्चितताका लागि शिक्षकको क्षमता अभिबृद्धि, विद्यालय व्यवस्थापन तथा भौतिक पूर्वाधार सुधार तथा सिकाई प्रक्रियामा सूचना प्रविधिको प्रयोग बढाउने | ६२ | १०२६४९ | १२८३९९ | १२७०६९ | ३५८११७ |
| २.३ | आधारभूत खानेपानीको उपलब्धता सुनिश्चित गर्ने र क्रमशः स्वच्छ खानेपानीको आपुर्तिको व्यवस्था मिलाउने र गाउंपालिकाको सबै बस्तीलाई स्वच्छ र सरसफाईयुक्त बनाउने | २५ | १५४६० | १४४७५ | १३४७५ | ४३४१० |
| २.४ | महिला बालबालिका तथा लक्षित वर्गको संरक्षण तथा क्षमता विकास गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने | ४० | ४०७५ | ३५५० | ३३७५ | ११००० |
| २.५ | युवाहरुको क्षमता विकास तथा सशक्तिकरण गरी विकासमा युवाको सहभागिता सुनिश्चित गर्ने | २२ | २८०० | २७५० | २८०० | ८३५० |
| २.६ | स्थानीय भाषा, संस्कृति, परम्परा तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र प्रबर्द्धन गर्ने | ९ | १६५० | ९०० | १२०० | ३७५० |
| ३.१ | स्थानीय पहिचान, स्थानीय उत्पादन तथा स्थानीय निर्माण सामग्रीको संरक्षण प्रबर्द्धन गर्दै सुरक्षित बस्तीको सुनिश्चितता गर्ने | २१ | ४२५० | ४९५० | ४२०० | १३४०० |
| ३.२ | विकास अक्षमा पर्ने बजार केन्द्रहरु (SRN र PRN मा पर्ने) तथा विकास केन्द्र (गाउंपालकि केन्द्र, वडा केन्द्र) लाई व्यवस्थित गर्ने | २९ | ९८६२० | ९८५२० | ९८५२० | २९५६६० |
| ३.३ | गाउँ यातायात गुरुयोजनाले निर्धारण गरेको प्राथमिकताका आधारमा रणनीतिक तथा प्रादेशिक सडक तथा स्थानीय सडकहरुको प्राथमिकताको आधारमा निर्माण, स्तरोन्नति तथा मर्मत संभार गरी बस्ती तथा विकास केन्द्रहरु बीचको अन्तर आबद्धता सबल बनाउने | | | | | |
| ३.४ | गाउँपालिकाका शतप्रतिसत घरपरिवारमा गुणस्तरीय विद्युत सेवाको पहुंच सुनिश्चित गर्ने | ९ | ८०० | १५०० | ८०० | ३१०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.५ | संचार तथा सूचना प्रविधिको उपयोग सहज बनाई सूचना प्रविधिलाई उत्पादन, रोजगारी र सेवा प्रवाहसंग आबद्ध गर्ने | १३ | २८४० | १८०० | १८०० | ६४४० |
| ४.१ | वन तथा जैविक विविधता संरक्षण गरी उत्पादन तथा पूर्वाधार निर्माणका कार्यहरु वातावरणमैत्री बनाउने | | | | | |
| ४.२ | वातावरणमैत्री विकास नीति अबलम्बन गरी विकास निर्माण कार्यलाई उत्थानशील बनाउने | १६ | १६०० | १९०० | १५०० | ५००० |
| ४.३ | जलवायु परिवर्तनका सवालहरुलाई पालिकाका सम्पूर्ण विषयगत नीति तथा कार्यक्रमहरुमा आन्तरिकीकरण गर्दै अनुकुलन तथा जलवायु परिवर्तनका असर न्यूनीकरण गर्ने | | | | | |
| ४.४ | जोखिम क्षेत्रको पहिचान गरी जोखिम न्यूनिकरणका लागि योजना निर्माण एवं कार्यान्वयन गर्ने र विपद पश्चातको पुनर्लाभ, पुनर्थापना र पुनर्निर्माण कार्यलाई सबल र उत्थानशील बनाउने | १९ | ३४७५ | ३९२५ | ३४२५ | १०८२५ |
| ५.१ | संविधान प्रदत्त स्थानीयतहलाई प्राप्त अधिकार एवं जिम्मेवारी पूरा गर्न आवश्यक नीति, ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका, योजना तर्जुमा गरी नागरिकलाई विकास निर्माणमा अधिकतम सहभागिता गराई कानूनी शासनको प्रत्याभूति दिलाउने | ४० | ३३९५ | १७२५ | १९५० | ७०७० |
| ५.२ | गाउँपालिकाको शासन प्रणाली पार्दर्शी, उत्तरदायी र सेवाभावप्रति समर्पित बनाउँदै असल शासन प्रणालीको विकास र अभ्यास गर्ने | | | | | |
| | कार्यालय संचालन खर्च | | १००८६२ | ११२५०० | ११५००० | |
| ५.३ | गाउंपालिकाको आय स्रोतको दायरा फराकिलो बनाउँदै राजस्व परिचालन र गाउँपालिकाको आर्थिक प्रणाली सुदृढ बनाउने | ११ | १६७५ | ३२५ | ४७५ | २४७५ |
| ५.४ | यथार्थपरक योजना तर्जुमा, बजेट तथा कार्यक्रम र बहुउपयोगका लागि प्रदेश तथ्याङ्क प्रणालीको सुदृढीकरण र विकास गर्ने | ३४ | २१५० | १५५० | २२५० | ५९५० |
| | **जम्मा व्यय** | **५६१** | **४१९३०१** | **४५१०३४** | **४४९९६९** | **१३२०३०४** |

## ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

***तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ५२३ | ४१४४११ | ९८.८३ | ४४७२६९ | ९९.१७ | ४४६२२९ | ९९.१७ |
| प्राथमिकता दोश्रो (P2) | ३८ | ४८९० | १.१७ | ३७६५ | ०.८३ | ३७४० | ०.८३ |
| **जम्मा** | **५६१** | **४१९३०१** | **१००** | **४५१०३४** | **१००** | **४४९९६९** | **१००** |

### ग. दीगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दीगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका २.६ मा प्रस्तुत गरिएको छ।

***तालिका २.६ दीगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| संकेत नम्बर | दीगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४६ | २६५० | ०.६३ | २१२५ | ०.४७ | २७०० | ०.६ |
| २ | शुन्य भोकमरी | १०५ | ४०३०० | ९.६१ | ३८७६० | ८.५९ | ३७३०० | ८.२९ |
| ३ | स्वस्थ्य जीवन | ३४ | १९७७५ | ४.७२ | १९०२५ | ४.२२ | १९८७५ | ४.४२ |
| ४ | गुणस्तरीय शिक्षा | ९३ | १०७०९९ | २५.५४ | १३२०४९ | २९.२८ | १३१०६९ | २९.१३ |
| ५ | लैंगिक समानता | ४० | ४०७५ | ०.९७ | ३५५० | ०.७९ | ३३७५ | ०.७५ |
| ६ | सफा पानी र स्वच्छता | २५ | १५४६० | ३.६९ | १४४७५ | ३.२१ | १३४७५ | २.९९ |
| ७ | आधुनिक उर्जामा पहुँच | ९ | ८०० | ०.१९ | १५०० | ०.३३ | ८०० | ०.१८ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ४६ | ११२२५ | २.६८ | १११०५ | २.४६ | ११८०५ | २.६२ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | २९ | ९८६२० | २३.५२ | ९८५२० | २१.८४ | ९८५२० | २१.९ |
| १० | असमानता न्यूनीकरण | ० | ० | ० | ० | ० | ० | ० |

| संकेत नम्बर | दीगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ११ | दीगो शहर र समुदाय | २१ | ४२५० | १.०१ | ४९५० | १.१ | ४२०० | ०.९३ |
| १२ | दीगो उपभोग र उत्पादन | १६ | १६०० | ०.३८ | १९०० | ०.४२ | १५०० | ०.३३ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | १९ | ३४७५ | ०.८३ | ३९२५ | ०.८७ | ३४२५ | ०.७६ |
| १४ | पानी मुनीको जिवन | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | जमीन माथिको जीवन | १४ | १२०० | ०.२९ | २८०० | ०.६२ | २७०० | ०.६ |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | ६४ | १०८७७२ | २५.९४ | ११६३५० | २५.८ | ११९२२५ | २६.५ |
| १७ | दीगो विकासका लागि साझेदारी | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **५६१** | **४१९३०१** | **१००** | **४५१०३४** | **१००** | **४४९९६९** | **१००** |

### घ. लैंगिक संकेतको आधारमा बाँडफाँट

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ।

***तालिका २.७ लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट (१) | ४६ | ४५७५ | १.०९ | ४०५० | ०.९ | ३८७५ | ०.८६ |
| सहयोगी (२) | ४०० | ३९५१९६ | ९४.२५ | ४३१६०६ | ९५.६९ | ४२९११६ | ९५.३७ |
| तटस्थ (३) | ११५ | १९५३० | ४.६६ | १५३७८ | ३.४१ | १६९७८ | ३.७७ |
| **जम्मा** | | **४१९३०१** | **१००** | **४५१०३४** | **१००** | **४४९९६९** | **१००** |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ।

***तालिका २.८ जलवायु संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| जलवायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्रत्यक्ष लाभ (१) | **४१३** | ३६१६७१ | ८६.२६ | ३९०१५४ | ८६.५० | ३९२०३९ | ८७.१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अप्रत्यक्ष लाभ (२) | ११५ | ५०१८० | ११.९६ | ५१०८० | ११.३३ | ४९१३० | १०.९२ |
| तटस्थ (३) | ३३ | ७४५० | १.७८ | ९८०० | २.१७ | ८८०० | १.९६ |
| **जम्मा** | | **४१९३०१** | **१००** | **४५१०३४** | **१००** | **४४९९६९** | **१००** |

### च. घिरिङ समृद्धिका संवाहकहरु

- आधुनिक तथा व्यवसायिक कृषि
- आधुनिक तथा व्यवसायिक पशुपंछी पालन
- गुणस्तीय पर्यटन पूर्वाधार
- सबल सडक तथा यातायात पूर्वाधार
- स्थानीय स्रोत सधान तथा स्थानीय कृषि उपजमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास
- सीप विकासद्वारा दक्ष जनशक्तिको विकास
- विद्युतीय शासन प्रणाली

### छ. विषय क्षेत्रको आधारमा बाँडफाँट

विषयगत क्षेत्रका आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तलिका २.९ मा प्रस्तुत छ।

***तालिका २.९ विषयगत क्षेत्रको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| विषयगत क्षेत्र | योजना/ कार्यक्रम संख्या | २०८२/८३ को व्यय अनुमान | | २०८३/८४ को खर्च प्रक्षेपण | | २०८४/८५ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आर्थिक विकास क्षेत्र | १६३ | ५२०२५ | १२.४१ | ५०४४० | ११.१८ | ४९५५५ | ११.०१ |
| सामाजिक विकास क्षेत्र | १९२ | १४६४०९ | ३४.९१ | १६९०९९ | ३७.४९ | १६७७९४ | ३७.२९ |
| पूवार्धार विकास क्षेत्र | ७२ | १०६५१० | २५.४० | १०६७७० | २३.६८ | १०५३२० | २३.४१ |
| वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र | ४९ | ६२७५ | १.५० | ८६२५ | १.९१ | ७६२५ | १.६९ |
| संस्थागत विकास र सेवा प्रवाह | ८५ | १०८०८२ | २५.७८ | ११६१०० | २५.७४ | ११९६७५ | २६.६० |
| **जम्मा** | **५६१** | **४१९३०१** | **१००** | **४५१०३४** | **१००** | **४४९९६९** | **१००** |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ। विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची २ समावेश गरिएको छ।

आर्थिक वर्ष २०८२/८३ को विनियोजन र त्यस पछिका दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

**तालिका २.१० आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)**

| विषय क्षेत्र/उपक्षेत्र | आ.व. २०८२/८३ | | | आ.व. २०८३/८३ | | | आ.व. २०८४/८५ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| **आर्थिक क्षेत्र** | **५२०२५** | **२४८९५** | **२७१३०** | **५०४४०** | **१९५१०** | **३०९३०** | **४९५५५** | **२११२५** | **२८४३०** | **१५२०२०** | **६५५३०** | **८६४९०** |
| कृषि तथा खाद्य सुरक्षा | १४५६० | ९३१० | ५२५० | १७७२० | ७९७० | ९७५० | १५२१० | ८४६० | ६७५० | ४७४९० | २५७४० | २१७५० |
| सिंचाइ | १३२५० | ७५० | १२५०० | १२५०० | ० | १२५०० | १३१०० | ६०० | १२५०० | ३८८५० | १३५० | ३७५०० |
| पशुपंक्षी सेवा | ११९०० | ८५०० | ३४०० | ८१०० | ६८०० | १३०० | ८५५० | ७२५० | १३०० | २८५५० | २२५५० | ६००० |
| उद्योग तथा व्यापार | ५७७५ | ३४७५ | २३०० | ५२७५ | २९७५ | २३०० | ५४२५ | ३१२५ | २३०० | १६४७५ | ९५७५ | ६९०० |
| पर्यटन | ५४५० | १७७० | ३६८० | ५८३० | ७५० | ५०८० | ६३८० | ८०० | ५५८० | १७६६० | ३३२० | १४३४० |
| भूमी व्यवस्था सहकारी तथा वित्तीय सेवा | १०९० | १०९० | ० | १०१५ | १०१५ | ० | ८९० | ८९० | ० | २९९५ | २९९० | ० |
| **सामाजिक क्षेत्र** | **१४६४०९** | **१२३३३४** | **२३०७५** | **१६९०९९** | **१४६८२४** | **२२२७५** | **१६७७९४** | **१४५७१९** | **२२०७५** | **४८३३०२** | **४१५८७७** | **६७४२५** |
| शिक्षा, विज्ञान तथा प्रविधि | १०२६४९ | १००१४९ | २५०० | १२८३९९ | १२५८९९ | २५०० | १२७०६९ | १२४५६९ | २५०० | ३५८११७ | ३५०६१७ | ७५०० |
| आधारभूत स्वास्थ्य तथा पोषण | १९७७५ | ११७७५ | ८००० | १९०२५ | १०५२५ | ८५०० | १९८७५ | ११८७५ | ८००० | ५८६७५ | ३४१७५ | २४५०० |
| भाषा, साहित्य, कला, संस्कृति | १६५० | १३५० | ३०० | ९०० | ९०० | ० | १२०० | ९०० | ३०० | ३७५० | ३१५० | ६०० |
| खानेपानी तथा सरसफाई | १५४६० | ४२३५ | ११२२५ | १४४७५ | ४२५० | १०२२५ | १३४७५ | ३२५० | १०२२५ | ४३४१० | ११७३५ | ३१६७५ |
| लैंगिक समानता तथा सामाजिक समावेसीकरण | ४०७५ | ३७७५ | ३०० | ३५५० | ३२५० | ३०० | ३३७५ | ३०७५ | ३०० | ११००० | १०१०० | ९०० |
| युवा तथा खेलकुद | २८०० | २०५० | ७५० | २७५० | २००० | ७५० | २८०० | २०५० | ७५० | ८३५० | ६१०० | २२५० |
| **पूवार्धार क्षेत्र** | **१०६५१०** | **३५१०** | **१०३०००** | **१०६७७०** | **३७७०** | **१०३०००** | **१०५३२०** | **३३२०** | **१०२०००** | **३१८६००** | **१०६००** | **३०८०००** |

| विषय क्षेत्र/उपक्षेत्र | आ.व. २०८२/८३ | | | आ.व. २०८३/८३ | | | आ.व. २०८४/८५ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| **आर्थिक क्षेत्र** | **५२०२५** | **२४८९५** | **२७१३०** | **५०४४०** | **१९५१०** | **३०९३०** | **४९५५५** | **२११२५** | **२८४३०** | **१५२०२०** | **६५५३०** | **८६४९०** |
| बस्ती विकास, भवन आवास तथा शहरी विकास | ४२५० | ५५० | ३७०० | ४९५० | २५० | ४७०० | ४२०० | ५०० | ३७०० | १३४०० | १३०० | १२१०० |
| सडक तथा यातायात | ९८६२० | ३२० | ९८३०० | ९८५२० | २२० | ९८३०० | ९८५२० | २२० | ९८३०० | २९५६६० | ७६० | २९४९०० |
| उर्जा (वैकल्पिक उर्जा समेत) | ८०० | ८०० | ० | १५०० | १५०० | ० | ८०० | ८०० | ० | ३१०० | ३१०० | ० |
| सूचना तथा सञ्चार प्रविधि | २८४० | १८४० | १००० | १८०० | १८०० | ० | १८०० | १८०० | ० | ६४४० | ५४४० | १००० |
| **वन तथा वातावरण क्षेत्र** | **६२७५** | **५३२५** | **९५०** | **८६२५** | **५७७५** | **२८५०** | **७६२५** | **४७७५** | **२८५०** | **२२५२५** | **१५८७५** | **६६५०** |
| वन पार्क हरियाली र भूसंरण, नदी नियन्त्रण | १६०० | १६०० | ० | १९०० | १४०० | ५०० | १५०० | १००० | ५०० | ५००० | ४००० | १००० |
| वातावरण तथा फोहरमैला व्यवस्थापन | १२०० | ८५० | ३५० | २८०० | १०५० | १७५० | २७०० | ९५० | १७५० | ६७०० | २८५० | ३८५० |
| विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | ३४७५ | २८७५ | ६०० | ३९२५ | ३३२५ | ६०० | ३४२५ | २८२५ | ६०० | १०८२५ | ९०२५ | १८०० |
| **संस्थागत विकास र सेवा प्रवाह** | | | | | | | | | | | | |
| न्याय प्रणाली सुदृढीकरण | ७५० | ७५० | ० | २०० | २०० | ० | १५० | १५० | ० | ११०० | ११०० | ० |
| संस्थागत विकास तथा सेवा प्रवाह | १५९५ | १५९५ | ० | ९२५ | ९२५ | ० | ८२५ | ८२५ | ० | ३३४५ | ३३४५ | ० |
| वित्तीय सुशासन | १०५० | १०५० | ० | ६०० | ६०० | ० | ९७५ | ९७५ | ० | २६२५ | २६२५ | ० |
| स्रोत परिचालन तथा योजना व्यवस्थापन | १६७५ | १६७५ | ० | ३२५ | ३२५ | ० | ४७५ | ४७५ | ० | २४७५ | २४७५ | ० |

| विषय क्षेत्र/उपक्षेत्र | आ.व. २०८२/८३ | | | आ.व. २०८३/८३ | | | आ.व. २०८४/८५ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| **आर्थिक क्षेत्र** | **५२०२५** | **२४८९५** | **२७१३०** | **५०४४०** | **१९५१०** | **३०९३०** | **४९५५५** | **२११२५** | **२८४३०** | **१५२०२०** | **६५५३०** | **८६४९०** |
| कार्यालय सञ्चालन | १००८६२ | १००३६२ | ५०० | ११२५०० | ११२०० | ५०० | ११५००० | ११४५० ० | ५०० | ३२८३६२ | ३२६८६ २ | १५०० |
| तथ्यांक प्रणाली | ७०० | ७०० | ० | ५५० | ५५० | ० | ३५० | ३५० | ० | १६०० | १६०० | ० |
| योजना तर्जुमा र कार्यान्वयन | १४०० | १४०० | ० | १००० | १००० | ० | १५५० | १५५० | ० | ३९५० | ३९५९ | ० |
| अनुगमन तथा मूल्यांकन | ५० | ५० | ० | ० | ० | ० | ३५० | ३५० | ० | ४०० | ४०० | ० |
| **जम्मा** | **४१९३०१** | **२६४६४६** | **१५४६५५** | **४५१०३४** | **२९१४७९** | **१५९५५५** | **४४९९६९** | **२९४११४** | **१५५८५५** | **१३२०३०४** | **८५०२३९** | **४७००६५** |

# परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा खाद्य सुरक्षा, सिंचाइ, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन, भूमि व्यवस्था तथा सहकारी र श्रम रोजगारी तथा गरिबी निवारण जस्ता उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या र चुनौती, लक्ष्य, उद्देश्य तथा रणनीति सहित नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमानित जोखिम पक्षहरु समावेश गरिएको छ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

दिगो विकास लक्ष्यले सन् २०३० सम्ममा भोकमुक्त विश्व बनाउने लक्ष्य लिएको सन्दर्भमा नेपाल सरकारले बि. सं. २०८७ भित्र खाद्यान्नमा आत्मनिर्भर हुने घोषणा गरेको र ५ वर्ष भित्रमा कृषि उत्पादकत्व दोब्बर गर्ने प्रतिबद्धता जनाएको छ। यसका लागि कृषिमा यन्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षे कृषि विकास रणनीति कार्यान्वयनमा छ। यो पृष्ठभूमिमा घिरिङ गाउँपालिकाले अधिकतम लाभ लिनु पर्ने हुन्छ। यहाँ आर्थिक रुपले सक्रीय जनसंख्याको झण्डै ८५ प्रतिशत कृषि पेशामा लागेका छन् भने कृषिमा आश्रित जनसंख्या त्यो भन्दा बढी नै छन्। राष्ट्रिय जनगणना २०७८ अनुसार गण्डकी प्रदेशको ग्रामिणबासी मध्ये सबैभन्दा गरिबले कुल उपभोग खर्चको झण्डै दुई तिहाई खर्च खानाको लागि गर्दछन्। यी दुई परिवेशमा गाउँपालिकाले सही कृषि नीति अवलम्बन गर्न सकेन र उपयुक्त योजना बनाउन सकेन भने कृषि क्षेत्रको रुपान्तरण सम्भव हुने देखिंदैन। अतः दिगो विकास लक्ष्य हासिल गर्ने मार्गमा अगाडी बढ्न संघीय सरकार तथा प्रदेश सरकारले कृषि क्षेत्रको विकासमा गर्ने प्रयासका अवसरबाट घिरिङ गाउँपालिकाले अधिकतम लाभ लिनुपर्ने हुन्छ।

### ३.१.२ प्रमुख समस्या

आम मानिसको धारणामा कृषि तथा वागवानी क्षेत्र पेशा तथा व्यवसायका रुपमा भन्दा पनि निर्वाहमुखि जिविकोपार्जनको माध्यम मानिएको छ। यातायात र सूचना तथा संचार क्षेत्रमा आएको प्रगतिका कारण उत्पादन लागत, वस्तुको गुणस्तर, वस्तुको बजार प्रतिस्पर्धा र उत्पादनमा संलग्न जनशक्तिको सिप र प्रविधिले यहाँको उत्पादनले बजारलाई प्रतिस्पर्धा गर्न सकिराखेको छैन। तर वास्तविकतामा आम मानिसमा रहेको ज्ञान, सिप र क्षमताको व्यवसायका रुपमा पनि कृषि नै रहेको छ। कृषकले बजारको माग र आपूर्तिको आधारमा उत्पादन गर्न भन्दा मौसमी रुपमा परम्परागत रुपमा खेति गर्दै वस्तुहरूका नै उत्पादन गर्ने गरेको पाइन्छ। उपभोक्तामा आएको जागरण स्वरुप वजारको मागका रुपमा विकास हुदै गएको स्वस्थ्य एवं विशेष प्राङ्गारिक अन्न, तरकारी र नगदेवालीको उत्पादनलाई कृषकले वजारीकरण गर्न सकिराखेको अवस्था छैन। मागलाई अवसरको रुपमा लिने र सोही अनुसार उत्पादन चक्र निर्माण गरी योजनाबद्ध उत्पादन गर्न सकिराखेको पाईदैन। हुनतः हाल सिमित सङ्ख्यामा कृषि तथा वागवानीको व्यावसायिक विकासका रुपमा केही फर्महरू स्थापना गरिएका छन् र व्यावसायिक उत्पादनमा प्रयास गरिरहेको अवस्था छ। ति व्यावसायिक फर्मको विकासका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत विगतका कृषि विकासका योजनाहरूको प्रभाव रहेको देखिन्छ।

राष्ट्रिय कृषि गणना, २०७८ घिरिङ गाउँपालिकाको लगभग ९५ प्रतिशत घरपरिवार कृषि कार्यमा संलग्न छन् । यहाँको कुल कृषि योग्य जमिन १९१९ हेक्टर रहेको छ भने कृषि कर्यमा संलग्न घर परिवार ३६२४ रहेका छन् । कृषि योग्य भूमी मध्ये स्थायी बाली ७३.३ हेक्टरमा र अस्थायी बाली १५४३.७ हेक्टरमा लगाउने गरेको देखिन्छ । यहांको कुल खेतीयोग्य भूमि मध्ये ५०२.४ हेक्टर जमिनमा मात्र सिंचाई सुविधा उपलब्ध छ । कृषि कार्यमा लाग्ने कुल परिवार ३६२४ मध्ये आम्दानीको मुख्य स्रोत कृषि हुने परिवार २८४० र गैरकृषि हुने परिवार ७८४ देखिन्छ । आम्दानीको मुख्य स्रोत कृषि भएका मध्ये १३०८ घरपरिवार मात्र आफ्नो कृषि उत्पादनले वर्षभरी खान पुग्छ ।

जनसंख्याको ठूलो हिस्सा कृषि कार्यमा लागेको भएतापनि कृषि कार्यमा लागेका कुल ३६२४ घरपरिवार मध्ये कृषि आम्दानीबाट वर्षभरी खानपुग्ने परिवार जम्मा १३०८ (३६.०९%) रहेका छन् । यसले के इंगित गर्छ भने कृषि पेशा परम्परागत र निर्वाहमुखी छ । यस गाउंपालिकामा कृषि क्षेत्रले देहाय वमोजिमका समस्याहरु सामाना गरिरहेको छः

(क) रोजगारीका लागि युवा जनशक्ति विदेश पलायन हुनु
(ख) कृषि उपजको व्यवस्थित बजार व्यवस्था हुन नसक्नु
(ग) सिंचाई सुविधा दिगो र पर्याप्त नहुनु
(घ) प्राविधिक जनशक्तिको कमी
(ङ) कृषिमा यान्त्रिकीकरण गर्न नसक्नु
(च) कृषकहरुमा प्राविधिक ज्ञान र सीपको कमी
(छ) कृषि उत्पादनको भण्डारणको उचित व्यवस्था नहुनु
(ज) कृषकहरुलाई निर्वाहमुखीबाट व्यावसायिक बनाउन नसक्नु

### ३.१.३ चुनौती तथा अवसर

यद्यपी घिरिङ गाउँपालिकाको धरातलिय बनावट पहाडी तथा फाँटबाट बनेको छ । पहाडी भाग भन्दा कालीगण्डकी नदीको किनारमा रहेको समथर भूभाग कृषिको लागि उर्वर छ र ठूला सिंचाई प्रणालीद्वारा सिंचित पनि छ । पहडी क्षेत्र भिरालो भू बनावट भएपनि यहाँको भूमि उर्वर नै छ । अधिकाँश घरपरिवारको मुख्य पेशा कृषि नै रहेको छ । यो परिवेशले कृषि क्षेत्रलाई समृद्धिको मुख्य आधारको रुपमा विकास गर्न सकिने देखिन्छ तथापी निम्न चुनौतिहरु समाना गर्नु सजिलो छैन ।

(क) आयातित वस्तुसंग प्रतिस्पर्धा गर्नु
(ख) बांदर लगायतका वन्यजन्तुहरुबाट कृषि उत्पादन संरक्षण गर्नु
(ग) सिंचाई सुविधा दिगो बनाउनु तथा विस्तार गर्नु
(घ) कृषि उपजको बजार सुनिश्चित गर्नु
(ङ) जलवायु परिवर्तनका कारण मौसमी विषमता सामना गर्नु
(च) भिरालो धरातलमा यान्त्रिकीकरण गर्नु ।

उल्लिखित समस्या तथा चुनौतिका वावजुद कृषि उत्पादनका लागि अनुकुल भूबनोट र हावापानी उपलब्ध हुनु, जलाधार क्षेत्रको प्रचुरताले सिंचाई सुविधा विस्तार गर्न सकिने सम्भावना रहनु, ठूला शहरसँग सहज सडक सञ्जाल मार्फत जोडिनु, मास लगायतका गेडागुडी र अन्य कृषि उपजहरुको माग स्थापित भैसक्नु जस्ता अवसरहरुको उपयोग गर्दै सिंचित

क्षेत्रफल बढाई प्राविधिक ज्ञान, आधुनिक कृषि प्रविधि, बजार व्यवस्थापन जस्ता आधारभूत सेवाहरु उपलब्ध गराउन सकिएमा कृषिक्षेत्र व्यावसायिकता तर्फ रुपान्तरण हुन गई कृषि क्षेत्रको उत्पादकत्व उच्च बनाउन सकिने सम्भावना देखिन्छ।

### ३.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

यस घिरिङ गाउँपालिकाको दोस्रो आवधिक योजनाले कृषि विकास तथा खाद्य सुरक्षा सुनिश्चतताका लागि ***"कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि, घिरिङ गाउंपालिकाको समृद्धि"*** भन्ने सोच तय गरेको छ।

**लक्ष्य**

कृषिको यान्त्रीकीकरण र व्यावसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा बृद्धि गरी कृषि उपजको आयात कम गर्ने

**उद्देश्य**

१ उच्च उत्पादन र उत्पादकत्व हासिल गरी कृषि उपजको आयात घटाउनु,
२ कृषिलाई नाफामूलक गुणस्तरीय दिगो एवं व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु,
३ कृषि पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीको अवसर बृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग गर्नु,
४ खाद्य सुरक्षा तथा पोषण केन्द्रित कार्यक्रम कार्यान्वयन गर्नु,
५ उत्पादन देखि बजारीकरण सम्मको मूल्यश्रृङ्खलालाई मजवुत तुल्याउनु

### ३.१.५ रणनीति

१. भूमिको बैज्ञानिक उपयोग तथा कृषक वर्गीकरण सहितको कृषि प्रसार सेवाद्वारा उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने
२. प्रतिस्पर्धी क्षमता विकास गरी आधारभूत खाद्य वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने
३. उत्पादन र उत्पादकत्व बढाउन सकिने बालीको पहिचान तथा खेतीयोग्य जमिनमा सम्भव भएसम्म सिंचाई सुविधा उपलब्ध गराउने
४. तुलनात्मक लाभ हुन सक्ने बाली तथा वस्तुको व्यवसायीकरण गर्ने
५. कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक र पर्यटन व्यवसायी बीचमा समन्वय र सहकार्य गर्ने
६. खाद्य अधिकार, खाद्य संप्रभुता, खाद्य सुरक्षा र पोषण सम्बन्धी नीति निर्माण गर्ने
७. स्थानीय कृषि उपजको प्रबर्द्धनका लागि मूल्य श्रृङ्खलामा आधारित बजार व्यवस्थापन गर्ने

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

**तालिका ३.१ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य**

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | कृषिजन्य वस्तुको आयातमा कमी | प्रतिशत | | | २५ | ३० | ३५ |
| २ | कृषिमा आधारित व्यवसायमा बृद्धि | संख्या | | | १०० | १०० | १०० |
| ३ | मुख्य खाद्यान्न बालीको उत्पादकत्व बृद्धि | प्रतिशत | | | १० | २५ | ५० |
| ४ | तरकारी बालीको उत्पादकत्व | प्रतिशत | | | १० | २५ | ५० |
| ५ | फलफूल बालीको उत्पादकत्व | प्रतिशत | | | १० | २५ | ५० |
| ६ | कृषक वर्गीकरण र परिचयपत्र वितरण गरिएको वडा | संख्या | | ० | ३ | २ | ० |
| ७ | सिंचाई सुविधा पुगेको क्षेत्र | प्रतिशत | | | २७ | ३० | ३५ |
| ८ | व्यावसायिक खेती गर्ने किसान | संख्या | | | १०० | २०० | ३०० |
| ९ | स्थानीय कृषि उपजमा आधारित उद्योग | संख्या | | | ० | १ | ० |
| १० | कृषि उपज संकलन केन्द्र | संख्या | | | ० | २ | ० |
| ११ | प्राङ्गारिक कृषि उपज सहितको होम स्टे | संख्या | | | २ | १ | ० |
| १२ | खाद्य अभाव रहेको क्षेत्र र घरपरिवार | संख्या | | | | | |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा यस उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

**तालिका ३.२ कृषि तथा खाद्य सुरक्षाको बजेट अनुमान र बजेटको स्रोत**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १४५६० | ९३१० | ५२५० | ० | ० | १३३९५ | ११६५ | ० |
| २०८३/८४ | १७७२० | ७९७० | ९७५० | ० | ० | १५९४८ | १७७२ | ० |
| २०८४/८५ | १५२१० | ८४६० | ६७५० | ० | ० | १३९९० | १२२० | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको यस उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ३.३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि प्रसार कार्यक्रम | उच्च उत्पादन र उत्पादकत्वबाट आयात घटाउनु | सालवसाली | ११८४० | कृषि वस्तुको आयातमा ३५% ले कमी आउनेछ |
| २ | व्यावसायिक कृषि प्रबर्द्धन कार्यक्रम | कृषिलाई गुणस्तरीय, दिगो र व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु | सालवसाली | २३१५० | व्यावसायिक खेती गर्ने किसान ३०० जना पुग्ने |
| ३ | कृषि पर्यटन तथा कृषि उद्योग प्रबर्द्धन कार्यक्रम | कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै आय तथा रोजगारीको अवसर बृद्धि गर्नु | सालवसाली | २९०० | प्राङ्गारिक कृषि उपज सहितको होम स्टे ३ वटा हुने |
| ४ | खाद्य सुरक्षा कार्यक्रम | खाद्य सुरक्षा तथा पोषण | सालवसाली | २८५० | खाद्य अभाव रहेको क्षेत्र र परिवारमा कमी आएको हुने |
| ५ | स्थानीय कृषि उपजको प्रबर्द्धनका लागि मूल्य श्रृङ्खलामा आधारित बजार व्यवस्थापन कार्यक्रम | उत्पादन देखि बजारीकरण सम्मको मूल्यश्रृङ्खलालाई मजवुत तुल्याउनु | सालवसाली | ६७५० | मूल्य श्रृङ्खलाका कर्ताहरुबीचको सम्बन्ध मजबुत भए कृषि उपजको बजार सुदृढ भएको हुने |
| | **जम्मा** | | | **४७४९०** | |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। यस नगरको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ। सक्षम युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाइ प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिमको संभावना अधिक रहन सक्दछ।

## ३.२ पशुपंछी विकास

### ३.२.१ पृष्ठभूमि

घिरिङ गाउँपालिकामा अधिकांश पशुपंछी पालक कृषकहरु निर्वाहमुखी रुपमानै पशुपालन गरी रहेका छन्। ज्यादै न्यून मात्रामा व्यावसायिक रुपमा पशुपंछी पालन कृषकहरु रहेका छन्। खासगरी कुखुरा, बंगुर र बाख्रामा नगन्य मात्रामा व्यावसायिक कृषक छन्। राष्ट्रिय कृषि गणना २०७८ अनुसार यहाँका कुल ३७८३ घरपरिवार मध्ये ३४९० (९२.२५%)

घरपरिवारले पशुपंछी पालन गरिरहेका छन् । यी मध्ये गाईगोरु पाल्ने १६१९, राँगाभैंसी पाल्ने १९२१, बाख्रा पाल्ने ३०७३, संगुर वंगुर पाल्ने २९१ र कुखुरा पाल्ने २८७५ रहेको देखिन्छ । पशुपंछी संख्याको हिसाबले गाईगोरु ७२७९, राँगाभैंसी ४४१५, बाख्रा २६५७१, संगुर बंगुर १६०३, कुखुरा ३०९३ घरपरिवार रहेका छन् । बाख्रा, बंगुर र कुखुरामा केही मात्रामा व्यावसायिक उत्पादन हुने गरेको भएपनि अधिकांश पशुपंछी पालक कृषकहरु परम्पारगत र निर्वाहमुखी रुपमै रहेको देखिन्छ । यहाँको झण्डै ५१ प्रतिशत भूभाग जंगलले ढाकिएको हुंदा पशुपालनको लागि चरन क्षेत्र उपलब्ध छ । साथसाथै पोखरा तथा भरतपुर जस्ता ठूला शहरहरुसंग यो गाउंपालिका बाह्रै महिना यातायात चल्ने रणनीतिक तथा प्रादेशिक सडकहरुले जोडएको छ । पशुपंछी पालनको लागि अनुकुल अवस्था रहेको र ठूला बजारहरु सम्म पुग्न सहज भएकोले पशुपंछी पालन व्यवसायमा यस गाउँपालिकाले ठूलो लाभ लिन सक्ने देखिन्छ ।

### ३.२.२ प्रमुख समस्या

तीनै तहका सरकारबाट प्रवाह हुने अनुदान, सेवा, सुविधा वास्तविक किसान समक्ष पुग्न सकेको छैन । सरकारी अनुदान प्राप्त गर्ने हेतुले मात्र व्यावसायिक फर्म वा कृषक समूह दर्ता गरी पहुँचको भरमा अनुदान प्राप्त गर्ने र अनुदान प्राप्त गरी सकेपछि व्यवसाय वा समूह नै बन्द गर्ने वा निष्क्रिय रहने प्रवृत्ति प्रमुख समस्याको रुपमा रहेको छ । अन्य समस्यामा व्यवस्थित बजार उपलब्ध नहुनु, कृषकलाई व्यावसायिकता तर्फ रुपान्तरण गर्न नसक्नु, प्राविधिक जनशक्ति पर्याप्त नहुनु, कृषकमा प्राविधिक ज्ञानको कमी हुनु, युवा जनशक्ति विदेश पलायन हुनु पनि समस्याका रुपमा रहेका छन् ।

### ३.२.३ चुनौति तथा अवसर

यस गाउँपालिकाका अधिकाँश कृषकहरुले पशुपंछी पालन गरेका भएपनि व्यावसायिक रुपमा पशुपंछी पालन गर्ने कृषक नगण्य मात्रामा छन् । यहाँका स्थानीय जातका पशुपंछीहरुको नजिकका ठूला बजारमा माग स्थापित भैसकेको भएपनि कृषकलाई व्यावसायिकता तर्फ रुपान्तरण गर्नु चुनौतिपूर्ण रहेको छ । खासगरी व्यवस्थित बजार व्यवस्थपन गर्नु, पूंजीमा कृषकको सहज पहुंच स्थापित गर्नु, स्वस्थ पशुपंछी उत्पादन गर्नु, परम्परागत रुपमा पशुपंछी पालन गर्ने कृषकहरुलाई व्यावसायिक बनाउनु जस्ता विषयहरु चुनौतिको रुपमा रहेका छन् ।

यी चुनौतिका बावजुद पशुपंछी पालनको लागि अनुकुल भूबनोट र हावापानी, प्रदेश सरकारबाट पनि पशुपंछीपालन क्षेत्रमा लगानी, ठूला शहरहरुसंग सहज पहुंच भएकोले बजार व्यवस्थापन गर्न सम्भव, यहांको उत्पादनको पहिलेनै माग स्थापित भैसकेकोले उत्पादन बृद्धि गर्न सकिने जस्ता अवसरहरु पनि छन् । पोखरामा यहांका खसी बोका तथा स्थानीय जातका कुखुराको माग पहिलनै स्थापित भैसकेकोले व्यावसायिक रुपमा रुपान्तरण गर्न सकिएमा बजारीकरणमा सामान्य व्यवस्थापनले राम्रो उपलब्धी हासिल हुन सक्छ । आधुनिक प्रविधिको पहुँच, कृषकको दक्षतामा अभिबृद्धि, सडक तथा खानेपानी पूर्वाधारको विकास, मूल्यश्रृङ्खलामा आधारित बजार व्यवस्थापन जस्ता पक्षहरुमा ध्यान दिन सकिएमा दुध तथा मासु उत्पादनमा आत्मनिर्भर भई निर्यात समेत गर्न सकिने सम्भावना छ ।

### ३.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

घिरिङ गाउँपालिकाको दोस्रो आवधिक योजनाले ***"पशुपंछीजन्य उत्पादन र उत्पादकत्वमा बृद्धिः घिरिङको समृद्धि"*** भन्ने दीर्घकालिन सोच तय गरेको छ।

**लक्ष्य**

स्वच्छ एवं गुणस्तरीय पशुपंछीजन्य उत्पादनमा घिरिङ गाउँपालिकालाई आत्मनिर्भर बनाई रोजगारीको अवसर सिर्जना गर्ने

**उद्देश्य**

**१** गाउँपालिकालाई पशुपंछीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रबर्द्धन गर्नु,
**२** पशुपंछी व्यवसायलाई प्रविधियुक्त, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु,
**३** पशुपंछीपालनलाई सबै वर्गको स्वरोजगारको माध्यमका रुपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रुपमा विकास गर्नु,
**४** पशुपंछी र पशुपंछीजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिकरण गर्नु

### ३.२.५ रणनीति

१ पशुपंछीजन्य खाद्य वस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी गाउँपालिकालाई यी वस्तुमा आत्मनिर्भर बनाउने,

२ पशुपंछीको उत्पादन र उत्पादकत्व बृद्धि गर्न प्रविधि, प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने तथा यान्त्रीकीकरणमा जोड दिने,

३ पशुपंछीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिबृद्धि गर्ने,

४ पशुपंछीपालनलाई महिला, युवा तथा सबै वर्गको स्वरोजगारको रुपमा विकास गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

५ पशुपंछीजन्य वस्तुहरुबाट जनस्वास्थ्यमा पर्ने नकारात्मक असरको न्यूनिकरण गर्ने,

५ स्वस्थ्य पशुपंछीजन्य खाद्यवस्तुहरु उपभोक्तासम्म पुऱ्याउन आवश्यक नीति बनाई लागु गर्ने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार पशुपंछी पालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

### तालिका ३.४ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य

| ६ क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | पशुजन्य वस्तुको निर्यातमा बृद्धि | प्रतिशत | | | १० | २५ | ३५ |
| २ | प्रतिव्यक्ति प्रतिवर्ष दुधको उपलब्धता | लिटर | | | ५० | ६० | ७० |
| ३ | प्रतिव्यक्ति प्रतिवर्ष मासुको उपलब्धता | के.जी. | | | २५ | ३५ | ४० |
| ४ | घाँसबालीको स्रोत केन्द्र | संख्या | | | २ | ० | ० |
| ५ | डाले घाँसको नर्सरी स्थापना | संख्या | | | १ | ० | ० |
| ६ | दुग्ध उत्पादन पकेट क्षेत्र | संख्या | | | १ | ० | ० |
| ७ | बाख्रा पकेट क्षेत्र | संख्या | | | २ | ० | ० |
| ८ | बंगुर पकेट क्षेत्र | संख्या | | | २ | ० | ० |
| ९ | बाख्रा स्रोत केन्द्र | संख्या | | | १ | ० | ० |
| १० | दुग्ध प्रशोधन उद्योग | संख्या | | | १ | ० | ० |
| ११ | दुग्ध चिस्यान केन्द्र | संख्या | | | १ | ० | ० |
| १२ | महिला तथा युवहरुको पशुपंछीपालन बाट भएको आम्दानीमा बृद्धि | प्रतिशत | | | | | |
| १३ | मापदण्ड अनुसारको बधशाला | संख्या | | | १ | ० | ० |
| १४ | स्वच्छ तथा सुधार भएका मासुपसल | संख्या | | | ४ | ० | ० |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा पशुपंछीपालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

### तालिका ३.५ पशुपंछी तथा मत्स्य विकास उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ११९०० | ८५०० | ३४०० | ० | ० | १०८२९ | १०७१ | ० |
| २०८३/८४ | ८१०० | ६८०० | १३०० | ० | ० | ७२९० | ८१० | ० |
| २०८४/८५ | ८५५० | ७२५० | १३०० | ० | ० | ७७८० | ७७० | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पशुपंछी तथा मत्स्य विकास उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ३.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नश्ल सुधार तथा पकेट क्षेत्र विकास कार्यक्रम | गाउँपालिकालाई पशुपंछीजन्य उत्पादनमा आत्मनिर्भर बनाई निर्यात प्रबर्द्धन गर्नु | सालवसाली | १२५५० | दुध र मासुको उत्पादन बृद्धि भइ पशुपंछीजन्य वस्तुको निर्यातमा ३५ प्रतिशतले बृद्धि भएको हुने |
| २ | पशुपंछीजन्य उत्पादन प्रबर्द्धन कार्यक्रम | पशुपंछी व्यवसायलाई प्रविधियुक्त, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु | सालवसाली | ८६०० | पशुपंछीपालन व्यवसाय प्रविधियुक्त, व्यवसायिक र प्रतिस्पर्धी क्षमता सुदृढ भएको हुने |
| ३ | उद्यमशीलता अभिबृद्धबाट लगानी प्रोत्साहन कार्यक्रम | पशुपंछीपालनलाई सबै वर्गको स्वरोजगारको माध्यमका रुपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रुपमा विकास गर्नु | सालवसाली | ३६५० | पशुपंछीपालनमा महिला तथा युवाहरुको स्वरोजगारी सर्जना भई आय आर्जनमा बृद्धि भएको हुने |
| ४ | स्वच्छ पशुपंछीजन्य खाद्यवस्तु प्रबर्द्धन कार्यक्रम | पशुपंछी र पशुपंछीजन्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिकरण गर्नु | सालवसाली | ३७५० | आम उपभोक्तालाई स्वच्छ मासुजन्य वस्तुको उपलब्धता भएको हुने |
| | **जम्मा** | | | **२८५५०** | |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। यस नगरको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंछी तथा मत्स्यपालन व्यवसायमा परिचालन हुनेछ। सक्षम युवाहरु तथा वैदेशिक रोजगारबाट फर्केका अनुभव प्राप्त महिला तथा युवाहरु पशुपंछीपालन व्यवसायमा आकर्षिक हुनेछन्। नविनतम प्रविधि, पशु स्वास्थ्य सेवाको विस्तार, चरण क्षेत्र र पशु आहारमा सुधार जस्ता कार्यक्रमहरु एकीकृत रुपमा र किसानको पहुँचमा उपलब्ध गराउन नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। वित्तीय क्षेत्र तथा निजी क्षेत्रको लगानी आकर्षित गर्ने विषय पनि जोखिमयुक्त नै छ।

## ३.३ पर्यटन विकास

### ३.३.१ पृष्ठभूमि

नेपाल एकीकरण अघि बाइसे चौविसे राज्यहरु मध्ये घिरिङ पनि एउटा राज्यको रुपमा रहेकोले यसको आफ्नै ऐतिहासिक महत्व छ । ऐतिहासिक महत्व बोकेको यस गाउँपालिकाको मौलिक सांस्कृतिक तथा पुरातात्विक सम्पदा र जैविक विविधताका कारण पर्यटकीय सम्भावना प्रचुर मात्रामा रहेको छ । यसको ऐतिहासिक पहिचान, सम्पदा, जैविक विविधताको प्रवर्द्धन र विविधीकरण गर्दै पर्यटकीय स्थलका रुपमा विकास गरी अर्थतन्त्रमा जोड दिन सक्ने कुरामा विश्वासकासाथ पर्यटन क्षेत्रको विकासमा जोड दिइएको हो । यस गाउंपालिकामा १० वटा जातीय समुदायहरुको बस्ति भएकोले यहां सांस्कृतिक विविधताले भरपुर छ । यहां विभिन्न जातजाति धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्छन् । यहां बस्ने जातजाति र सम्प्रदायका आ-आफ्नै धर्म, संस्कृति र चालचलन छन् । बडादशैं, तिहार, महाशिवरात्री, हरितालिका तीज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, होली, चैतेदशैं, साउने संक्रान्ती, माघे संक्रान्ती ,माघी, गोठधूप, मातातिर्थ औंसी, अक्षय तृतीय, हरिशयनी एकादशी, हरिबोधनी एकादशी, नाग पञ्चमी, रक्षा बन्धन, कुशे औंशी, बालाचतुर्दशी, बुद्ध जयन्ती, क्रिसमस, लोसार आदि यहांका प्रमुख चाडपर्वहरु हुन् । यहां महत्वपूर्ण थुप्रै धार्मिक स्थलहरु पनि रहेका छन् । यस्ता धार्मिक क्षेत्रहरुको राम्रो व्यवस्थापन गर्न सकिएमा धार्मिक पर्यटकहरुलाई आकर्षण गर्न सक्ने प्रशस्त सम्भावना छ । यो गाउंपालिका पहाडी धरातल तथा सम्म फांटले बनेको हुनाले यहां धरातलीय विवधता पनि छ । साथै यस गाउंपालिका आफैले निर्माण गर्दै गरेको घुमाउने ताल पनि पर्यटकीय आकर्षणको केन्द्र बन्न सक्छ । यस तालको वरीपरी विभिन्न जातजातीको संस्कृति परम्पराको संरक्षण गरी सामुदायिक होम स्टेहरु सञ्चालन लगायत अन्य पर्यटकीय उपजहरुको विकास गर्न सकिएमा पर्यटन व्यवसायको राम्रै सम्भावना रहेको छ ।

### ३.३.२ प्रमुख समस्या

पर्यटन तथा अतिथि सत्कार उद्योग क्षेत्र विकासका लागि घिरिङ गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक र मौलिक विशेषताहरूलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक छ । ऐतिहासिक महत्वका सांस्कृतिक सम्पदा र जैविक विविधताहरूको संरक्षण गर्दै पर्यटकहरूमाझ प्रचार प्रसार गर्नु पर्दछ । जैविक विविधता र ऐतिहासिक महत्व रहेका स्थान र प्रकृतिको व्यवस्थित अध्ययन गर्न नसकिनु, साँस्कृतिक सम्पदा एवं जैविक विविधताको संरक्षण, अभिलेखन र पर्यटक गाईडहरूलाई अनुशिक्षण गर्न नसकिनु, सघन जैविक खेती र प्राङ्गारिक खेती प्रणालीको व्यावसायिक विकास गर्दै स्थानीय ज्ञान, सीप र अनुभवलाई प्रचारप्रसार गर्न नसक्नु, पर्यटन व्यवसायमा संलग्न होटल, लज, गेष्टहाउस, रेष्टुरेण्ट र होमस्टेलाई वातावरणमैत्री रुपमा सञ्चालन गर्न प्रोत्साहन गर्न नसकिनु, गन्तव्य बिन्दुहरू, पैदलमार्ग, होमस्टेलाई कृषि संस्कृतिसँग जोड्ने, वन र जलाधार क्षेत्रमा रहेका जैविक विविधतालाई संरचनागत रुपमा संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गर्न नसकिनु, पर्यटकीय गन्तव्यहरुको उचित विकास गर्न नसकिनु, पर्यटकीय उपजहरुको प्रचारप्रसार गर्न नसक्नु, गाउँपालिकाको पर्यटन गुरु योजना निर्माण नहुनु, ठूलो लागतका कारण महत्वाकाँक्षी योजना घुमाउने तालको निर्माण कार्य सुस्त हुनु यहाँका प्रमुख समस्या हुन् ।

### ३.३.३ चुनौती तथा अवसर

मुलुकको आर्थिक तथा राजनीतिक परिस्थिति र कोभिड जस्तो महामारीको चपेटाले नेपालकै समग्र पर्यटन क्षेत्रमा ठूलै असर पार्यो र घरिङ गाउँपालिका पनि अछुतो रहन सकेन। साथसाथै विश्वव्यापी रुपमा देखा परेको आर्थिक मन्दीले पनि आर्थिक गतिविधिमा सिथिलता ल्यायो। यनै परिवेशका बिच घरिङ गाउपालिकामा पर्यटन क्षेत्रको विकासमा पर्यटकीय पूर्वाधारको गुणस्तरीय विकास गर्नु, परम्परागत खेतीमा लागेका नागरिकलाई पर्यटन व्यवसायमा आकर्षित गर्नु, लोप हुन लागेका परम्परा संस्कृतिहरुको संरक्षण गर्नु, पर्यटनलाई कृषिसंग जोड्नु कम चुनौतिपूर्ण छैन। यी चुनौतिहरुका बावजुद पर्यटकीय शहर पोखरा नजिक हुनु, कालीगण्डकी करिडोरले भरतपुर र बुटवल शहरसम्म सहज पहुँच हुनु, भारतीय पर्यटकहरुको आगमन उल्लेख्य रुपमा बृद्धि हुनु, नेपालहरुमा यात्रा र अवलोकन गर्ने बानीको विकास हुँदै जानुले घिरिङ गाउँपालिकामा पर्यटन क्षेत्रको विकास गर्न सकिने अवसर देखिएको छ।

### ३.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

यस गाउँपालिकाको दोस्रो आवधिक योजनाले पर्यटन क्षेत्रलाई समृद्धिको संवाहकको रुपमा स्वीकार गरी पर्यटन क्षेत्रको विकास गर्न ***"घिरिङ समृद्धिको आधार, पर्यटनको दिगो विकास"*** भन्ने दीर्घकालिन सोच तय गरेको छ।

**लक्ष्य**

दिगो पर्यटनको विकासबाट उत्पादन र रोजगारीमा बृद्धि गरी घिरिङ गाउँपालिकाको समृद्धि सुनिश्चत गर्ने

**उद्देश्य**

१ पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बीच सघन सहकार्य स्थापित गर्नु,
२ पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन गर्नु,
३ पर्यटन मार्फत जनताको आय र रोजगारीमा उल्लेखनीय बृद्धि गर्नु।

### ३.३.५ रणनीति

१ पर्यटन व्यवसायीलाई स्थानीय उत्पादकसँग सघन सहकार्य गरी Backward र Forward सम्बन्ध सुदृढ गर्न प्रोत्साहन गर्ने,
२ पर्यटनको विकास र प्रवर्द्धनका लागि नीति निर्माण तथा संस्थागत व्यवस्था गर्ने,
३ पर्यटन क्षेत्रका लगानीकर्ता लाई लगानीमैत्री वातावरण सिर्जना गर्ने,
४ आकर्षक पर्यटकीय गन्तव्यहरुमा पूर्वाधारको स्तरोन्नति गरी बाह्रै महिना पर्यटक जान सक्ने बनाउने,
५ पर्यटकीय वस्तु तथा उपजहरुको प्रबर्द्धन तथा प्रचार प्रसार गर्ने,
६ पर्यटकको बसाई अवधि लम्ब्याउने र खर्च बढाउने वातावरण निर्माण गर्ने,
७ ग्रामिण पर्यटनको विविधिकरण गर्ने।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

पर्यटन क्षेत्रको लागि आवधिक योजना र प्रस्तावित कार्यक्रमहरुको उद्देश्यका आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहाय अनुसार प्रस्तुत गरिएकोछः

**तालिका ३.७ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य**

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आन्तरिक पर्यटन आगमन | संख्या | | | २५००० | ३५००० | ५०००० |
| २ | खाद्य सामग्री आफै उत्पादन गर्ने होटल | संख्या | | | २५ | ५० | १०० |
| ३ | पर्यटन गुरु योजना कार्यान्वयन | संख्या | | | १ | ० | ० |
| ३ | पदमार्गको लम्बाई | कि.मी. | | | २ | ५ | ७ |
| ४ | घुमाउने ताल निर्माण | संख्या | | | १ | क्रमागत | क्रमागत |
| ५ | शालिग्राम संग्रहालय निर्माण | संख्या | | | ० | १ | क्रमागत |
| ६ | घिरिङकोट सङ्ग्रहालय निर्माण | संख्या | | | ० | १ | ० |
| ७ | गड्यौलीटार कुमाल सङ्ग्रहालय निर्माण | संख्या | | | ० | ० | १ |
| ८ | पर्यटन आचार संहिता निर्माण | संख्या | | | १ | ० | ० |
| ९ | पर्यटक कोसेली घर स्थापना | संख्या | | | ० | १ | १ |
| १० | मगर, कुमाल, दरै, नेवार समुदायको होम स्टे सञ्चालन | संख्या | | | १ | १ | ० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा पर्यटन विकास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

**तालिका ३.८ पर्यटन विकास उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ५४५० | १७७० | ३६८० | ० | ० | ४९५९ | ४९१ | ० |
| २०८३/८४ | ५८३० | ७५० | ५०८० | ० | ० | ५२४७ | ५८३ | ० |
| २०८४/८५ | ६३८० | ८०० | ५५८० | ० | ० | ५७४२ | ६३८ | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पर्यटन विकास उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ३.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | कृषि पर्यटन प्रबर्द्धन कार्यक्रम | पर्यटन क्षेत्र र स्थानीय कृषि उत्पादन बीच सघन सहकार्य स्थापित गर्नु | सालवसाली | ३५० | होटल रेस्टुरेन्टमा खपत हुने खाद्यान्न तथा तरकारीमा स्थानीय उत्पादनको हिस्सा बृद्धि भएको हुने |
| २ | पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास कार्यक्रम | पर्यटन पूर्वाधार र पर्यटकीय उपजको विकास र प्रबर्द्धन गर्नु | सालवसाली | १६२१० | घुमाउने तालको निर्माण सम्पन्नोन्मुख हुने |
| ३ | पर्यटन स्वरोजगार प्रबर्द्धन कार्यक्रम | पर्यटन मार्फत जनताको आय र रोजगारीमा उल्लेखनीय बृद्धि गर्नु | सालवसाली | ११०० | ४ वटा सामुदायिक होम स्टेहरु नियमित रुपमा सञ्चालन भएको हुने |
| | **जम्मा** | | | **१७६६०** | |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

घिरिङ गाउँपालिकाको सबै भाग ग्रामिण क्षेत्र नै भएकोले यस गाउंपालिकाका धैरै जसो पर्यटकीय केन्द्रसम्म जोड्ने पक्की एवं सुरक्षित सडक एवं नियमित यातायातको अभावका कारण पर्यटकीय पूर्वाधार निर्माण कार्य खर्चिलो हुने भएकोले अपेक्षित मात्रामा पर्यटकीय पूर्वाधारहरुको विकास गर्न नसकिने जोखिम रहेको छ । पर्यटन क्षेत्रको पूर्वाधर निर्माणमा संघीय र प्रदेश सरकारको लगानीको पनि अपेक्षा गरिएकोले संघ र प्रदेश सरकारबाट लगानी नहुन सक्ने जोखिम पनि त्यतिकै छ । साथै आतिथ्य सेवा, आवास सुविधा तथा खानाको उपयुक्त मापदण्डको अभावका कारण गुणस्तरीय पर्यटन प्रबर्द्धनमा जोखिम रहेको छ ।

## ३.४ उद्योग बाणिज्य तथा आपूर्ति

### ३.४.१ पृष्ठभूमि

घिरिङ गाउँपालिको अधिकांश भूभाग पहाडी भिरालो धरातल भएकोले यहां साना साना बजार केन्द्र बाहेक शहरी बस्ती छैन । रणनीतिक तथा प्रादेशिक सडक तथा पालिकाको मुख्य सडक किनारमा केहि बजार केन्द्रहरु रहेका छन् । मानपुर, साभुङ देउराली, पुट्टार, सुन्धारा, बैडी, अत्रौली, ढाकरदी यहांका मुख्य बजार केन्द्रहरु हुन् । भिमाद, रामपुर जस्ता केही ठूला बजार केन्द्रहरु नजिक रहेको र पोखरा, भरतपुर, कावासोती, बुटवल जस्ता शहरहरु नजिकै भएको कारण ती शहरसंग सहज सडक सञ्जालले जोडिएकोले यहां थोक भन्दा खुद्रा व्यापर तथा साना साना होटल रेष्टुरेण्टहरु सञ्चालनमा छन् । उद्योगको हकमा केही साना साना कुटानी पिसानी मिलहरु, कृषि तथा पशुपंछीपालन फर्महरुमात्र

सञ्चालनमा छन् । अधिकांश घरपरिवार कृषि तथा पशुपंछीपालन कार्यमा संलग्न भएको भएपनि परम्परागत र निर्वाहमुखी रुपमा यस पेशामा संलग्न छन् । व्यावसायिक रुपमा यो पेशामा लाग्नेहरु नगण्य मात्रामा छन् ।

अर्थतन्त्र मजबुत हुन व्यापार भन्दा बढी उद्योग क्षेत्रको विकास आवश्यक छ । यहाँ स्थानीयस्तरमा उपलब्ध हुने कृषिपशुपंछीजन्य तथा अन्य कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालन गर्न सकिने प्रबल सम्भावना छ । खासगरी कृषि तथा पशुपंछीजन्य पदार्थको प्रशोधन उद्योगहरु स्थापना गर्न सकिएमा कृषि तथा पशुपंछीवन्य स्थानीय उत्पादनको बजार उपलब्ध भई उत्पादनमा प्रोत्साहन पुग्न सक्ने देखिन्छ । उद्योग स्थापना भन्दा व्यापार व्यवसायको स्थापना सहज हुन्छ । उद्योग स्थापनाका लागि लगानीकर्ताहरुलाई आर्षित गर्न गाउँपालिकाले लगानीमैत्री वातावरण सृजना गर्नुपर्ने हुन्छ ।।

### ३.४.२ प्रमुख समस्या

खुल्ला बजारको राप र तापमा पिल्सिएको हाम्रो समाजमा स्वरोजगार, व्यावसाय प्रवर्द्धन गर्न दुरुह र कठिन मेहनतको आवश्यकता पर्दछ । समग्र रुपमा उपभोगको संस्कृति मौलाई रहेको अवस्थामा गरिबीको खाडल गहिरिएर गएको अवस्था छ । अहिले देशको अर्थतन्त्रको करिब २३ प्रतिशत हिस्सा रेमिटेन्सले ओगटेको छ भने कुल ग्राहस्थमा चौथो स्थानमा रहि राष्ट्रिय अर्थतन्त्रमा सहयोग गरिरहेको भए पनि औद्योगिक क्षेत्रको योगदान खुम्चिदै गएको अवस्था छ । विकासको अवधारणा अनुसार कृषि तथा पशुपालन क्षेत्रलाई प्रथम स्तम्भ, उद्योग क्षेत्रलाई दोस्रो स्तम्भ र सेवा क्षेत्रलाई तेस्रो स्तम्भका रुपमा विकास गर्नुपर्ने कुरामा विज्ञहरूले जोड दिएको पाइन्छ । अधिकांश स्थानीय तहमा सञ्चालन हुने विकासका परियोजनाहरूले सामाजिक विकासको क्षेत्र तथा भौतिक पूर्वाधार क्षेत्रहरूमा मात्र प्राथमिकतामा राख्ने गरको हुदा लगानी र लगानीको वातावरणलाई नै प्रमुख समस्याको रुपमा लिइएको छ । सामाजिक विकास तथा भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक लघु उद्यम विकास र साना व्यावसायको माध्यमबाट रोजगारी अभिवृद्धि गर्न पेशागत सीप र ज्ञानको विविधिकरण गर्न नसक्नुलाई अर्को समस्याको रुपमा लिइएको छ । औद्यौगिक उत्पादनलाई वजार श्रृंखला तयार गर्न नसक्नु तेस्रो समस्याको रुपमा लिइएको छ । अधिकाँश युवा जनशक्तिमा उद्यमशीलताको अभाव पनि समस्याको रुपमा रहेको छ । परम्परागत र निर्वाहमुखी कृषि पेशामा लागेकाहरुलाई उद्यम व्यवसायमा आकर्षित गर्न नसक्नु र वित्तीय साक्षरता कमजोर हुनु पनि समस्याकै रुपमा रहेको छ ।

### ३.४.३ चुनौती तथा अवसर

राष्ट्रिय लक्ष्य अनुसार सरकारको कुलग्राहस्थ उत्पादनमा लघु, साना र मझौला उद्योगहरूको योगदान बढाउने र वेरोजगारी दर घटाउने कुरालाई सूचकको रुपमा लिएको छ । तर खुल्ला र प्रतिस्पर्धात्मक अर्थव्यवस्थाले राष्ट्रिय अर्थराजनीतिमा प्रभाव पारिरहेको अवस्थामा स्थानीय माग र उत्पादनको आधारमा व्यावसायिक विकास गरी आपूर्ति सन्तुलन गर्न निक्कै चुनौतीपुर्ण मानिएको छ ।

वास्तवमा घिरिङ गाउँपालिका भित्र व्यक्तिगत तहबाट गरिरहेका आयआर्जनको प्रयासलाई स्थानीय सरकारको तर्फबाट सहयोग, साझेदारी र सहजिकरण गर्न खोजिएको छ । लघुउद्यमको विकासबाट कृषि, बागवानी, पशुपन्छी र मौरीपालनका

उत्पादनमा मुल्य थप गर्नको लागि सहयोग गर्नुको अलावा पर्यटन क्षेत्रको लागि आवश्यक वस्तु तथा सेवा आपूर्ति गर्न सहयोग मिल्ने छ । व्यावसायिक प्रवर्द्धनले मानिसहरूको उत्पादन गर्ने क्षमता अभिवृद्धि हुने र स्वरोजगार सिर्जना गर्न सहयोग गर्नेछ। ठूला शहरसँग सहज सडक सञ्जालबाट जोडिनु र शहरमा अर्गानिक खाद्यवस्तुको उपभोक बढ्दै जानुले स्थानीय स्रोत साधनमा आधरित उद्योग सञ्चालन गर्न बजारको उपलब्धता सहज हुन सक्ने देखिन्छ।

### ३.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

यस गाउँपालिकाको दोस्रो आवधिक योजनाले उद्योग क्षेत्रको विकास गरी आर्थिक समृद्धि हासिल गर्न उन्मुख हुने गरी ***"स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको विस्तार, घिरिङको आर्थिक बृद्धिको आधार"*** दीर्घकालिन सोच तय गरेको छ।

**लक्ष्य**

स्थानीय स्रोत तथा कच्चा पदार्थमा आधारित उद्योग, बाणिज्यको प्रबर्द्धन गरी जनताको आयस्तरमा बृद्धि गर्ने

**उद्देश्य**

१ स्थानीय स्रोत कच्चा पदार्थ सीप र साधनमा आधारित उद्योगहरुको प्रबर्द्धन गर्नु,
२ उद्योग क्षेत्रमा लगानी बृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्नु,
३ गुणस्तरीय वस्तु/सेवा सहज सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्नु।

### ३.४.५ रणनीति

१ स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित थोरै पूंजीबाट छिटो प्रतिफल प्राप्त हुने लघु, घरेलु तथा साना उद्योग स्थापना र प्रबर्द्धन गर्दै आय तथा रोजगारीका अवसर सिर्जना गर्ने,
२ औद्योगिक पूर्वाधार तयार गरी उद्योग क्षेत्रमा लगानी प्रोत्साहन गर्ने,
३ उपभोक्ताको हकहित तथा अधिकार संरक्षण गर्ने,
४ आपूर्ति व्यवस्थापनलाई सहज बनाउन सहज उत्पादन हुने वस्तु/सेवाको गाउँपालिका भित्रै उत्पादन गर्न प्रोत्साहन गर्ने।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र प्रस्तावित कार्यक्रमहरुको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका ३.१० आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य*

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | उद्योग व्यवसाय दर्ता | संख्या | | ५० | १०० | २०० | ३०० |
| २ | लघु, घरेलु तथा साना उद्योग | संख्या | | | २५ | ५० | ७५ |
| ३ | MEDPA कार्यक्रमबाट सिर्जना भएका उद्यमी | संख्या | | | ४० | ४० | ४० |
| ३ | उद्योगमैत्री कानूनको निर्माण | संख्या | | | १ | ० | ० |
| ४ | उद्योग व्यवसाय दर्ता प्रक्रियामा सूचना प्रविधिको प्रयोग | संख्या | | | १ | ० | ० |
| ५ | बाणिज्य क्षेत्रको आम्दानीमा बृद्धि | प्रतिशत | | | २५ | ३५ | ५० |
| ६ | उपभोक्ता सहकारीद्वारा सञ्चालन भएको सुपथ मूल्य पसल | संख्या | | | ० | १ | ० |

## ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा उद्योग तथा बाणिज्य उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

*तालिका ३.११ पर्यटन विकास उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ५७७५ | ३४७५ | २३०० | ० | ० | ५७७५ | ० | ० |
| २०८३/८४ | ५२७५ | २९७५ | २३०० | ० | ० | ५२७५ | ० | ० |
| २०८४/८५ | ५४२५ | ३१२५ | २३०० | ० | ० | ५४२५ | ० | ० |

## ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पर्यटन विकास उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

*तालिका ३.१२ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन कार्यक्रम र MEDPA कार्यक्रम | स्थानीय स्रोत कच्चा पदार्थ सीप र साधनमा आधारित उद्योगहरुको प्रबर्द्धन गर्नु, | सालवसाली | १३५५० | लघु, घरेलु तथा साना उद्योगको संख्या ७५ पुगेको हुने |
| २ | उद्योगमैत्री वातावरण सिर्जना कार्यक्रम | उद्योग क्षेत्रमा लगानी बृद्धि गरी रोजगारीको अवसर सिर्जना गर्नु, | सालवसाली | २६०० | उद्योग क्षेत्रमा लगानी दोब्बर भएको हुने |
| ३ | उद्योग व्यापार तथा व्यवसाय विकास र नियमन कार्यक्रम | गुणस्तरीय वस्तु/सेवा सहज सुलभ र नियमित आपूर्तिको व्यवस्था गर्न सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रोत्साहित गर्नु | सालवसाली | ३२५ | बजार अनुसासित र मूल्य नियन्त्रित भएको हुने |
| | **जम्मा** | | | **१६४७५** | |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

संघ तथा प्रदेश सरकारको सहकार्यमा उद्योग व्यापार तथा व्यवसाय क्षेत्रमा उचित प्रोत्साहन सहित प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालनमा युवा उद्यमी र लगानी आकर्षित भई उद्योग तथा व्यवसायको विस्तारको गति सुदृढ हुने अनुमान छ । स्थानीयस्तरमा औद्योगिक विकासका लागि आवश्यक योजना र सहज वातावरण तयार हुन नसक्दा चुनौति कायमै छ । उद्योग प्रशासनमा दोहोरोपना र झन्झटिलो प्रक्रियाका कारण दर्ता प्रक्रिया निरुत्साहित हुने अवस्था छ ।

## ३.५ वित्तीय संस्था र सहकारी

### ३.५.१ पृष्ठभूमि

संविधानले देशको अर्थतन्त्रका तीन खम्वाको रुपमा निजी, सहकारी र सार्वजनिक क्षेत्रलाई मानेको छ । बाणिज्य बैंक तथा विकास बैंक, लघुवित्त संस्था, वचत तथा ऋण सहकारीहरूको परिचालन देशको अर्थतन्त्रलाई चलायमान बनाउन र लगानीको वातावरण तयार गर्नका लागि चाहिने वित्तको प्रमुख स्रोतको रुपमा लिइन्छ । वित्तीय परिचालनको माध्यमका रुपमा निजीक्षेत्रको योगदानलाई विश्वका धेरैजसो देशले स्वीकार गरेका छन् । देश भित्र निजी क्षेत्रको सबल रुपमा विकास नभएसम्म वा वातावरण तयार नभएमा सहकारीलाई अर्को भरपर्दो वित्तीय परिचालनको माध्यम मानिएको छ ।

घिरिङ गाउंपालिका ग्रामिण क्षेत्र भएकोले यहां बैंकिङ् क्षेत्रको लगानी विस्तार हुन सहज छैन । यहां एउटा मात्र बाणिज्य बैंक रहेको छ भने ४ वटा लघु वित्तहरु क्रियाशील छन् भने यस गाउंपालिकामा दर्ता भै सञ्चालनमा रहेका सहकारी संस्थाहरुको संख्य ७ रहेको छ । यहां ठूला लगानीकर्ताहरु ज्यादै न्यून रहेकोले सहकारी संस्था यहांको लागि उपयुक्त वित्तीय संस्था हुन सक्छ । यसले साना लगानीकर्ताहरुको वित्तीय समस्या समाधान गर्न सक्छ । सरकारले सहकारीलाई अर्थतन्त्रको तेस्रो खम्वाको रुपमा स्वीकार गरेको सन्दर्भमा सहकारीको सिद्धान्त मूल्य र मान्यता वमोजिम परिचालन गर्न सकिएमा उत्पादन क्षेत्रका साना लगानीकर्ताहरुलाई पूंजी व्यवस्थापन गर्न सहज हुने देखिन्छ । यहाँका सहकारी

संस्थाहरुले स्थानीयस्तरमा बचत र ऋण सुविधा प्रदान गरी उद्यमशीलता बढाउन मद्दत गरीरहेको छ । यदि सहकारी संस्था लगायतका वित्तीय संस्थाहरुको सुदृढीकरण र पूंजी पहुंचलाई अझ व्यापक गर्न सकिएमा स्थानीय व्यवसाय, कृषि तथा अन्य उद्यमहरुलाई थप प्रबर्द्धन गर्न सकिनेछ । सहकारीको सिद्धान्त मूल्य र मान्यता वमोजिम परिचालन गर्न सकिएमा उत्पादन क्षेत्रका साना लगानीकर्ताहरुलाई पूंजी व्यवस्थापन गर्न सहज हुने देखिन्छ ।

### ३.५.२ प्रमुख समस्या

सहकारी संस्थाहरूले सहकारीको नीति, सिद्धान्त र मान्यता अनुसार कार्यक्रम सञ्चालन गर्न र व्यवस्थापन गर्न कठिन भइराखेको अवस्था छ । लघु, घरेलु तथा सीमान्तकृत समुदायमा सर्वसुलभ वित्तीय सेवामा न्यून पहुँच रहेको छ । वित्तीय सक्षरताको कमी, आवश्यक प्रमाण र प्रक्रिया पुऱ्याउन नसक्नु, झन्झटिलो कागजी प्रक्रियाका कारण बैंक तथा सहकारी संस्था मार्फत भन्दा अनौपचारिक क्षेत्रबाट कारोबार हुने गरेको अवस्था छ । सहकारी संस्थाहरुसँग भएको पूँजी अनुत्पादक क्षेत्रमा पनि परिचालन हुनु, सहकारी संस्थाहरुको प्रभावकारी अनुगमन हुन नसक्नु, सहकारी संस्थाहरुको क्षमता विकासमा उचित ध्यान दिन नसक्नु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ३.५.३ चुनौती तथा अवसर

सरकारले दिगो आर्थिक वृद्धि र उत्पादनशील रोजगारी र मर्यादित कामका लागि तोकिएका दुईवटा सूचकहरूले क्रमशः वित्तीय सेवामा सबैको पहुँच र हरेक ३० मिनेटको पैदल यात्रामा सहकारी सेवाको सुविधालाई सुनिश्तिता गर्ने कुरा उल्लेख गरेको छ । परिमाणका दृष्टिकोणले सहकारीको क्षेत्रीय वितरण उल्लेख्य देखिएपनि सहकारीको मर्म सिद्धान्तको पालनामा प्राय सबै जसो सहकारी संस्थाहरु विचलित नै देखिन्छ । उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि उत्पादनशील एवं व्यवसायिक क्षेत्रमा सहकारीको योगदान अभिबृद्धि गर्नु, सहकारी संस्थाहरुमा सीमान्तकृत, बञ्चितीकरणमा परेका वर्ग तथा समुदायलाई समेटी समावेशी बनाउनु, सहकारी संस्थाहरुमा संस्थागत एवं वित्तीय अनुशासन बढाउनु, सहकारी संस्था सञ्चालन एवं व्यवस्थापन क्षमता र दक्षता अभिबृद्धि गर्नु कम चुनौतिपूर्ण छैन ।

सहकारी संस्थाहरुको विस्तार हुँदै जानु, सहकारीमा देखिएका समस्याका सन्दर्भमा संघीय तथा प्रदेश सरकारको समेत चासो बढ्दै जानु, सहकारी क्षेत्रको पूँजीलाई उत्पादनको क्षेत्रमा आकर्षित गर्न तीनै तहका सरकार प्रतिबद्ध रहँदै नीति तथा कानूनहरु बन्नु सहकारी क्षेत्रका अवसरहरु हुन् ।

### ३.५.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

यस गाउँपालिकाको दोस्रो आवधिक योजनाले सहकारी क्षेत्रको विकासका लागि "***सहकारीको परिचालनबाट समृद्धिमा टेवा पुऱ्याउने***" भन्ने दीर्घकालिन सोच तय गरेको छ ।

**लक्ष्य**

स्थानीय श्रम, सीप, पूंजी, प्रविधि, ज्ञान र बजारको अधिकतम परिचालन गरी उत्पादन र उत्पादकत्वमा गुणस्तरीय बृद्धि गर्दै नागरिकहरुको आयस्तरमा सुधार ल्याउने

### उद्देश्य

१ सहकारी क्षेत्रमा सुशासन कायम गर्नु,

२ सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु,

३ स्वरोजगार एवं रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु ।

### ३.५.५ रणनीति

१ नीति, कानून र संस्थागत संरचनाको व्यवस्था गर्ने,

२ लगानीको संभाव्य क्षेत्र पहिचान गर्ने,

३ उत्पादन क्षेत्रमा लगानी अभिबृद्धि गर्ने,

४ आर्थिक/सामाजिक रुपमा पछिपरेका व्यक्ति तथा समुदायको सहकारीमा पहुँच बृद्धि गर्ने,

५ व्यवसायी युवा तथा लक्षित वर्गले सञ्चालन गर्ने सहकारी र व्यवसायको उत्थान तथा प्रबर्द्धनमा सहयोग गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र प्रस्तावित कार्यक्रमहरुको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार वित्तीय संस्था तथा सहकारी उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ३.१३ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | हैसियत विग्रेको सहकारी | संख्या | | | ० | ० | ० |
| २ | COPOMIS प्रयोग गर्ने सहकारी | संख्या | | | ७ | निरन्तर | निरन्तर |
| ३ | उत्पादन क्षेत्रमा सहकारीको लगानी बृद्धि | प्रतिशत | | | २५ | ३५ | ५० |
| ४ | विशेष प्रोत्साहन प्राप्त उत्पादनमूलक सहकारी | संख्या | | | २ | २ | ३ |
| ५ | महिला तथा सीमान्तकृत समुदाय लक्ष्यित सहकारी संस्था | संख्या | | | ३ | ० | ० |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा वित्तीय संस्था र सहकारी उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

### तालिका ३.१४ वित्तीय संस्था र सहकारी उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ५०० | ५०० | ० | ० | ५०० | ० | ० | ० |
| २०८३/८४ | ५७५ | ५७५ | ० | ० | ५७५ | ० | ० | ० |
| २०८४/८५ | ४५० | ४५० | ० | ० | ४५० | ० | ० | ० |

## ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको पर्यटन विकास उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

### तालिका ३.१५ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी नियमन कार्यक्रम | सहकारी क्षेत्रमा सुशासन कायम गर्नु, | सालवसाली | ३५० | सहकारीमा सुशासन कायम भई हैसियत विग्रेको सहकारी शुन्य हुने |
| २ | उत्पादन क्षेत्रमा सहकारी लगानी प्रबर्द्धन कार्यक्रम | सहकारीको स्रोत पहिचान गरी उत्पादनको क्षेत्रमा लगानी गर्नु | सालवसाली | ५७५ | उत्पादन क्षेत्रमा सहकारीको लगानी ५० प्रतिशतले बृद्धि भएको हुने |
| ३ | सहकारीमा लक्षित समुदायको पहुँच बृद्धि कार्यक्रम | स्वरोजगार एवं रोजगार सिर्जना गरी गरिबी न्यूनीकरण गर्नु | सालवसाली | ६०० | महिला तथा सीमान्तकृत समुदाय लक्षित सहकारी संस्था ३ वटा पुगेको हुने |
| | **जम्मा** | | | **१५२५** | |

## ३.५.९ जोखिम पक्ष तथा अनुमान

सहकारी सम्बन्धी कानून निर्माण तथा परिमार्जन एवं प्रभावकारी कार्यान्वयन तथा सहकारी सम्बन्धी सूचना प्रविधि आधारित प्रणाली (COPOMIS) सबै सहकारीले प्रयोग गरी सहकारी संस्थाहरुमा सुशासन कायम हुनेछ । सहकारी संस्थाहरुले उत्पादन क्षेत्रमा लगानी बृद्धि गर्नेछन् र वित्तीय साक्षरताको माध्यमबाट लक्षित वर्गको सहकारीमा पहुँच बृद्धि भई रोजगारी सिर्जना भइ गरिबी न्यूनीकरणमा सहयोग पुग्नेछ भन्ने अनुमान गरिएको छ । सहकारी संस्थाहरुलाई गाउंपालिकाको नियमनको दायरामा ल्याउनु, सहकारी सम्बन्धी कानूनहरु कार्यान्वयनमा ल्याई सुशासन कायम गर्नु, सीमान्तकृत एवं बञ्चितीकरणमा परेका वर्गसम्म सहकारीको पहुँच स्थापित गर्नु चुनौतिपूर्ण छ ।

## ३.६ भूमि व्यवस्था

### ३.६.१ पृष्ठभूमि

संविधानले व्यवस्था गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको हक र भूमिहीनहरुको हक कार्यान्वयन गर्न तथा दिगो विकासले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको संरक्षण र यसबाट प्राप्त हुने लाभलाई न्यायोचित रुपमा वितरण तथा प्रभावकारी व्यवस्थापन गर्न आवश्यक छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण एवं भू-उपयोग योजना तयार गरी कृषक वर्गको भूमिमा पहुँच बढाई यस क्षेत्रमा लगानी अभिबृद्धि गर्दै जानुपर्ने हुन्छ। खाद्य सम्प्रभुता अधिकार सुनिश्चित गर्न जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने हुन्छ । भूमिहीनहरुको पहिचान गरी बसोबासको समुचित व्यवस्थापन तथा जीविकोपार्जनको प्रबन्ध गर्दै सामाजिक न्याय र समृद्धिका लागि भूमिको वैज्ञानिक व्यवस्थापन गर्ने र अव्यवस्थित बसोबासीको उचित व्यवस्थापन गरी भूमि सम्बन्धी सबै समस्याको समाधान गर्न जरुरी छ। साथै आधुनिक प्रविधिको प्रयोग मार्फत नापनक्सामा शुद्धता कायम गरी जग्गा प्रशासनलाई व्यवस्थित गर्न आवश्यक छ।

जमिनको प्रकृति अनुसार उपयोग गर्न सकिएमा अधिकतम लाभ लिन सकिन्छ । हाल भूउपयोग ऐन, २०७६ लागु भैसकेको छ र सोही वमोजिम गाउंपालिकाको जग्गा वर्गीकरण गर्ने कार्य पनि सम्पन्न भैसकेको छ। सोही वर्गीकरण अनुसार भूउपयोगको व्यवस्था कडाईका साथ कार्यान्वयन गरिनेछ। कृषि भूमिको उत्पादकत्व बढाई उच्चतम उपयोग गरी गाउंपालिकाको समृद्धि हासिल गर्ने तर्फ विशेष ध्यन दिइनु जरुरी छ । अन्यत्र जस्तै यहांपनि भूमिहिन तथा अव्यवस्थित बसोबासी रहेकोले भूमि आयोगको सक्रियता बढाई यथाशिघ्र दलित भूमिहिन तथा भूमिहिनलाई कानून वमोजिम जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्नुपर्ने अवस्था छ । गाउंपालकाले प्राथमिकतापूर्वक उक्त कार्य सम्पन्न गर्नुपर्ने छ।

### ३.६.२ प्रमुख समस्या

संविधानतः भूमि व्यवस्थापन सम्बन्धि अधिकार स्थानीय तहलाई प्रदान गरेको भएपनि हालसम्म पनि संघीय सरकार अन्तरगत मालपोत कार्यालयबाट भूमि प्रशासन कार्य सञ्चालन भैरहेको छ। सम्पत्ति कर र भूमिकर (मालपोत) मात्र स्थानीय तहबाट सञ्चालन भैरहेको छ। भूमि प्रशासनमा दोहोरो अवस्थाले गर्दा भूउपयोग व्यवस्थित हुन सकेको छैन। यही नै प्रमुख समस्याका रुपमा रहेको छ। नागरिकहरुमा जग्गा वर्गीकरण र उपयोग सम्बन्धी ज्ञानको कमी, भृषि भूमिको गैरकृषि कार्यमा प्रयोग हुनु, भूमि सम्बन्धि समस्या समाधान आयोगको कार्य शुस्त हुनु र भूमिका आयोगका पदाधिकारी परिवर्तन भै रहनु, अव्यवस्थित बसोबास र सार्वजनिक जग्गा अतिक्रमण बढ्दै जानु अन्य समस्याको रुपमा रहेको छ।

### ३.६.३ चुनौतीहरू

भूमिको वर्गीकरणको प्रयोजन अनुसार जमिनको उपयोग गर्नु, भूमिमा सबैको पहुँच स्थापित गर्नु, भूमिहीनहरुलाई जग्गा उपलब्ध गराउनु, सुरक्षित बस्ती विकास गर्नु, भौतिक पूर्वाधार विकासका लागि भूमिको उपयोग गर्नु, बाँझो तथा उपयोगमा नभएको जमिन प्रयोगमा ल्याउनु, सार्वजनिक संरक्षण गर्नु चुनौतिको रुपमा रहेको छ।

### ३.६.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

यस गाउँपालिकाको दोस्रो योजनाले भूमि व्यवस्थापनलाई व्यवस्थित गर्न ***"सामाजिक न्यायमा आधारित भूमिको वैज्ञानिक व्यवस्थापनबाट भूमिको उत्पादकत्व बृद्धि गरी समृद्धि हासिल गर्ने"*** भन्ने दीर्घकालिन सोच तय गरेको छ।

**लक्ष्य**

भूमि र भू-उपयोग प्रणालीलाई व्यवस्थित गरी समृद्धिको संबाहकको रुपमा विकास गर्ने

**उद्देश्य**

१ वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमिस्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु,

२ विकास निर्माणका लागि आवश्यक नाप, नक्शा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु,

३ भूमिहीन तथा अव्यवस्थित बसोबास सम्बन्धी समस्या समाधान गर्नु।

### ३.६.५ रणनीतिहरू

१ गाउँपालिकाको भू-उपयोग सम्बन्धी नीति, मापदण्ड र योजना निर्माण गर्ने

२ भूउपयोग सूचना प्रणालीको विकास गर्ने

३ भूमिहीन तथा भूमिहीन दलितहरुलाई जग्गा उपलब्ध गराउने

४ अव्यवस्थित बसोबासीलाई भूस्वामित्व स्थापित गराउने

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र प्रस्तावित कार्यक्रमहरुको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार यस उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ३.१६ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | भूमिहीन जनसंख्या | प्रतिशत | | | १ | ०.५ | ० |
| २ | भूमिको बर्गीकरण | | | | सम्पन्न | | |
| ३ | सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण | प्रतिशत | | | २० | १५ | १० |
| ४ | जग्गा सम्बन्धि नक्शा तथा भौगोलिक सूचना उपलब्धता | | | | प्रक्रियामा | प्रक्रियामा | उपलब्ध हुने |
| ५ | जग्गा प्राप्त गरेका भूमिहीन | प्रतिशत | | | प्रक्रियामा | २५ | ५० |

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ६ | जग्गा प्राप्त गरेका अव्यवस्थित बसोबासी | प्रतिशत | | | प्रक्रियामा | प्रक्रियामा | २५ |

## ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा भूमि व्यवस्था उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ३.१७ भूमि व्यवस्था उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ५९० | ५९० | ० | ० | ५९० | ० | ० | ० |
| २०८३/८४ | ४४० | ४४० | ० | ० | ४४० | ० | ० | ० |
| २०८४/८५ | ४४० | ४४० | ० | ० | ४४० | ० | ० | ० |

## ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको भूमि व्यवस्था उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ३.१८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | बैज्ञानिक भू-उपयोग प्रणाली कार्यक्रम | वैज्ञानिक भू-उपयोग प्रणाली लागु गरी भूमिस्रोतको विवेकशील प्रयोगको वातावरण सिर्जना गर्नु | २०८४।८५ सम्ममा सम्पन्न | १५० | भूमिको वैज्ञानिक वर्गीकरण भै सोही वमोजिम उपयोग भएको हुने |
| २ | भूमि सम्बन्धी अभिलेख व्यवस्थापन कार्यक्रम | विकास निर्माणका लागि आवश्यक नाप, नक्शा तथा भौगोलिक सूचना सर्वसुलभ बनाउनु | २०८३/८४ सम्ममा समपन्न | ६० | जग्गा सम्बन्धी नाप नक्शा तथा भौगोलिक सूचना उपलब्ध हुन सक्ने अवस्था हुने |
| ३ | भूमि सम्बन्धी समस्या समाधान कार्यक्रम | भूमिहीन तथा अव्यवस्थित बसोबास सम्बन्धी समस्या समाधान गर्नु | २०८४/८५ सम्ममा सम्पन्न | १२६० | सबै भूमिहीनहरुले जग्गा पाएको हुने |
| | **जम्मा** | | | **१४७०** | |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

संघ, प्रदेश तथा गाउँपालिकाको सहकार्यमा भूमि सम्बन्धि समस्या समाधान गरी भूमिहीनहरुलाई जग्गा उपलब्ध गराउने, अव्यवस्थित जोखिमयुक्त बसोबास (बस्ती) न्यूनिकरण गर्न पहल कदमी गर्ने, अव्यवस्थित बसोबासी समस्या समाधान गर्ने, सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण हटाइ त्यस्ता जग्गाको संरक्षण गर्ने कार्य हुनेछ भन्ने अनुमान गरिएको छ । तर तीन तहको सरकारका बीच समन्वयको अभावमा उल्लेखित कार्यहरु सम्पन्न नहुन सक्ने जोखिम रहेको छ ।

## ३.७ सिंचाइ तथा जलस्रोत

### ३.७.१ पृष्ठभूमि

घिरिङ गाउंपालिकामा पहिले नै अत्रौली पट्टार सिंचाई आयोजना, नयांटार सिंचाई आयोजना जस्ता ठूला सिंचाई आयोजनाहरु सञ्चालनमा आईसकेको छ जसबाट झण्डै ४५० हेक्टर भूमि सिंचित छ । यसका अतिरिक्त अन्य साना सिंचाई प्रणालीहरु पनि सञ्चालनमा छन् । वनटार र तालेखेत कुलोका अतिरिक्त फांट तथा टारी खेतहरुमा साना साना पक्की कच्ची सिंचाई प्रणालीहरुबाट सिंचाई सुविधा उपलब्ध छ । कुल खेतीयोग्य भूमिको २६.१८% जमिनमा सिंचाई सुविधा उपलब्ध छ । ठूला सिंचाई प्रणालीमा हिउंदको समयमा पानीको मात्रा कम भई सिंचाई सुविधामा कठिनाई आउने गरेको छ । ठूला सिंचाई प्रणालीबाट सिंचित हुने कालीगण्डकी किनारका अत्रौली, पुट्टार, नयांटार जस्ता कृषि योग्य ठूला फांटहरुमा सिचांई प्रणालीमा सुधार गरी बाह्रै महिना पानीको उपलब्धता गराउन सकिएमा कृषि क्षेत्रको उत्पादकत्व र उत्पादन दुवै बढाउन सकिने अवस्था छ । यसका अतिरिक्त अन्य खोला किनारका फांट तथा टारी खेतहरुमा सिंचाई प्रणाली स्तरोन्नति गर्न सकिएमा र पानीको स्रोतकम हुने स्थानहरुमा सिंचाईका बैकल्पिक प्रविधिहरुको प्रयोग गर्न सकिएमा सिंचित क्षेत्र विस्तार हुन गई उत्पादन र उत्पादकत्व बढ्न सक्नेछ ।

### ३.७.२ प्रमुख समस्या

सिंचाई सुविधा सहज भएका तल्लो तटीय उर्वर भूमि र फाँटहरु सडक सञ्जाल विस्तारसँगै मासिँदै जानु, कृषि योग्य जमिनमा न्यून सिंचाइ सुविधा हुनु, सिंचाइ विकासमा आधुनिक प्रविधि (थोपा सिंचाइ, प्लाष्टिक पोखरी, लिफ्टिङ) को प्रयोगमा कमी हुनु, प्रयाप्त सिंचाइ कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाइ आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाइ स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाइ आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।

### ३.७.३ चुनौती र अवसर

गाउँपालिकाको अधिकाँश भूभाग पहाडी र जटिल भू–धरातल भएकाले सिंचाइ योजना निर्माण खर्चिलो र कठिन हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिंचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिंचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, धेरै स्रोतहरु सामाजीकरण गर्न नसक्नु, स्थानीय समुदायहरूद्वारा

सञ्चालन भई आएका परम्परागत सिंचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु तथा सिंचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु यहाँका चुनौतीहरू हुन्।

सिंचाइका लागि पर्याप्त स्रोतहरूको उपलब्धता हुनु, ठूला सिंचाई प्रणालीहरुमा संघीय सरकार र प्रदेश सरकारको लगानी हुनु, वैकल्पिक सिचाई प्रणालीहरु आकाशे पानी सङ्कलन र प्लाष्टिक पोखरीको अभ्यास सुरु हुनु, साना सिंचाइ निर्माणका क्षेत्रमा संघसंस्थाहरू क्रियाशील रहनु, साना सिंचाइ गाउँपालिकाको अधिकार क्षेत्रमा पर्नु, गाउँपालिकाको प्राथमिकतामा सिंचाइ क्षेत्र समावेश हुनु तथा सिंचाइका लागि उपयुक्त फाँटहरूको उपलब्धता हुनु अवसरहरू हुन्।

### ३.७.४ सोच, लक्ष्य र उद्देश्य

दोस्रो आवधिक योजनाले सिचाई क्षेत्रको विकासका लागि **"खाद्यान्न उत्पादन र उत्पादकत्व बृद्धिको मूल आधार, दिगो सिंचाई पूर्वाधार"** दीर्घकालिन सोच लिएको छ।

**लक्ष्य**

सिंचाई प्रणाली विकास र कुशल व्यवस्थापन गरी कृषि उत्पादकत्व बृद्धि गर्ने

**उद्देश्य**

१ सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिंचाई पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु,

२ पहाडी क्षेत्रमा सिंचाई सुविधाको विस्तार गर्नु

३ सिंचाई प्रणली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु

### ३.७.५ रणनीति

१ उत्पादन र उत्पादकत्व बृद्धिको सम्भावना रहेका क्षेत्र तथा खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकतामा राखेर सिंचाई प्रणालीको विकास गर्ने

२ पहाडी तथा टारहरुको खेतीयोग्य जमीनहरुमा सिंचाई सुविधाको विस्तार गर्न प्राथमिकता दिने

३ सिंचाई प्रणालीको व्यवस्थापनको लागि संस्थागत संरचना सुदृढीकरण गर्ने

४ सिंचित क्षेत्रको संरक्षण तथा पानीको कुशल प्रयोग दक्षता बृद्धि गर्ने

५ सिंचाई आयोजनाहरुको मुहान संरक्षण गर्ने

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार सिंचाई उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

### तालिका ३.१९ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | खेतीयोग्य जमिन मध्ये सिंचाई सुविधा पुगेको जमिन | प्रतिशत | | | २८ | ३० | ३२ |
| २ | खेतीयोग्य जमिन मध्ये सर्वयाम सिंचाई सुविधा पुगेको जमिन | प्रतिशत | | | २५ | २७ | २९ |
| ३ | मुख्य कृषि कार्यक्रम संचालित क्षेत्रमा सिंचाई सुविधा पुगेको जमिन | प्रतिशत | | | ५० | ६० | ७० |
| ४ | कच्चीकुलो पक्की बनेको सिंचाई कुलो | प्रतिशत | | | २५ | ५० | ७५ |
| ५ | क्षमता अभिबृद्धि तालिम लिएका जल उपभोक्ता समिति | संख्या | | | ३ | ५ | ७ |
| ६ | मर्मत सुधार भएका ठूला सिंचाई प्रणाली | कि.मी. | | | ५ | ५ | ५ |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा सिंचाई उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

### तालिका ३.२० सिंचाई उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १३२५० | ७५० | १२५०० | ० | ० | ११९२५ | १३२५ | ० |
| २०८३/८४ | १२५०० | ० | १२५०० | ० | ० | ११२५० | १२५० | ० |
| २०८४/८५ | १३१०० | ६०० | १२५०० | ० | ० | ११२५० | १८५० | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सिंचाई उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ३.२१ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | मुख्य कृषि क्षेत्रमा सिंचाई तथा परम्परागत सिंचाई प्रणालीमा सुधार कार्यक्रम | सिंचित कृषि क्षेत्रको विस्तार र परम्परागत तथा जीर्ण सिंचाई पूर्वाधारको सुधार तथा पुनर्स्थापना गर्नु | सालबसाली | २१२०० | खेतीयोग्य जमिन मध्ये ३२ प्रतिशत र २९ प्रतिशतमा सर्वयाम सिंचाई सुविधा पुगेको हुने |
| २ | वैकल्पिक सिंचाई कार्यक्रम | पहाडी क्षेत्रमा सिंचाई सुविधाको विस्तार गर्नु | सालबसाली | १२००० | थोपा सिंचाई, वर्षातको पानी संकलन जस्ता वैकल्पिक सिंचाई प्रविधिको उपयोगबाट सिंचाई सुविधा विस्तार भएको हुने |
| ३ | सिंचाई प्रणाली तथा नदीको दिगो व्यवस्थापन कार्यक्रम | सिंचाई प्रणली तथा नदीको दिगो तथा प्रभावकारी व्यवस्थापन गर्नु | सालवसाली | ५६५० | सिंचाई प्रणालीहरु सर्वयाम र दिगो व्यवस्थापन भएको हुने |
| | **जम्मा** | | | **३८८५०** | |

### ३.७.९ जोखिम पक्ष तथा पूर्वानूमान

भिरालो पहाडी भूभाग भएकोले वर्षेनी आउने बाढी पहिरोका कारण पुराना कुला र सिंचाइ प्रणालीमा क्षति पुग्ने र सिंचाइ सुविधा लामो समयसम्म प्रभावित हुने जोखिम छ। त्यसैगरी, अप्ठ्यारो भूगोल र स्रोत (खोला नदी) गहिरो स्थानमा हुने भएकोले ठूला सिंचाइ आयोजना विकास गर्न र दिगो रुपमा व्यवस्थापन गर्ने काम बढी खर्चिलो छ जसका लागि गाउँपालिका सँग आवश्यक स्रोतको अभाव छ। तथापी संघीय तथा प्रदेश सरकारसँग समेतको सहकार्यमा ठूला लगानीका योजना संचालन हुने र विस्तारै वैकल्पिक प्रविधिको प्रयोग र उर्जा (विद्युत)को उपलब्धता बढदै गएकोले लिफ्ट प्रणालीका सिंचाइ आयोजनाहरुको विकास र सञ्चालन सहज हुने अनुमान छ।

# परिच्छेद ४ : सामाजिक क्षेत्र

सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, भाषा, सहित्य, संपदा संरक्षण, लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्र समेटिन्छन्। पृष्ठभूमि, समस्या र चुनौती, लक्ष्य, उद्देश्य तथा रणनीति सहित नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमानित जोखिम पक्षहरु समावेश गरिएको छ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

शिक्षा विकासको आधार हो। संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ। अपांगता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ। साथै शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक तथा रोजगारमुलक बनाउँदै शिक्षामा राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लागीनलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने निती अवलम्बन गरेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार घिरिङ गाउँपालिकाको साक्षरता दर ७३% छ जसमध्ये पुरुष साक्षरता दर ८१.६% र महिला साक्षरता दर ६५.९% रहेको छ। यहाँका अझै ३४.१% महिलाहरु साधारण लेखपढ गर्न नजान्ने रहेका छन्। यस गाउंपालिकामा तह अनुसारको भर्नादर पूर्व प्राथमिक शिक्षामा कुल भर्नादर ६३.९, आधरभूत तहमा कक्षा १ मा कुल प्रवेशदर १०८.५ र खुद प्रवेशदर ९५.६, कक्षा १-५ सम्मको कुल भर्नादर ११६.४ र खुद भर्नादर ९६, कक्षा १-८ को कुल ११४.७ र खुद भर्नादर ९५.७, माध्यमिक शिक्षामा कक्षा ९-१० मा कुल भर्नादर ७५.९, खुद भर्नादर ४६.७, कक्षा ९-१२ मा कुल भर्नादर ६८.६, खुद भर्नादर ५४.९, कक्षा ११-१२ मा कुल भर्नादर ४६.७ र खुद भर्नादर ३३.५ रहेको छ।

### ४.१.२ प्रमुख समस्या

यस गाउँपालिकामा सबै विद्यालयमा संघीय अनुदानको बालविकास केन्द्र स्थापना हुन नसक्नु, सबैको लागि गुणस्तरीय विद्यालय शिक्षामा पहुंच सुनिश्चित गर्न नसक्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको पर्याप्त व्यवस्थापन गर्न नसक्नु, सामुदायिक विद्यालयप्रति आम समुदायको विश्वास जागृत गर्न नसक्नु, विद्यार्थी संख्या न्यून हुंदै गई विद्यालय गाभ्नुपर्ने अवस्था सिर्जना हुनु, सूचना प्रविधिसंग परिचित तथा आधुनिक शिक्षण शैलीसंग परिचित हुनेगरी शिक्षकको क्षमता विकास गर्न नसक्नु, विद्यालय शिक्षामा सुशासनको प्रत्याभूति दिलाउन नसक्नु, निजी लगानीका शैक्षिक संस्थाको उचित नियमन र व्यवस्थापन गर्न नसकिनु जस्ता समस्याहरु विद्यमान छन्।

### ४.१.३ चुनौती तथा अवसर

प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा व्यवस्थित गरी गुणस्तरीय बनाउनु, आधारभूत शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षालाई निःशुल्क गर्नका लागि आवश्यक पर्ने दीर्घकालिन स्रोतको व्यवस्थापन गर्नु, कक्षा छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाई उपलब्धि हासिल गर्नु, शिक्षण सिकाई पद्धतिलाई गुणस्तरीय व्यावहारिक बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु, विद्यालयमा तहगत र विषयगत रुपमा दक्ष एवं प्रतिबद्ध शिक्षकको व्यवस्थापन गर्नु, कुशल नेतृत्व गर्न सक्षम हुने गरी प्रधानाध्यापकको क्षमता विकास गर्नु, विद्यालयहरुको एकीकरण समायोजन र पुनर्मिलन गर्नु, स्थानीय आवश्यकता र सम्भावनाको आधारमा स्थानीय पाठ्यक्रम निर्माण गरी सो को प्रभावकारी कार्यान्वयन गर्नु, सूचना प्रविधिलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अङ्गको रुपमा स्थापित गर्नु, प्राविधिक तथा व्यवसायिक शिक्षाको उचित व्यवस्थापन गरी गुणस्तर पहुंच र सक्षमताको विकास गर्नु, सामुदायिक विद्यालय शिक्षाप्रति जनविश्वास अभिबृद्धि गर्नु, निजी लगानीमा सञ्चालित विद्यालयहरुलाई सरकारको पूरक प्रणालीका रुपमा व्यवस्थित गरी सेवा प्रदायक संस्थाको रुपमा सञ्चालनमा ल्याउनु, शिक्षाको हरेक तह र क्षेत्रमा सुशासनको प्रत्याभूति गराउनु चुनौतिको रुपमा रहेका छन् ।

चुनौतीका बाबजुद अधिकांश अभिभावकमा शिक्षाको जागरण रहनु, गाउँपालिकाको शिक्षाको सम्पूर्ण जिम्मा स्थानीय सरकारलाई भएकाले प्रदेश र संघीय सरकारसँग समन्वय गरी शिक्षक दरवन्दी बढाउन पहल गर्न सकिने, स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन अनुसार नै पाठ्यपुस्तक, शैक्षिक सामाग्री, पाठ्यक्रम, पठनपाठन, भौतिक सुविधा, खेलकुद, पुस्तकालय, विद्यालय व्यवस्थापन, अनुगमन र निरीक्षणलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सकिने अवसरहरू रहेका छन् । यसै प्रकारले गाउँपालिकाका वडा कार्यालय तथा वस्तिसम्म सडक संजाल जोडिनु नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले शिक्षा क्षेत्रको गुणस्तर कायम गर्न प्रतिवद्धता देखाउनु शिक्षा क्षेत्रको विकासकालागि गाउँपालिकाकोलागि अवसरहरू हुन् ।

### ४.१.४ सोच, लक्ष्य र उद्देश्य

#### सोच

दोस्रो आवधिक योजनाले तय गरेको दीर्घकालिन सोच **"घिरिङ गाउंपालिकाको इच्छा: व्यवहारिक, प्रविधिमैत्री एवं गुणस्तरीय शिक्षा"** हासिल हुने गरी योजना कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

#### लक्ष्य

गुणस्तीय विद्यालय शिक्षामा सबैको पहुँच सनुश्चितता मार्फत गतिशिल जीवनयापनका लागि आवश्यक आधारभूत सीप सहितको जनशक्ति उत्पादन गरी आर्थिक तथा सामाजिक रुपमा समृद्ध गाउँपालिका निर्माणमा योगदान पुऱ्याउनु

**उद्देश्य**

१ चार वर्ष उमेर समूहका सबै बालबालिकाहरुको चौतर्फी विकासका लागि गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गराउनु,

२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु,

३ सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकतामा अभिबृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिमको पहुँच विस्तार गर्नु,

४ विद्यालय शिक्षामा सुशासन तथा जवाफदेहिताको सुनिश्चितता गर्नु

**४.१.५ रणनीति**

१ गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गर्ने,

२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पहुँच सुनिश्चित गर्ने,

३ माध्यमिक शिक्षालाई निःशुल्क एवं पहुँचयोग्य बनाउने,

४ सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकता अभिबृद्धि गर्ने,

५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिमको पहुँच विस्तार गर्ने,

६ विद्यालय शिक्षामा सुशासन तथा जवाफदेहिताको सुनिश्चितता गर्ने।

**४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.१ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रारम्भिक बालशिक्षाको कुल भर्नादर | प्रतिशत | | ६३.९ | ७० | ७५ | ८० |
| २ | प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा नवप्रवेशी | प्रतिशत | | ८८.८ | ९० | ९५ | ९८ |
| ३ | माध्यमिक शिक्षाको खुद भर्नादर | प्रतिशत | | ५४.९ | ६० | ६२ | ६४ |
| ४ | माध्यमिक शिक्षाको टिकाउ दर | प्रतिशत | | ३५ | ३८ | ४० | ४३ |
| ५ | आधारभूत तहको खुद भर्नादर | प्रतिशत | | ९५.७ | ९६ | ९७ | ९८ |
| ६ | सूचना प्रविधि प्रयोग गर्ने विद्यालय | प्रतिशत | | ६६.६७ | ७० | ७५ | ८० |
| ७ | सुविधा सम्पन्न पक्की भवन भएका विद्यालय | संख्या | | | ७ | ७ | ७ |
| ८ | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | | २ | ३ | ४ | ५ |
| ९ | विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | | ३ | ५ | ६ | ७ |

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १० | पर्याप्त खानेपानी सुविधा पुगेको विद्यालय | संख्या | | १५ | २० | २५ | ३० |
| ११ | इन्टरनेट सुविधा जडान भएको विद्यालय | संख्या | | २० | २५ | ३० | ३३ |
| १२ | पावर ब्याकअप भएका विद्यालय | संख्या | | २ | ५ | १० | १५ |
| १३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण भएको विद्यालय | संख्या | | ३३ | ३३ | ३३ | ३३ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ४.२ शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १०२६४९ | १००१४९ | २५०० | ० | ७२६८ | ९४४३५ | ९४६ | ० |
| २०८३/८४ | १२८३९९ | १२५८९९ | २५०० | ० | ० | ११८१२५ | १०२७४ | ० |
| २०८४/८५ | १२७०६९ | १२४५६९ | २५०० | ० | ५३६८ | ११६९०५ | ४७९६ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको शिक्षा, विज्ञान तथा प्रविधि उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास कार्यक्रम | चार वर्ष उमेर समूहका सबै बालबालिकाहरुको चौतर्फी विकासका लागि गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अवसर सुनिश्चित गरी कक्षा १ मा प्रवेशका लागि तयार गराउनु | सालबसाली | २१८१६ | प्रारम्भिक बाल शिक्षाको कुल भर्नादर ८० प्रतिशत र प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा नवप्रवेशी ९८ प्रतिशत पुगेको हुने |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | आधारभूत था माध्यमिक शिक्षा कार्यक्रम | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सर्वसुलभ पहुँच सुनिश्चित गर्नु | सालबसाली | ३०४२४१ | आधारभूत तहको खुद भर्नातर ९८ प्रतिशत र माध्यमिक तहको खुद भर्नादर ६४ प्रतिशत तथा माध्यमिक तहको टिकाउदर ४३ प्रतिशत पुगेको हुने |
| ३ | शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम | सबै तहको शिक्षाको गुणस्तर एवं सान्दर्भिकतामा अभिबृद्धि गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिमको पहुँच विस्तार गर्नु | सालबसाली | २८४८५ | खानेपानी तथा सरसफाई सुविधा सहित सबै विद्यालयमा इन्टरनेट सेवा जडान भै ८० प्रतिशत विद्यालयमा सिकाई प्रक्रियामा सूचना प्रविधिको प्रयोग भएको हुने |
| ४ | विद्यालय सुशासन कार्यक्रम | विद्यालय शिक्षामा सुशासन तथा जवाफदेहिताको सुनिश्चितता गर्नु | सालबसाली | ३५७५ | सबै विद्यालयमा लेखापरीक्षण र सामाजिक परिक्षण भै बेरुजु शुन्य भएको हुने |
| | **जम्मा** | | | **३५८११७** | |

### ४.१.९ जोखिम पक्ष तथा अनुमान

संघीय शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा नविनतम विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसर, नवीनतम प्रविधिको उपयोग, अन्तर सरकार सहयोग र सहकार्य र सरोकारवाला बीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा मात्र अपेक्षित नतिजा हासिल हुने देखिन्छ। तर संघीय सरकारबाट प्राप्त हुने अनुदान प्राप्त सीमा भन्दा कम प्राप्त भएमा अपेक्षित नतिजा हासिल हुन कठीन हुन जाने जोखिम देखिन्छ।

## ४.२ आधारभूत स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ मा आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क दावी गर्न सक्ने गरी मौलिक हकका रुपमा व्यवस्था गरिएको छ। संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणाले नागरिकको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार गर्नका लागि लगानी गर्नु पर्ने कुरालाई केन्द्रित गर्दछ। दिगो विकास लक्ष्य नं. २ ले उन्नत पोषणको सुनिश्चित गर्ने र लक्ष्य नं. ३ अन्तर्गत सबै उमेर समूहका व्यक्तिहरूको लागि स्वस्थ्य जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने भनी तोकिएको छ।

घिरिङ गाउँपालिकाको वडा नं २, ३ र ५ गरी ३ वटा स्वास्थ्य चौकी, वडा नं १ र ४ मा गरी २ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, वटा नं २ र ४ मा गरी २ वटा सामुदायिक स्वास्थ्य इकाई गरी जम्मा ७ वटा स्वास्थ्य संस्थाहरुबाट आधारभूत

स्वास्थ्य सेवा उपलब्ध भइरहेको छ। यसै गरी पुट्टार र बैडीमा गरी वडा नं १ मा २ वटा, देउराली, कोलडांडा र गजरकोट गरी वडा नं २ मा ३ वटा, घिरिङ सुन्धारा र नेवापानीमा गरी वडा नं ३ मा गरी २ वटा, फुला, गड्यौलीटार र उम्से गरी वडा नं ४ मा ३ र साभुङ हटिया, धेनुङ र मोचावारी गरी वडा नं ५ मा ३ वटा गरी यस गाउंपालिकामा १३ वटा खोप केन्द्रहरुबाट खोप सेवा उपलब्ध भैरहेका छन्। पालिकास्तरीय अस्पताल निर्माणको लागि जग्गा व्यवस्थापन भै आ. व. २०८२/०८३ मा बजेट व्यवस्थापनका लागि संघिय सरकारसंग पहल भैरहेको छ।

### ४.२.२ प्रमुख समस्या

सबै वर्ग तथा समुदायका व्यक्तिलाई स्वास्थ्य सेवाका पहुँचमा ल्याउन नसक्नु, स्वास्थ्य सेवा लिने अभ्यास कम देखिनु, गुणास्तरीय स्वास्थ्य सेवाको पहुंचमा कमी, सबै स्वास्थ्य इकाईहरुमा दरबन्दी अनुसारको जनशक्ति व्यवस्था गर्न नसकिनु, सबै स्वास्थ्य इकाईहरुमा आवश्यक उपकरण तथा पर्याप्त औषधिहरु उपलब्ध गराउन नसकिनु, सबै वडामा मापदण्ड अनुसारको स्वास्थ्य संस्था भवन नहुनु, विशेषज्ञ तथा दक्ष स्वस्थ्यकर्मीको व्यवस्थापन गर्न नसकिनु, प्राकृतिक विपद र दुर्घटना वा चोटपटकबाट समग्र स्वास्थ्यमा पर्ने जोखिम न्यूनिकरण गर्ने प्रयास अव्यवस्थित बसाईँसराइ र आश्रित जनसङ्ख्याको बढ्दो अनुपात स्वास्थ्य तथा पोषण क्षेत्रमा देखा परेका प्रमुख समस्याहरू हुन्। स्वास्थ्य सेवाहरूलाई गुणस्तरीय र प्रभावकारी वनाउन प्रविधिमैत्रि जनशक्ति परिचालन सकिएको छैन। नागरिकले संवैधानिक हक अन्तर्गत प्राप्त गर्ने स्वास्थ्य सेवाप्रति उत्तरदायी एवं प्रयाप्त जनशक्ति विकास गर्न नसक्नु, आवश्यकता अनुसार आधुनिक उपकरण र विशेषज्ञहरूको अभाव, विश्वव्यापी रुपमा परिवर्तन हुदै आएको खानपान तथा जीवनशैलीबाट उत्पन्न समग्र स्वास्थ्य हक बढ्दै जानु अर्को समस्याका पाटाहरू हुन्।

### ४.२.३ चुनौती तथा अवसर

संघीयताको मर्म अनुरुप गाउंपालिकाको सबै क्षेत्रको नागरिकमा स्वास्थ्य सेवाको समतुमूलक पहुंच स्थापित गर्नु, निःशुल्क आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, सबै स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसारको उपकरण र दक्ष जनशक्ति उपलब्ध गराउनु, खानपान र जीवनशैलीमा आएको परिवर्तनले बढाउंदै लगेको नसर्ने रोगहरुको नियन्त्रण गर्नु, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउनु निःशूल्क र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहबाट सर्बसुलभ रुपमा प्रदान गर्न, गरिव तथा सीमान्तकृत समुदायलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा प्रवाह गर्न र स्वास्थ्य उपचारमा लाग्ने खर्च घटाउनु पहिलो चुनौती भएको छ।

### ४.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"गुणस्तरीय र सर्बसुलभ आधारभूत स्वस्थ सेवाको उपलब्धताः घिरिङ गाउंपालिकाको प्रतिबद्धता"***

**लक्ष्य**

गुणस्तीय स्वास्थ्य सेवामा सबै नागरिकहरुको पहुँच विस्तार गर्ने

**उद्देश्य**

१ गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु,

२ आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धि गर्नु,

३ स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु,

४ स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु ।

### ४.२.५ रणनीति

१ निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउने

२ गुणस्तरीय विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने

३ जनताको व्यवहार परिवर्तनको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने

४ जनस्वास्थ्य विपद् व्यवस्थापनका एकीकृत उपायहरु अवलम्बन गर्ने

५ स्वास्थ्य सम्बन्धी घट्नाहरुको अभिलेख तथ्यमा आधारित बनाउने र सबै विकास कार्यक्रममा स्वास्थ्यलाई एकीकृत गर्दै लैजाने

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार आधारभूत स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.४ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | मातृमृत्यु दर प्रति लाख जीवित जन्ममा | दर | | | ७० | ७५ | ८० |
| २ | ५ वर्ष मुनिका बाल मृत्युदर प्रतिहजार जीविति जन्ममा | दर | | | ९० | ९५ | ९८ |
| ३ | शिशु मृत्युदर प्रतिहजार जीवित जन्ममा | दर | | | ६० | ६२ | ६४ |
| ४ | नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा | दर | | | ३८ | ४० | ४३ |
| ५ | दक्ष प्रसुतीकर्मीको सहयोगमा बच्चा जन्मेको | अनुपात | | | ९६ | ९७ | ९८ |
| ६ | मापदण्ड अनुसार ४ पटक प्रसवपूर्व स्वास्थ्य जाँच गर्ने महिला | प्रतिशत | | | ७० | ७५ | ८० |
| ७ | स्वास्थ्य संस्थामा बच्चा जन्माउने | प्रतिशत | | | ७ | ७ | ७ |
| ८ | मापदण्ड अनुसार प्रसवोत्तर सेवा प्राप्त गर्ने महिला | प्रतिशत | | | ३ | ४ | ५ |

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ९ | हेपाटाइटिस 'बी' खोपको तीन डोज प्राप्त गर्ने शिशु | प्रतिशत | | | ५ | ६ | ७ |
| १० | घरबाट स्वास्थ्य संस्था पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | | | २० | २५ | ३० |
| ११ | सबै खोप प्राप्त गरेका बालबालिकाको अनुपात | प्रतिशत | | | २५ | ३० | ३३ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा आधारभूत स्वास्थ्य तथा पोषण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

***तालिका ४.५ आधारभूत स्वास्थ्य तथा पोषण उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १९७७५ | ११७७५ | ८००० | ० | १९७० | १७८०५ | ० | ० |
| २०८३/८४ | १९०२५ | १०५२५ | ८५०० | ० | १४१९ | १७१२० | ४८६ | ० |
| २०८४/८५ | १९८७५ | ११८७५ | ८००० | ० | १९८८ | १७८८७ | ० | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको आधारभूत स्वास्थ्य तथा पोषण उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा कार्यक्रम | गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्य सेवामा नागरिकको पहुँच विस्तार गर्नु | २०८५/८६ मा सम्पन्न हुने | ५३७०० | आधारभूत अस्पताल र एउटा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण भै स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच विस्तार भएको हुने |
| २ | स्वास्थ्य सचेतना अभिबृद्धि कार्यक्रम | आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धि गर्नु | सालबसाली | २१०० | आम नागरिकमा स्वास्थ्य सम्बन्धी सचेतना अभिबृद्धि भएको हुने |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | स्वास्थ्य विपद व्यवस्थापन कार्यक्रम | स्वास्थ्य सम्बन्धी विपद् जोखिम न्यूनीकरण गर्नु, | सालबसाली | २१५० | महामारीजन्य तथा विपद् का वखत देखिने स्वास्थ्य समस्या व्यवस्थापन गर्न पालिका सक्षम भएको हुने |
| ४ | स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | स्वास्थ्य सेवाको व्यवस्थापन सुदृढीकरण गर्नु | सालबसाली | ७२५ | सूचना प्रविधिमा आधारित स्वास्थ्य सम्बन्धी सूचना अद्यावधिक भएको हुने |
| | **जम्मा** | | | **५८६७५** | |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमहरु मध्ये आधारभूत संघीय सरकारबाट आधारभूत अस्पतालको लागि र प्रदेश सरकारबाट सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणका लागि बजेट विनियोजन भै भवन निर्माण हुनेछ र सडक पूर्वाधारहरु निर्माण भई आम नागरिकहरुमा स्वास्थ्य सेवा लिन सक्ने अवस्था सिर्जना हुनेछ भन्ने अनुमान गरिएको छ। संघीय सरकार तथा प्रदेश सरकारबाट विनियोजन हुने अनुमान गरिएको बजेट प्राप्त नहुने अवस्था भएमा र सडक पूर्वाधारहरु बाह्रै महिना यातायात चल्न सक्ने अवस्था नभएमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ४.३ भाषा, साहित्य, कला, संस्कृति र सम्पदा

### ४.३.१ पृष्ठभूमि

यस गाउँपालिकामा सबैभन्दा धेरै मगर जाति, दास्रोमा कुमाल, तेस्रोमा विश्वकर्मा, त्यसपछि क्रमशः नेवार, मिजार, ब्राम्हण पहाड, परियार, क्षेत्री, दरै र गुरुङ समुदायका मानिसहरु बसोबास गर्छन्। यहां ७ प्रकारका धर्मावलम्बीहरु तथा ६ वटा मातृभाषा बोल्ने जातजातीहरु छन्। जातीय तथा धार्मिक विविधताका कारण संस्कृति, परम्परा, रितिरिवाजमा पनि विविधता छ। विभिन्न जातजातिको मौलिक परम्परागत संस्कृतिको जगेर्ना गरी भावी पुस्तालाई समयानुकुल हस्तान्तरण गर्नु आवश्यक छ। नयां पिढीले संस्कृति, परम्परा, रितीरिवाज एवं भाषाको प्रयोग कम गर्न थालेका छन्। यसोहुंदै गएमा संस्कृति, परम्परा, रितीरिवाज एवं भाषा लोप हुन सक्ने जोखिम बढेर गएकोछ। यी भाषा, संस्कृति, परम्पराको संरक्षण र संबर्द्धन गर्ने कार्य चुनौतिपूर्ण छ। यस गाउंपालकाले नेपाल एकीकरण अघिको बाइसे राज्यको रुपमा आफ्नो छुट्टै इतिहास बोकेको छ। यो ऐतिहासिक महत्वलाई संरक्षण र संबर्द्धन गर्न पनि उतिकै जरुरी छ।

### ४.३.२ प्रमुख समस्या

गाउंपालिकाभित्र बोलिने भाषाहरु समान रुपमा विकसित नहुनु, अल्पसंख्यक समुदायले बोल्ने भाषा लोप हुने खतरामा हुनु, युवा पिंढीले आफनो मातृभाषा नबोल्ने प्रवृत्ति बढ्दै जानु, विभिन्न जातजातीहरुको मौलिक परम्परागत संस्कृतिमा बाह्य संस्कृतिको प्रभाव बढ्दै जानु, युवा पुस्ताले मौलिक परम्परागत संस्कृति छाड्दै जानु, भाषा, साहित्य, कला, संस्कृति संरक्षणमा सरकारको ध्यन कम जानु यस क्षेत्रका समस्याहरु हुन्।

### ४.३.३ चुनौती तथा अवसर

लोपोन्मुख भाषा साहित्य र संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्नु, विश्वव्यापीकरणले प्राचीन सम्पदा र संस्कृतिकमा थपिएको अतिक्रमणको सामना गर्नु, गाउंपालिकामा बोलिने सबै भाषाको समतामूलक विकास गर्नु, गाउंपालिकाभित्र रहेका पुरातात्विक तथा सांस्कृतिक सम्पदाको प्रामाणिक अभिलेख तयार गर्नु चुनौतीको रुपमा रहेको छ। तथापी भाषा तथा मौलिक परम्परागत संस्कृतिको संरक्षण गर्ने जिम्मेवारी तीनै तहको सरकारमा भएकोले समन्वयात्मक रुपमा स्रोतसाधनको परिचालन गर्न सहज हुनु, सांस्कृतिक धार्मिक ऐतिहासिक एवं पुरातात्विक सम्पदाहरु मार्फत पर्यटन क्षेत्रको विकास गर्न सकिने अवसर भने देखिन्छ।

### ४.३.४ सोच, लक्ष्य र उद्देश्य

#### सोच

यस गाउँपालिकाको दोस्रो आवधिक योजनाले ***"भाषा, धर्म र सांस्कृतिक विविधताका बीच एकता"*** दीर्घकालिन सोच तय गरेको छ।

#### लक्ष्य

गाउँपालिकाका सबै भाषा, धर्म, कला, साहित्य, संस्कृति, पुरातात्विक एवं ऐतिहारिक सम्पदाहरुको संरक्षण, संबर्द्धन र विकास गर्ने

#### उद्देश्य

१ गाउँपालिका भित्रका जात जाति र समुदायको धर्म भाषा संस्कृति कला साहित्य र परम्पराको संरक्षण र संबर्द्धन गर्नु,

२ गाउँपालिकामा रहेका विभिन्न ऐतिहासिक पुरातात्विक धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण जीर्णोद्धार र व्यवस्थापन गर्नु

### ४.३.५ रणनीति

१ भाषा, कला र साहित्य बहुसँस्कृतिको संरक्षण, संबर्द्धन र विकास गरी धार्मिक एवं साँस्कृतिक पर्यटनको प्रबर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुऱ्याउने,

२ गाउँपालिकामा रहेका सबै जातजाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने,

३ जीर्ण अवस्थामा रहेका ऐतिहासिक पुरातात्विक तथा साँस्कृतिक महत्वका सम्पदाहरुको पहिचान गरी तीनीहरुको जीर्णोद्धार संरक्षण र विकास गर्ने,

४ भौतिक एवं अभौतिक सँस्कृतिको संरक्षण गर्न साँस्कृतिक प्रोफाइल तयार गरी अद्यावधिक गर्ने।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार भाषा, साहित्य, कला, संस्कृति र सम्पदा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका ४.७ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य*

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | बहुसांस्कृतिक संग्रहालय | संख्या | | | ० | ० | १ |
| २ | मर्मत तथा व्यवस्थापनमा सुधार गरिएका धार्मिक सम्पदा तथा तिर्थस्थलहरु | संख्या | | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ३ | भाषा, कला, संस्कृति सम्बन्धी नीति | संख्या | | | १ | ० | ० |
| ४ | संरक्षण र सम्बर्द्धन भएका पुरातात्विक महत्वका वस्तर तथा सम्पदाहरु | संख्या | | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार |
| ५ | सम्पदा र संस्कृतिहरुको श्रव्यदृश्य सहितको प्रोफाइल | अनुपात | | | १ | ० | ० |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा भाषा, साहित्य, कला, संस्कृति र सम्पदा उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

*तालिका ४.८ भाषा, साहित्य, कला, संस्कृति र सम्पदा उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १६५० | १३५० | ३०० | ० | १६५० | ० | ० | ० |
| २०८३/८४ | ९०० | ९०० | ० | ० | ९०० | ० | ० | ० |
| २०८४/८५ | १२०० | ९०० | ३०० | ० | १२०० | ० | ० | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको भाषा, साहित्य, कला, संस्कृति र सम्पदा उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ४.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्परा संरक्षण र संबर्द्धन कार्यक्रम | गाउँपालिका भित्रका जात जाति र समुदायको धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र संबर्द्धन गर्नु | सालबसाली | २७५० | धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्परा संरक्षण र संबर्द्धन र एक बहुसाँस्कृतिक सँग्रहालयको समेत निर्माण भएको हुने |
| २ | ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण कार्यक्रम | गाउँपालिकामा रहेका विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक सम्पदाको पुनर्निर्माण जीर्णोद्धार र व्यवस्थापन गर्नु | सालबसाली | १००० | ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको पुनर्निर्माण भएको हुने |
| | **जम्मा** | | | **३७५०** | |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

यहाँ उपलब्ध विविध भाषा, धर्म, संस्कृति, परम्पराको संरक्षण र संबर्द्धनबाट सबै समुदायको सन्तुलित विकासमा टेवा पुग्ने र पर्यटन क्षेत्रमा समेत यसबाट योगदान पुग्ने अनुमान गरिएको भएपनि बस्तीस्तरबाट माग भै आउने योजना तथा कार्यक्रम प्रस्तावमा यो उपक्षेत्र प्राथमिकतामा नपर्न सक्ने जोखिम रहेको छ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि

व्यक्तिगत, शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ। वर्तमान सन्दर्भमा **"सबैका लागि खेलकुद"** भन्ने अवधारणा विस्तार हुँदै गइरहेको छ। समाजमा रहेका खेलाडी, प्रशिक्षक, बालबालिका, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु सबैलाई खेलकुदको माध्यमबाट निरोगी एवं अनुशासित तुल्याई देश विकासको पथमा संलग्न गराउनु अहिलेको प्रमुख आवश्यकता हो। खेलकुदलाई मनोरञ्जनका रुपमा मात्र नलिई मानव विकास सूचकाङ्कको रुपमा लिई यस क्षेत्रमा लगानी बढाउन सकेको खण्डमा देशको विकासमा महत्वपूर्ण योगदान सावित हुन सक्दछ। खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाई राष्ट्रको गौरब बढाउने तथा खेलकुद मार्फत पर्यटनको प्रबर्द्धन गर्न सकिएमा गाउँपालिकाको आर्थिक समृद्धिमा खेलकुद क्षेत्रको पनि योगदान पुग्नेछ। यस गाउँपालिकामा राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउंपालिकामा युवा (१६-४० उमेर समूह) का जनसंख्या ३७.४% रहेको छ। जनसांख्यिक पूंजीको रुपमा रहेका युवाहरुको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरुको पहुंच बढाउने र सामाजिक-आर्थिक रुपान्तरणमा युवाहरुलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासिन युवाहरुबाट गाउंपालिकाको विकासमा योगदानको वातावरण सिर्जना गर्नु आजको अपरिहार्य आवश्यकता हो

### ४.४.२ प्रमुख समस्या

वैदेशिक रोजगारी र विदेश अध्ययनका कारण युवाहरु पलायन हुनु, खेलाडीको प्रतिस्पर्धी क्षमता अभिबृद्धिका लागि उपयुक्त नीति तथा स्रोतसाधनको कमी, दुर्व्यसनको बढ्दो प्रवृत्ति र सामाजिक परिवेशप्रति युवाहरुको बढ्दो वितृष्णा, मापदण्ड अनुसार खेलमैदान निर्माण हुन नसक्नु, पर्याप्त खेल अभ्यास तथा तालिम दिन नसकिनु, विविध खेलविधामा प्रतिस्पर्धात्मक अवसर दिन नसकिनु, तालिम अनुसारको रोजगारीको अवसर सिर्जना गर्न नसकिनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन् ।

### ४.४.३ चुनौती तथा अवसर

युवाहरुलाई गाउंमै रोजगारीको अवसर सिर्जना गर्नु, युवाहरुलाई नेतृत्वदायी भूमिका र विकासको मूल प्रवाहमा ल्याउनु, युवाहरुलाई लागु पदार्थ तथा दुर्व्यसनबाट बचाउनु, युवाहरुको मानसिक स्वास्थ्य र अनुशासन सुदृढ राख्नु, खेल मार्फत जीवनयापनको अवसर सिर्जना गर्नु, राष्ट्रिय/अन्तर्राष्ट्रिय मापदण्डका खेल मैदान तथा प्रशिक्षणको व्यवस्था गर्नु, नियमित रुपमा विभिन्न खेल प्रतियोगिता कार्यक्रम सञ्चालन गर्नु चुनौतिपूर्ण छ । खेलकुद क्षेत्रको विकास गरी युवाहरुलाई जीविकोपार्जनको अवसर दिलाउन सकिने, खेलकुद क्षेत्रमा तीनै तहको सरकारको लगानी साझेदारी हुन सक्ने, संविधान मै युवा विकास सम्बन्धी व्यवस्था हुनु, जनसंख्यामा युवाहरुको बाहुल्यता हुनु, विदेशमा रोजगारीको शिलशिलामा सिकेको सीपलाई आफ्नै भूमिमा उपयोग गर्न सकिने अवस्था हुनु जस्ता अवसरहरुले युवा तथा खेलकुद क्षेत्रको विकास गर्न सकिने सम्भावना भने छ ।

### ४.४.४ सोच, लक्ष्य र उद्देश्य

#### सोच

यस गाउँपालिकाको दोस्रो आवधिक योजनाले **"युवाहरुमा व्यवसायिक सीप र जांगरः घिरिङ समृद्धिको आधार**"

दीर्घकालिन सोच तय गरेको छ ।

#### लक्ष्य

खेलकुद तथा सीप विकासको माध्यमबाट युवाहरुलाई गाउंपालिकाको आर्थिक तथा सामाजिक विकासमा मूलप्रवाहिकरण गर्ने

#### उद्देश्य

१ युवाहरुलाई उद्यमशीलता, स्वरोजगार र स्वावलम्बी बनाउंदै विकासमा युवाको सहभागिता बृद्धि गर्नु

२ खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

### ४.४.५ रणनीति

१ युवामा सकारात्मक सोंच सिर्जनशीलता र नेतृत्व क्षमता विकास गर्ने

२ युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरु विस्तार गरी उद्यमशील बनाउने

३ युवाहरुलाई लागु पदार्थ दुर्व्यसनबाट बचाउने

४ खेलकुदको विकासका लागि आवश्यक पूर्वाधारको निर्माण र स्तरोन्नति गर्ने

५ संघ तथा प्रदेश सरकार र खेल सम्बद्ध संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने

६ प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार युवा तथा खेलकुद उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका ४.१० आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य*

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | रोजगारीमा संलग्न गाउँपालिकाकाभित्रका युवा | प्रतिशत | | | ३० | ५० | ७० |
| २ | स्वरोजगारमा संलग्न युवा | प्रतिशत | | | २० | ३० | ४० |
| ३ | सीप विकास तालिम प्राप्त युवा | प्रतिशत | | | १०० | १०० | १०० |
| ४ | विदेशबाट फर्किएर गाउँपालिकाभित्रै व्यवसायमा लाग्ने युवा | प्रतिशत | | | १० | २० | ३० |
| ५ | रङ्गशाला निर्माण | संख्या | | | ० | प्रारम्भ | १ |
| ६ | एक वडा एक खेल मैदान | संख्या | | | १ | १ | १ |
| ७ | गौरब खेलाडी सम्मान | पटक | | | १ | १ | १ |
| ८ | खेलकुद पूर्वाधार भएका विद्यालय | संख्या | | | ५ | ५ | ५ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा युवा तथा खेलकुद उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

*तालिका ४.११ युवा तथा खेलकुद उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | २८०० | २०५० | ७५० | ० | ० | २८०० | ० | ० |
| २०८३/८४ | २७५० | २००० | ७५० | ० | ० | २७५० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४/८५ | २८०० | २०५० | ७५० | ० | ० | २८०० | ० | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको युवा तथा खेलकुद उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.१२ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्यमशीलता तथा नेतृत्व विकास कार्यक्रम | युवाहरुलाई उद्यमशीलता, स्वरोजगार र स्वावलम्बी बनाउंदै विकासमा युवाको सहभागिता बृद्धि गर्नु | | २०५० | विदेशबाट फर्केका ३० प्रतिशत युवाले गाउँमै व्यवसाय गर्नेछन् र ३०० जना युवाहरु सीपयुक्त हुनेछन् |
| २ | खेलकुद विकास कार्यक्रम | खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु | | ६३०० | प्रत्येक वडामा १/१ खेलमैदान र गाउँपालिकाभित्र एउटा रंगशालाको निर्माण हुनेछ |
| | **जम्मा** | | | **८३५०** | |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

युवाहरुसँग नविन विचार भएपनि त्यसलाई उद्यमशीलता र व्यवसायमा रुपान्तरण गर्न र विदेशबाट फर्केका युवाहरुको सिप तथा अनुभवको उचित प्रयोग गरी उत्पादनमूलक कार्यमा लगाउन सकिने अनुमान गरिएको भएपनि आवश्यक पूँजीको अभाव र स्वरोजगारीको वातावरण सिर्जना हुन नसकेमा अपेक्षित नजित हासिल हुन नसक्ने जोखिम देखिन्छ।

## ४.५ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

### ४.५.१ पृष्ठभूमि

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्पसहित महिलालाई लैंगिक भेदभावबिना समान वंशीय हक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धी १९७९ अनुमोदन गरिसकेको छ। यसैगरी दिगो विकास लक्ष्यमा लैंगिक समानता तथा सशक्तिकरणको विषय समावेश भएको छ। यसैगरी संविधानले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको हुँदा बाल बचाउ, बाल संरक्षण, बाल विकास र बालसहभागिता जस्ता बाल अधिकारका आधार स्तम्भहरु प्रत्याभूत गर्नुपर्ने दायित्व राज्यको हुन आउँछ। बाल अधिकार सम्बन्धी ऐन, २०७५ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाको साथै दिगो विकास लक्ष्यमा समेत बालबालिकाको गुणस्तरीय शिक्षा, स्वास्थ्य, बालबालिका माथि हुने हिंसा, शोषण, दुर्व्यवहार, उपेक्षाको अन्त्य र सुरक्षित र पहुँचयोग्य वातावरण तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका विभेदको अन्त्य गर्ने राष्ट्रिय लक्ष्यमा समावेश गरिएकाले सोही अनुरुप यस गाउँपालिकाले पनि उक्त विषयहरु संवोधन गर्नुपर्ने आवश्यकता रहेको छ। ज्येष्ठ नागरिकहरुले आफ्नो जीवनकालमा

कुनै न कुनै प्रकारले समाज र देशका लागि केही न केही योगदान गरेकै हुन्छ। ज्येष्ठ नागरिकको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गरेकोले ज्येष्ठ नागरिकहरुको जीवन सहज सुरक्षित एवं सम्मानित बनाई सामाजिक न्याय कायम गर्नु राज्यको दायित्व हुन आउंछ। यस्तै अपाङ्गता भएका व्यक्तिहरुको सन्दर्भमा नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महसन्धी २००६ मा हस्ताक्षर गरी सकेको र संविधानले पनि अपाङ्गता भएका व्यक्तिहरुको हकको बारेमा व्यवस्था गरेको हुंदा त्यस्ता व्यक्तिहरुको जीवन सहज र मर्यादित बनाउन पनि सरकारको कर्तव्य हुन आउंछ। यसरी महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई विकासको मूल प्रवाहमा समाहित गर्नु आवश्यक छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार घिरिङ गाउंपालिकाको महिला जनसंख्या ५४.२% रहेको छ। महिला जनसंख्या धेरै हुनुको प्रमुख कारण महिला भन्दा पुरुषहरु वैदेशिक रोजगारीमा धेरै जानु हो। महिला जनसंख्या बढी भएपनि प्राय महिलाहरु घरयासी काम तथा निर्वाहमुखी कृषिमा संलग्न छन्। अझैपनि महिला हिंसाका घट्नाहरु भइनै रहेका छन् र व्यवहारगत विभेद पनि कायमै छ। बालबालिका तथा किशोरकिशोरीहरु पनिअसहज वातावरणमा जीवन यापन गर्नुपर्ने अवस्था अझै कायमै छ। बालबिवाहका दुष्परिणामका बारेमा उचित ज्ञान दिलाउन नसक्दा उमेर नपुग्दै किशोरकिशोरीहरु वैवाहिक सम्बन्ध स्थापित गरीरहेका छन्। अहिलेका बालविवाह वावुआमाको करकापले भन्दा बढी स्वइच्छाले गर्ने गरेको अवस्था छ। ज्येष्ठ नागरिकलाई परिवारको बोझको रुपमा व्यवहार गर्ने प्रवृत्ति बढ्दो छ र उनीहरुको जीवनयापन अपमानजनक र कष्टकर हुंदै गइरहेको छ। यस गाउंपालिकामा ६० वर्ष माथिको जनसंख्या १५.२५% रहेको छ। अपाङ्गता भएका व्यक्तिहरु प्रति समाजको दृष्टीकोण अझे सकारात्मक हुन सकिरहेको छैन। उनीहरुको उपयुक्त क्षमता विकास गरी आत्मनिर्भर बनाउन सकिएको छैन। यस गाउंपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको जनसंख्या कुल जनसंख्याको ३.३ % रहेको छ। यहां ११ प्रकारका अपाङ्गता भएका व्यक्तिहरु छन्। समाजमा विद्यमान लैंगिक तथा अन्य जुनसुकै प्रकारको विभेद न्यूनिकरण गर्दै विभेदरहित समतामूलक समाजको स्थापना गरी विकासको मूल प्रवाहमा समतामूलक समावेशीकरण गर्नु राज्यको प्रमुख दायित्वको रुपमा रहेको छ र यो दायित्व पुरा गर्न चुनौतिपुर्ण छ।

### ४.५.२ प्रमुख समस्या

नेपालभरी विद्यमान महिला बालबालिका किशोर किशोरी ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति केन्द्रित नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन हुन नसक्नु, आय आर्जन उद्यमशीलता रोजगारी जस्ता कार्यक्रमहरु लक्षित वर्गको समतामूलक पहुंच स्थापित गर्न नसकिनु, नीति निर्माण तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउन नसकिनु, परिवार समाजममा विभिन्न प्रकारका विभेद कायमै रहनु, भौतिक सुविधाको विकासले असमानता तथा विभेदहरुको प्रकृति र प्रवृत्ति जटिल हुंदै जानु, छोराछोरी बीचको विभेद कम हुँदै गएपनि छोरी बुहारी बीचको विभेदा कायमै रहनु जस्ता समस्याहरु यहाँको पनि समस्याको रुपमा रहेको छ।

### ४.५.३ चुनौती तथा अवसर

मानव विकास सूचांक सूचीको पिँधमा रहेका नागरिकहरूको विकास र समृद्धिको अवसर प्रदान गर्न स्थानीय तहको सरकारको विशेष जिम्मेवारीलाई आत्मासात गर्दै विकासको मूलप्रवाहमा प्रवाहिकरण गर्न विशेष योजनाको आवश्यकता रहन्छ । विविध कारणबाट सीमान्तकृत वर्ग वा समूहको खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने विषयलाई विभिन्न परिमाणत्मक सूचकहरूमा राखी योजना तर्जुमा गरिएको छ । महिलाका प्रसुतिका कारण हुने मृत्युलाई शून्य बनाउने र रक्त अल्पताको समस्याबाट मुक्त गर्नु चुनौतिपूर्ण रहेको छ । लैंगिक तथा सामाजिक समावेशीकरण बजेट तर्जुमा र कार्यान्वयन, महिला बालबालिका तथा लक्षित वर्गको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु, समाजको हरेक क्षेत्रमा महिलाको समतामूलक नेतृत्वदायी भूमिक स्थापित गर्नु, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको जीवन आत्मनिर्भर र सम्मानित बनाउनु, गाउंपालिकालाई बालमैत्री पालिकाको रुपमा घोषणा गर्नु, समाजलाई सबै प्रकारका विभेदमुक्त बनाउनु चुनौतिपूर्ण नै छ ।

महिला बालबालिका लगायत लक्षित वर्गको संरक्षण सशक्तिकरण र विकासका लागि संविधानमै सुनिश्चचित गरिनु, महिला बालबालिका तथा लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राषट्रिय संघसंस्थाहरु हुनु, लैंगिक हिंसा तथा अन्य सामाजिक कुरितीजन्य व्यवहारको बारेमा विद्यलयस्तरबाट नै चेतना अभिबृद्धि हुंदै आउनु, यी विषयसँग सम्बन्धित विषयहरुमा अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालको प्रतिबद्धता रहनु र अन्तर्राष्ट्रियस्तरबाट समेत यस विषयमा अनुगमन रहनु, सूचना प्रविधिको विकासले जीवन सहज हुंदै जानु जस्ता अवसरहरुको उपयोगबाट अपेक्षित नतिजा हासिल गर्न सम्भवन हुने देखिन्छ ।

### ४.५.३ सोच,लक्ष्य र उद्देश्य

**सोच**

**"विभेदरहित, समतामूलक, आत्मनिर्भर र सद्भावपूर्ण समाजको निर्माण"**

**लक्ष्य**

समाजमा रहेको सबैप्रकारका विभेदको अन्त्यगरी, समतामूलक, आत्मनिर्भर र मर्यादित जीवन पद्धतिको सुनिश्चतता गर्ने

**उद्देश्य**

१ महिला बिरुद्ध हुने सबै प्रकारका विभेद हिंसा र शोषणको अन्त्य गर्दै महिलाको सम्मान्ति जीवनयापन सुनिश्चित गर्नु,

२ लैंगिक उत्तरदायी बजेट तथा शासन व्यवस्था मार्फत आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत साधन र अवसर तथा लाभमा लैंगिक न्याय सहितको पहुंच सुनिश्चित गर्नु,

३ बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रबर्द्धन गर्दै बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गरी उनीहरुको चौतर्फी विकासको सुनिश्चितता गर्नु,

४ ज्येष्ठ नागरिकको हक संरक्षण र प्रवर्द्धन गर्दै सम्मानित जीवन सुनिश्चित गर्नु,

५ आधारभूत सेवा, स्रोत र प्रविधिमा अपांगता भएका व्यक्तिहरुको सहज पहुंच अभिबृद्धि गरी आर्थिक र सामाजिक सशक्तिकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्नु,

६ जातीय तथा वर्गीय विभेद अन्त्य गरी सद्भावपूर्ण समाज निर्माण गर्नु।

### ४.५.५ रणनीति

१ लैंगिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने

२ सबै क्षेत्रमा लैंगिक उत्तरदायी बजेट र शासन पद्धति अवलम्बन गर्ने

३ आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडी परेका महिलालाई विशेष प्राथमिकता दिंदै आर्थिक र सामाजिक सशक्तिकरण गर्ने

४ बाल स्वास्थ्यमा सुधार ल्याई बाल मृत्युदरमा कमी ल्याउने

५ सबै प्रकारका विभेद हिंसा उत्पीडन शोषणबाट सबै प्रकारका (विपन्न परिवारका, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका) बालबालिका तथा किशोर किशोरीलाई उचित संरक्षण गर्ने

६ बाल तथा किशोर किशोरीको शारीरिक मानसिक संवेगात्मक तथा संज्ञानात्मक विकासका लागि प्रभावकारी उपायहरु अवलम्बन गर्ने

७ बालबालिका तथा किशोरकिशोरीको सहभागिता प्रबर्द्धन गर्ने

८ बाल तथा किशोरकिशोरी मैत्री बातावरणको विकास गर्ने

९ ज्येष्ठ नागरिकको लागि हेरचाह स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने

१० ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने

११ अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुंच बढाउने

१२ अपाङ्गता भएका व्यक्तिहरु प्रति गरिने विभिन्न प्रकारका हानिकारक अभ्यास तथा परम्परागत विभेद र हिंसा आदिको न्यूनिकरण गर्ने

१३ अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक र सामाजिक सशक्तिकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्ने

१४ समाजमा रहेको जातीय तथा वर्गीय विभेद अन्त्य गरी सद्भावपूर्ण समाज निर्माण गर्नु।

### ४.५.७ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.१३ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | लैंगिक विभेद सम्बन्धी उजुरीमा आएको कमी | प्रतिशत | | | १० | २० | ३० |
| २ | बालविवाहमा आएको कमी | प्रतिशत | | | १० | २० | ३० |
| ३ | छुवाछुत सम्बन्धी उजुरीमा आएको कमी | प्रतिशत | | | १५ | २५ | ३५ |
| ४ | महिला अध्यक्ष भएको संस्थाको अनुपात | प्रतिशत | | | ३० | ४० | ६० |
| ५ | अल्पकालिन पुनर्स्थापना केन्द्र | संख्या | | | १ | सञ्चालन | सञ्चालन |
| ६ | बालमैत्री वडा घोषणा | वडा | | | २ | २ | १ |
| ७ | बालमैत्री गाउँपालिका घोषणा | संख्या | | | ० | ० | १ |
| ८ | पूर्णखोपयुक्त गाउँपालिका घोषणा | संख्या | | | ० | १ | ० |
| ९ | ज्येष्ठ नागरिक परिचयपत्र वितरण | प्रतिशत | | | २५ | ३५ | ६० |
| १० | विश्राम वा भलाकुशारी केन्द्र निर्माण | संख्या | | | १ | १ | १ |
| ११ | अपाङ्गतामैत्री सरकारी भौतिक संरचना | प्रतिशत | | | ५० | ७५ | १०० |
| १२ | स्वरोजगार/रोजगारीमा लागेका अपाङ्गता भएका व्यक्ति | प्रतिशत | | | २५ | ३५ | ५० |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ४.१४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ४०७५ | ३७७५ | ३०० | ० | ० | ४०७५ | ० | ० |
| २०८३/८४ | ३५५० | ३२५० | ३०० | ० | ० | ३५५० | ० | ० |
| २०८४/८५ | ३३७५ | ३०७५ | ३०० | ० | ० | ३३७५ | ० | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

## तालिका ४.१५ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लैंगिक विभेद न्यूनिकरण कार्यक्रम | महिला बिरुद्ध हुने सबै प्रकारका विभेद हिंसा र शोषणको अन्त्य गर्दै महिलाको सम्मान्ति जीवनयापन सुनिश्चित गर्नु | सालबसाली | ४०० | लैंगिक विभेद सम्बन्धी उजुरीमा ३० प्रतिशतले कमी आएको हुने र महिला नेतृत्व भएको संस्था ६० प्रतिशत पुग्ने |
| २ | महिला सशक्तिकरण कार्यक्रम | लैंगिक उत्तरदायी बजेट तथा शासन व्यवस्था मार्फत आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका विकास गर्दै स्रोत साधन र अवसर तथा लाभमा लैंगिक न्याय सहितको पहुंच सुनिश्चित गर्नु | सालबसाली | २९०० | विकासको मूल प्रवाहमा महिलाहरुको सहभागिता अभिबृद्धि भई महिलाहरु सक्षम भएको हुने |
| ३ | बालबालिका तथा किशोर किशोरी बिकास कार्यक्रम | बालबालिका तथा किशोरकिशोरीको समग्र अधिकारको संरक्षण र प्रबर्द्धन गर्दै बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गरी उनीहरुको चौतर्फी विकासको सुनिश्चितता गर्नु | सालबसाली | ३३५० | बालमैत्री तथा पूर्ण खोपयुक्त गाउँपालिका घोषणा भएको हुने र बाल विवाहमा ३० प्रतिशतले कमी आएको हुने |
| ४ | समान्नजनक ज्येष्ठ नागरिक कार्यक्रम | ज्येष्ठ नागरिकको हक संरक्षण र प्रवर्द्धन गर्दै सम्मानित जीवन सुनिश्चित गर्नु | सालबसाली | १४०० | ज्येष्ठ नागरिकहरुले सम्मानजनक जीवनयापन गरेको महशुस गर्ने |
| ५ | अपाङ्गता भएका व्यक्ति सशक्तिकरण कार्यक्रम | आधारभूत सेवा, स्रोत र प्रविधिमा अपांगता भएका व्यक्तिहरुको सहज पहुंच अभिबृद्धि गरी आर्थिक र सामाजिक सशक्तिकरण मार्फत जीवनयापनमा सहजता प्रदान गर्नु | सालबसाली | २७५० | अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण भै आत्मसम्मानमा अभिबृद्ध भएको हुने |
| ६ | जातीय सद्भाव प्रबर्द्धन कार्यक्रम | जातीय तथा वर्गीय विभेद अन्त्य गरी सद्भावपूर्ण समाज निर्माण गर्नु | सालबसाली | २०० | जातीय तथा वर्गीय विभेदमा कमी आई समाजमा सद्भाव अभिबृद्धि हुँदै जाने |
| | **जम्मा** | | | **११०००** | |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

लैंगिक समानता तथा सामाजिक समावेशीकरणमा तीनै तहको भूमिक उत्तिकै छ। संघीय, प्रादेशिक र स्थानीय सरकारको अर्थपूर्ण सहकार्य हुनेछ र यसबाट अपेक्षित नतिजा हासिल हुन सक्नेछ भन्ने अनुमान गरिएको छ। तर स्रोत साधनको सीमितताले अनुमानित लागत जुटाउन कठीन हुने, साझा जिम्ममेवारीमा जिम्मेवारी पन्छाउने आम प्रवृत्तिले यो विषय तीनै तहको सरकारको प्राथमिकतामा नपर्न सक्ने, सामाजिक परिवर्तन जटिल विषय भएकोले अपेक्षित नतिजा हासिल हुन कठीन हुन सक्ने जोखिम रहेको छ।

## ४.६ खानेपानी तथा सरसरफाई

### ४.६.१ पृष्ठभूमि

मानव आवश्यकताहरु मध्ये खानेपानी एक आधारभूत आवश्यकतामा पर्दछ। नेपालको संविधानले यसलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार २६.९% घरपरिवारले मात्र आफ्नै घर परिसरभित्र पानीको सुविधा उपभोग गरिरहेका छन्। घरपरिसर बाहिर धारा वा पाईपको पानी प्रयोग गर्ने ५४% छन्। यसरी ८०.९% घरपरिवारले मात्र पाइपधाराको पानी प्रयोग गरिरहेकोले आधारभूत खानेपानी सुविधाबाट अझै झण्डै १९.१% घरपरिवारलाई संबोधन गर्न बाँकी नै रहेको देखिन्छ।

यस गाउंपालिकामा समाहित सबै गाउं विकास समितिहरु संघीयता कार्यान्वयन आउनु अघि नै खुला दिशामुक्त क्षेत्र भैसकेका थिए। त्यसैले यस गाउंपालिकालाई खुला दिशामुक्त क्षेत्र घोषणा भएसरह मान्न सकिन्छ। शौचालय प्रयोगको प्रकार अनुसार यस गाउँपालिकाका अझै २.२% घरपरिवारको शौचालय छैन। शौचालय प्रयोग गर्ने मध्ये ०.०३% ले सार्वजनिक शौचालय प्रयोग गर्दछन्। शौचालय प्रयोग गर्ने ९३.८% मध्ये साधारण शौचालय प्रयोग गर्ने ३०.७%, फ्लस भएको शौचालय प्रयोग गर्ने ६७.१% छन्। आफ्नो शौचालय नभएका २.२% घरपरिवारलाई शौचालय निर्माण गरी प्रयोग गर्न प्रोत्साहन गर्नु पर्ने देखिएको छ।

### ४.६.२ प्रमुख समस्या

खानेपानीलाई स्वच्छ र मध्यम स्तरको पिउनयोग्य मापदण्डमा आपूर्ति हुन सकेको छैन भने आयोजनाको लाभग्राहीमा दोहोरोपना देखिन्छ। शुद्ध खानेपानी सुविधा उपलब्ध गराउन नसकिनु, भौगोलिक विकटताले कतिपय बस्तीमा खानेपानी सुविधा व्यवस्था गर्न नसकिनु, लिफ्टिङ प्रविधिबाट खानेपानी आपूर्ति महंगो पर्नु जस्ता समस्या खानेपानी तर्फ विद्यमान छ भने सरसफाई तर्फ अझै शौचालय नभएका घरहरु रहनु, फोहर व्यवास्थापन सम्बन्धि चेतना जागृत गर्न नसकिनु, प्लाष्टिकजन्य सामग्रीको प्रयोगमा बृद्धिले फोहर व्यवस्थापन जटिल बन्दै जानु, जनसङ्ख्या बसाइँसराइको चाप र जनसङ्ख्या वृद्धिसंगै बस्ती तथा शहरमा प्रदुषण वढ्दै जानु, पर्यावरणीय असन्तुलन, प्लाष्टिकजन्य फोहरले शहरलाई कुरुप बनाउँदै जानु जस्ता समस्याहरु रहेका छन्।

### ४.६.३ चुनौती तथा अवसर

सबै घरपरिवारमा खानेपानी सुविधा पुऱ्याउनु, शुद्ध खानेपानीको आपूर्ति गर्नु, पूर्ण सरसफाई अभियान सञ्चालन गर्नु, शौचालय बिहिनहरुको घरमा शौचालयको व्यवस्था गर्नु, फोहरको वैज्ञानिक व्यवस्थापन गर्नु यहाँको चुनौतिको रुपमा रहेको छ भने प्रदेश सरकारको प्राथमिकतामा आधारभूत खानेपानी आपूर्ति पर्नु, लिफ्टिङ प्रविधिबाट खानेपानी आपूर्तिको लागि पर्याप्त स्रोत उपलब्ध हुनु, फोहर व्यवस्थापनको नविन प्रविधिहरुको विकास हुनु, सरसफाई प्रति सबैको चासो बढ्दै जानु, टोल विकास संस्था मार्फत सरसफाई कार्यक्रम घरघरमा पुऱ्याउन सकिने अवसर पनि छ ।

### ४.६.४ सोच, लक्ष्य र उद्देश्य

***"स्वास्थ्य र स्वच्छताको लागि गुणस्तरीय खानेपानी तथा सरसफाई"***

**लक्ष्य**

भरपर्दो, गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवा विस्तार गर्ने

**उद्देश्य**

१ आधारभूत खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु,

२ गुणस्तरीय खानेपानी सुविधाको पहुंच विस्तार गर्नु

३ फोहर व्यवस्थापन व्यवस्थति गरी पूर्ण सरसफाईयुक्त गाउंपालिका घोषण गर्नु ।

### ४.६.५ रणनीति

१ आधारभूत खानेपानी सुविधा नपुगेको क्षेत्रलाई उच्च प्राथमिकतामा राखी खानेपानी आयोजनाहरु निर्माण तथा सुविधा विस्तार गर्ने

२ खानेपानीको गुणस्तर क्रमशः बृद्धि गर्दै शुद्ध खानेपानीको पहुंच विस्तार गर्ने

३ गाउँपालिका भित्रका शत प्रतिशत घरहरुमा आधारभूत शौचालय तथा सरसफाई सुविधाको व्यवस्था गर्ने

४ फोहर व्यवस्थापन व्यवस्थित गरी स्वच्छ र सफा घिरिङ निर्माण गर्ने

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.१६ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आधारभूत खानेपानी सुविधा पुगेको घरपरिवार | प्रतिशत | | | ८५ | ८८ | ९० |
| २ | व्यक्तिगत धारा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | | ३० | ४० | ५० |
| ३ | गुणस्तरीय खानेपानीको पहुँच पुगेको घरपरिवार | प्रतिशत | | | १० | २० | ३० |

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| ४ | शौचालय नभएको घरपरिवार | प्रतिशत | | | १.५ | १ | ० |
| ५ | साधारण शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | | २८ | २५ | २० |
| ६ | फ्लस भएको शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | | ७२ | ७५ | ८० |
| ७ | पूर्ण सरसफाई घोषणा भएको वडा | संख्या | | | ० | ० | २ |
| ८ | पूर्ण सरसफाई गाउँपालिका घोषणा | संख्या | | | ० | ० | ० |
| ९ | ल्याण्डफिल साइट | संख्या | | | ० | ० | १ |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा खानेपानी तथा सरसफाई उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ४.१७ खानेपानी तथा सरसफाई उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १५४६० | ४२३५ | ११२२५ | ० | १५५० | १३९१० | ० | ० |
| २०८३/८४ | १४४७५ | ४२५० | १०२२५ | ० | १४५० | १३०२५ | ० | ० |
| २०८४/८५ | १३४७५ | ३२५० | १०२२५ | ० | १३५० | १२१२५ | ० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको खानेपानी तथा सरसफाई उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ४.१८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी विस्तार कार्यक्रम | आधारभूत खानेपानी सुविधा शतप्रतिशत घर परिवारमा पुऱ्याउनु | | २६३६० | ९० प्रतिशत घरपरिवारमा आधारभूत खानेपानी र ५० प्रतिशत घरपरिवारमा व्यक्तिगत धारा पुगेको हुने |
| २ | गुणस्तरीय खानेपानीको पहुँच विस्तार कार्यक्रम | गुणस्तरीय खानेपानी सुविधाको पहुंच विस्तार गर्नु | | १०८०० | ३० प्रतिशत घरपरिवारमा गुणस्तरीय खानेपानीको पहँच पुगेको हुने |
| ३ | फोहरमैला व्यवस्थापन कार्यक्रम | फोहर व्यवस्थापन व्यवस्थति गरी पूर्ण सरसफाईयुक्त गाउंपालिका घोषणा गर्नु | | ६२५० | सबै घरपरिवारमा शोचालय पुगेको हुने र सबै वडा सहित गाउँपालिका पूर्ण सरसफाईयुक्त घोषणा भएको हुने |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | जम्मा | | | ४३४१० | |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

उच्च पहाडी भू-भागमा पानीको स्रोत पहिचान गरी खानेपानी सुविधा विस्तार गर्नु, शहरी तथा ग्रामीण क्षेत्रका बस्तीहरुको आवश्यकता अनुसारको खानेपानीको स्रोत व्यवस्था गर्नु, खानेपानीको गुणस्तर वृद्धि गर्नु, जलवायु परिवर्तन अनुकूलका खानेपानी योजना सञ्चालन गर्नु, बढ्दो शहरीकरण, बसाइँसराइबाट खानेपानी, सरसफाइ र वातावरण सन्तुलनको क्षेत्रमा परेको असरलाई न्यूनीकरण गर्नु, पूर्ण सरसफाइ र व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, आवश्यकता अनुसारको खानेपानी तथा सरसफाइको विकास र दिगो व्यवस्थापनका लागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु र योजना मर्मत सम्भार तथा दिगो व्यवस्थापनको लागि उपभोक्ताहरुको क्षमता र दक्षता अभिवृद्धि गर्नु संघीय, प्रादेशिक र गाउँपालिकाको अनुमान गरिएका स्रोतहरु पूर्ण रुपमा उपलब्ध भएमा मात्र नतिजा हासिल हुन सक्छ अन्यथा लक्ष्य हासिल नहुन सक्ने जोखिम रहेको छ।

# परिच्छेद ५ : भौतिक पूर्वाधार विकास

यस क्षेत्र अन्तर्गत उर्जा (वैकल्पिक उर्जा समेत), सडक तथा पुल, भवन निर्माण तथा शहरी विकास, सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या, चुनौती र अवसर, सोच, लक्ष्य, उद्देश्य र रणनीति, नतिजा खाका, त्रीवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ५.१ उर्जा (विद्युत तथा वैकल्पिक उर्जा)

### ५.१.१ पृष्ठभूमि

उर्जाले ओद्योगिकीकरण गरी समृद्धिको बाटोतर्फ अगाडि बढाउन मद्दत गर्दछ। घिरिङ गाउँपालिकामा हालसम्म ९५.३ प्रतिशत घरधुरीमा विद्युत सुविधा पुगेको छ। अझै ४.७ प्रतिशत घरधुरीमा विद्युत सुविधाको पहुँच पुऱ्याउन बाँकी नै छ। विद्युत सुविधाको उपयोगको हिसाबले ९५.३ प्रतिशतले बत्ती बाल्न प्रयोग गर्छन् भने खाना पकाउनमा जम्मा ०.६ प्रतिशतले मात्र विद्युत प्रयोग गर्दछन्। बैकल्पिक उर्जाका स्रोतहरु सौर्य उर्जा प्रयोग गर्न ३.६ प्रतिशत र बायोग्याँस प्रयोग गर्ने जम्मा १ प्रतिशत रहेको छ। खाना पकाउने इन्धनमा एल.पी. ग्यास प्रयोग गर्ने १९ % रहेको छ। दाना पकाउने इन्धनको रुपमा दाउरा माथिको निर्भरता अझै ७९.२ % कायमै छ। वैकल्पिक उर्जाका स्रोतको प्रयोग पनि नगन्य अवस्थामा नै छ। उर्जाको क्षेत्रमा अझै धैरै गर्न बाँकी नै छ।

### ५.१.२ प्रमुख समस्या

विद्युतको माग अनुसार ट्रान्स्फर्मरहरुको क्षमता कम भएकोले गुणस्तरीय विद्युत आपूर्ति हुन नसक्नु, यस गाउंपालिकामा विद्युत प्राधिकरणको इकाई नभएकोले समस्याहरुको तत्काल समाधान हुन नसक्नु, विद्युत पोलहरु काठको हुनाले पोल भाँचिने ढल्ने अवस्था हुनु, वैकल्पिक उर्जा प्रति गाउंबासीको रुची अभिबृद्धि गर्न नसकिनु जस्ता समस्याहरु यस गाउँपालिकामा विद्यमान छन्।

### ५.१.३ चुनौती तथा अवसर

उद्योगधन्दा लगायत बढी क्षमताको विद्युत लाइन जडानको लागि थ्रीफेज लाइनको विद्युत आपूर्ति विस्तारगर्नु, सबै बस्तीमा गुणस्तरीय विद्युत आपूर्ति सुनिश्चित गर्नु, वैकल्पिक उर्जाको सम्बन्धमा चेतना बढी प्रयोग अभिबुद्धि गर्नु चुनौतिपूर्ण छ तर तनहुं जलविद्युत आयोजना सम्पन्न हुने क्रममा रहनु, देशको विद्युत उत्पादन क्षमता बृद्धि हुंदै जानु, गाउंपालिकाको प्राय सबै बस्तीमा राष्ट्रिय ग्रीडको विद्युत लाइनको पहुंच हुनु, विद्युत सवस्टेशन तथा प्रशासरण लाइनको क्षमता बृद्धि तथा विस्तार हुँदै जानु, वैकल्पिक उर्जामा सरकरको तर्फबाट अनुदान उपलब्ध हुनु, विश्व बजारमा नविकरणीय उर्जाका प्रविधि परिस्कृत हुंदै आउनु अवसरका रुपमा रहेका छन्।

### ५.१.४ सोच, लक्ष्य र उद्देश्य

***"विद्युत तथा नवीकरणीय उर्जाको विस्तार मार्फत दिगो आर्थिक तथा सामाजिक विकास"***

**लक्ष्य**

गुणस्तरीय विद्युत तथा नवीकरणीय उर्जाको विस्तार गरी आर्थिक तथा सामाजिक समृद्धिमा टेवा पुऱ्याउने

**उद्देश्य**

१ भरपर्दो र गुणस्तरीय उर्जाको पहुंच विस्तार गरी आर्थिक तथा सामानिक समृद्धि हासिल गर्नु,

२ वैकल्पिक उर्जाको प्रयोग बृद्धि गर्नु ।

### ५.१.५ रणनीति

१ विद्युत लाईन नपुगेको घरपरिवारमा विद्युत लाइन विस्तार गर्ने

२ विद्युत आपूर्तिको गुणस्तर र क्षमता बृद्धि गरी उद्योग व्यवसाय लगायतका कार्य सञ्चालनयोग्य बनाउने

३ राष्ट्रिय प्रसारण लाइन नपुगेको र पुऱ्याउन सम्भव नभएका क्षेत्रमा नवीकरणीय उर्जाको माध्यमबाट विद्युत पहुंच बिस्तार गर्ने

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार उर्जा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.१ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | दाउरामाथिको निर्भरता | | | | ७५ | ७० | ६५ |
| २ | विद्युत सेवा पुगेका घरपरिवार | | | | ९६ | ९७ | ९८ |
| ३ | स्टील तथा सिमेन्ट पोलको कभरेज | | | | ७० | ८० | १०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा उर्जा उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

***तालिका ५.२ उर्जा उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ८०० | ८०० | ० | ० | ८०० | ० | ० | ० |
| २०८३/८४ | १५०० | १५०० | ० | ० | १५०० | ० | ० | ० |
| २०८४/८५ | ८०० | ८०० | ० | ० | ८०० | ० | ० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको उर्जा उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

*तालिका ५.३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत पहुँच विस्तार कार्यक्रम | भरपर्दो र गुणस्तरीय उर्जाको पहुंच विस्तार गरी आर्थिक तथा सामानिक समृद्धि हासिल गर्नु | | | ९८ प्रतिशत घरपरिवारमा विद्युत पहुँच पुगेको हुने |
| २ | वैकल्पिक उर्जा कार्यक्रम | वैकल्पिक उर्जाको प्रयोग बृद्धि गर्नु | | | वैकल्पिक उर्जाको प्रयोग बृद्धि गरी दाउरामाथिको निर्भरता घटाउने |
| | **जम्मा** | | | | |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

यस गाउँपालिकाका झण्डै ९६ प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको भएपनि गुणस्तरीय विद्युत सेवाको आपूर्ति भने गाउँपालिका भरीनै छैन । खाना पकाउन प्रयोग गर्ने इन्धनमा दाउरामाथिको निर्भरता झण्डै ८० प्रतिशत कायमै छ । यस गाउँपालिकामा विद्युत प्राधिकरणको इकाई नभएकोले प्राधिकरणसँग समन्वय गर्न कठीन हुन सक्ने जोखिम रहेको छ ।

## ५.२ सडक र यातायात पूर्वाधार

### ५.२.१ पृष्ठभूमि

सडक पूर्वाधारको विकासले उत्पादकत्व बृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ । यस गाउँपालिकामा रणनीति सडक १३.७८ कि.मि. प्रदेशिक सडक ५२.२७ कि.मि. र स्थानीय सडक ३२३.६६ कि.मि. गरी कुल ३८९.७१ कि.मि. रहेको छ । यसमध्ये कालोपत्रे सडक २२.२३ कि.मि., ०.६७ कि. मि. ढलान सडक, ५४.१६ कि.मि. ग्राभेल सडक, २९९.१८ कि.मि. कच्ची र १३.८ कि.मि. नयां ट्र्याक सडक रहेको छ । पुल तर्फ ३ वटा पक्की पुल, ३ वटा कल्भर्ट,१ वटा झोलुङ्गे पुल रहेका छन् । सडक तथा पुल पूर्वाधारहरुको गुणस्तरीय स्तरोन्नति गर्न सकिएमा आवतजावतमा सुविधा भई स्थानीय उत्पादनको बजारीकरण तथा आवश्यक वस्तुहरुको आपूर्ति व्यवस्थापनमा सहजता आई समग्र आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने देखिन्छ ।

### ५.२.२ प्रमुख समस्या

पर्याप्त मात्रामा आर्थिक, प्राविधिक एवं भौतिक स्रोतको अभाव हुनु, यातायात पूर्वाधारमा अपेक्षित एकीकृत विकास नहुनु, मापदण्ड बिना योजना पहिचान तथा छनोट हुनु, वर्तमान अवस्थामा अति सीमित मात्रामा यातायात सञ्जाल विकास हुनु, भौगोलिक बिकटता हुनु, सहायक मार्गहरु अधिकाँश सडक कच्ची भएकोले ती क्षेत्रमा सडकको भाडादर

महङ्गो हुनु, क्षमता भन्दा बढी यात्रुहरू बोकी जोखिमयुक्त यात्रा गर्ने प्रवृत्ति वढ्दो हुनु, सवारी नियमको बेवास्ता गर्ने प्रवृत्ति वढ्दो हुनु, निर्माण भइसकेका सडकहरू मर्मत तथा संरक्षणको अभावमा हुनु, अधिकांश निर्माणाधीन सडकहरू बजेट नपुगका कारण सुस्त गतिमा निर्माण हुनु, सडकको लम्बाइ बृद्धि साथै मर्मत सम्भारको दायित्व बृद्धि भए अनुरुप स्रोत व्यवस्थापन नहुनु जस्ता समस्याहरू यस गाउँपालिकामा रहेका छन् ।

### ५.२.३ चुनौती तथा अवसर

शाखा सडकहरु बाह्रमैना सञ्चालनयोग्य बनाउनु, खोल्सी तथा खोलाहरुमा पुल पुलेसा निर्माण गर्नु, शाखा सडकहरुको स्तरोन्नति गर्नु, विवादित मुख्य सडकहरुको निर्माण सम्पन्न गर्नु, यातायात गुरुयोजना अनुसारको मापदण्ड कार्यान्वयन गर्नु, ठेक्का व्यवस्थापनबाट सडक योजनाहरु गुणस्तरयुक्त ढंगले निर्माण गर्नु, सडक प्रति सर्वसाधारणको अपनत्व सिर्जना गर्नु चुनौतिपूर्ण छ । प्रदेश गौरबका योजना अन्तरगतको शालिग्रम करिडोर यस गाउंपालिकामा पनि पर्नु, रणनीतिक तथा प्रादेशिक सडक सञ्जाल मार्फत यस गाउंपालिकाको ठूला राजमार्गहरुसंग पहुंच स्थापित हुनु, रणनीतिक र प्रादेशिक सडकको निर्माण तथा स्रोत व्यवस्थापन संघीय र प्रदेश सरकारको जिम्मेवारीमा पर्नु, तीनवटै सरकारको प्राथिमकतामा सडक निर्माण पर्नु अवसरको रुपमा रहेको छ ।

### ५.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"द्रूत सामाजिक विकास र आर्थिक समृद्धिको आधार, सबल यातायात पूर्वाधार"***

**लक्ष्य**

गुणस्तरीय र सबल सडक पूर्वाधारको विकास, विस्तार र व्यवस्थापन गरी सामाजिक आर्थिक अवसरहरुमा नागरिकहरुको पहुँच बृद्धि गर्ने

**उद्देश्य**

१ दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जाल विस्तार गर्नु,

२ सडक पूर्वाधारको संरक्षण, मर्मत संभार तथा व्यवस्थापन गरी सहज सञ्चालनयोग्य बनाउनु ।

### ५.२.५ रणनीति

१ गाउँपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुऱ्याउन सक्ने गरी रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने,

२ छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरुको अवलम्बन गर्ने,

३ दुर्गम गाउँ बस्तीमा आवतजावतको पहुँच पुऱ्याउन झोलुङ्गेपुल निर्माण गर्ने,

४ सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहभागितामा सडकको संरक्षण मर्मतसंभार तथा व्यवस्थापन गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार सडक तथा यातायात पूर्वाधार उपक्षेत्र नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.४ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | कालोपत्रे सडक | कि.मी. | | | २५ | ३० | ३५ |
| २ | ग्राभेल सडक | कि.मी. | | | ५५ | ६५ | ७५ |
| ३ | कच्ची सडक | कि.मी. | | | २९० | २७५ | २५५ |
| ४ | ३० मिनेटसम्मको दूरीमा सडक यातायात पहुँच परिवार | प्रतिशत | | | ६० | ७० | ८० |
| ५ | पुलको जम्मा संख्या | संख्या | | | १० | ११ | १३ |
| ६ | झोलुङ्गे पुल निर्माण | संख्या | | | ० | १ | १ |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा सडक तथा यातायात पूर्वाधार उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

***तालिका ५.५ सडक तथा यातायात पूर्वाधार उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ९८६२० | ३२० | ९८३०० | ० | ४०५२ | ७८८९६ | १५६७२ | ० |
| २०८३/८४ | ९८५२० | २२० | ९८३०० | ० | ४३५५ | ७८८७६ | १५२८९ | ० |
| २०८४/८५ | ९८५२० | २२० | ९८३०० | ० | ४४७८ | ७८८१६ | १५२२६ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सडक तथा यातायात पूर्वाधार उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक विस्तार तथा स्तरोन्नति कार्यक्रम | दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो सडक सञ्जाल विस्तार गर्नु | सालबसाली | २८९०१० | गाउँपालिकामा कुल कालोपत्रे सडकको लम्बाई ३५ कि.मी. पुगेको हुने र ३० मिनेटको दूरीमा सडक यातायात पहुँच परिवार ८० प्रतिशत पुग्ने |
| २ | सडक संरक्षण तथा मर्मत संभार कार्यक्रम | सडक पूर्वाधारको संरक्षण, मर्मत संभार तथा व्यवस्थापन गरी सहज सञ्चालनयोग्य बनाउनु | सालबसाली | ६६५० | सडक सम्पत्तिको संरक्षण तथा हेरचाह सम्बन्धी कार्यविधि निर्माण भै नियमित सडक सरसफाईका लागि हेरालुको समेत व्यवस्था भएको हुने |
| | **जम्मा** | | | **२९५६६०** | |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

यस उपक्षेत्रका आयोजना तथा कार्यक्रमहरु संघ, प्रदेश तथा स्थानीय तहको समन्वय र सहकार्यमा छनौट, विकास र कार्यान्वयन गर्नु पर्ने हुन्छ । गाउँपालिकाको आवश्यकतालाई मध्यनजर गरी विस्तृत आयोजना प्रस्ताव गरेर प्राथमिकताका आधार वहुवर्षीय रुपमा कार्यान्वयनका लागि बजेट विनियोजन भई कार्यान्वयन हुनेछन् । तथापी, संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ । त्यसैगरी, भइरहेका सडकहरु विस्तृत परियोजना प्रतिवेदन नबनाई सडक निर्माण गरिएका कच्ची सडक भएकाले नियमित यातायात सेवा सञ्चालनमा चुनौती छ ।

## ५.३ भवन निर्माण, आवास तथा शहरी विकास

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधानले आवास सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गर्दै व्यवस्थित वसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधारयुक्त, वातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकका रुपमा प्रत्याभूत गरेको छ । भौगोलिक हिसावले विकट र छरिएर रहेका तथा विपदको जोखिममा रहेका घर परिवारलाई सुविधासम्पन्न, वातावरणमैत्री आवासको व्यवस्थापन र विपन्न घरपरिवारले उचित बासको व्यवस्था र अनधिकृत तथा अव्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ । त्यसै गरी दिगो सामाजिक तथा आर्थिक विकासको लागि भवन निर्माण क्षेत्रको महत्वपूर्ण योगदान रहेको हुन्छ । शहरीकरणलाई व्यवस्थित गर्न तथा सुरक्षित भवन निर्माण गर्न राष्ट्रिय भवन संहितालाई स्थानीयस्तरमा संस्थागत गरी ग्रामीण तथा बजार क्षेत्रका वस्तीहरुमा सुरक्षित, स्वास्थ्यकर, वातावरणमैत्री र किफायती भवन निर्माण गर्ने वातावरण तयार गर्नुपर्ने हुन्छ ।

यस गाउंपालिकाका ९६.६% घरपरवार आफ्नै घरमा बस्छन् । घिरिङ गाउँपालिकाका ८१.७ प्रतिशत घरहरु माटोको जोडाई भएको ईँटा/ढुङ्गाको गारोबाट बनेका छन् । सिमेन्टको जोडाई भएको इटा/ढुङ्गाको गारो भएका घरहरु जम्मा १५.७ प्रतिशत मात्र रहेको छ । जस्तापाताका छाना भएका घरहरु ७८.४ प्रतिशत छन् । अझै ३.४ प्रतिशत घरहरु खर/परालका छाना भएका छन् । सुविधासम्पन्नताको हिसाबले यहाँका अधिकांश घरहरु कमजोर अवस्थामा छन् । यस गाउंपालिकामा भवन संहिता लागु भैसकेको भएपनि धैरै घरहरु अभिलेखीकरण हुन बांकी छ । नयां भवन निर्माण गर्दा नक्शापास गरेर मात्र निर्माण गर्नुपर्ने प्रावधान भएपनि अझै प्रचार प्रसार गर्नुपर्ने अवस्था छ ।

### ५.३.२ प्रमुख समस्या

ग्रामिण क्षेत्रमा भवन निर्माण गर्दा प्राविधिक परामर्श नलिनु, गाउंपालिकाभित्र निर्माण हुने भवनहरु सुरक्षित, स्वस्थकर र सुविधायुक्त नहुन, भवन संहिता पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु, भवन निर्माण गर्ने कामदारको दक्षता कमजोर हुनु, सामुदायिक भवनहरु अव्यवस्थित तरिकाले निर्माण हुनु, अझै झैण्डै ४ प्रतिशत घरपरिवार खरको छानायुक्त घरमा बस्नु यहाँका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ५.३.३ चुनौती तथा अवसर

भवन संहिता पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनु, सरकारी तथा निजी आवासहरु भूकम्प प्रतिरोधी, वातावरणमैत्री, स्वास्थ्यकर र किफायती बनाउनु, निजी आवास निर्माणमा प्राविधकको संलग्नता गराउनु, अधिकांश भूभाग ग्रामिण क्षेत्र रहेको यस गाउंपालिकामा भवन निर्माण सम्बन्धी दक्ष कामदार प्रयोग गर्नु, भुमिहिन घरपरवारलाई जग्गा उपलब्ध गराउनु र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गर्नु कम चुनौतिपूर्ण छैन । यी चुनौतिका बावजुद राष्ट्रिय भवन संहिता कार्यान्वयनमा हुनु, भूकम्प प्रतिरोधी, वातावरणमैत्री, स्वास्थ्यकर र किफायती भवन निर्माणमा जनचासो बढ्दै जानु, भवन निर्माणमा प्राविधिकको संलग्नता बढ्दै जानु, भवन निर्माण समबन्धी दक्ष कामदार उपलब्ध हुनु, भूमि सम्बन्धी समस्या समाधानका लागि आयोग गठन भई कार्य अगाडी बढाउनु, जनता आवास तथा सुरक्षित आवास जस्ता कार्यक्रम कार्यान्वयनमा हुनु जस्ता अवसरहरुले सडक तथा यातायात पूर्वाधार क्षेत्रको विकासको सम्भावनालाई सहज बनाउने अपेक्षा गर्न सकिन्छ ।

### ५.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"दिगो विकासका लागि सुरक्षित आवास, पहिचानयुक्त भवन निर्माण"***

**लक्ष्य**

सुरक्षित, किफायती र पहिचानयुक्त भवन निर्माण गर्ने

**उद्देश्य**

१ स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नविनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरु निर्माण गर्नु,

२ ग्रामिण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्ने,

३ एकीकृत सेवा प्रदायक बहु उपयोगी र बहुउद्देशीय भवन निर्माण गरी बहु उपयोगमा ल्याउनु,

४ विपन्न घरपरिवारको सुरक्षित आवास निर्माण गर्नु।

### ५.३.५ रणनीति

१ स्थानीय पहिचान भएको सुरक्षित, वातावरणमैत्री र किफायती भवनहरुको निर्माण गर्ने,

२ ग्रामिण क्षेत्रका बजारोन्मुख क्षेत्रमा शहरी विकासका पूर्वाधार विकास गर्ने,

३ सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन सरकारी भवनहरुको एकीकृत रुपमा डिजाइन र निर्माण गर्ने,

४ पुराना सरकारी भवनहरुलाई स्तरोन्नति गरी थप कार्यमूलक बनाउने,

५ आफ्नो सुरक्षित घर बनाउन नसक्ने घरपरिवारको आवास निर्माण गर्ने,

६ खर वा खरजन्य सामग्रीबाट बनेको छानो हुने घरपरिवारलाई जस्तापाताको छानोद्वारा प्रतिस्थापन गर्ने।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार भवन निर्माण, आवास तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.७ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व अनुमानित को उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | घरको छानो खरको भएको परिवार | प्रतिशत | | | ३ | २.५ | २ |
| २ | भवन निर्माण मापदण्ड | संख्या | | | १ | ० | ० |
| ३ | एकीकृत पूर्वाधार निर्माण भएका बजार केन्द्र | संख्या | | | २ | १ | १ |
| ४ | वहुउपयोगी तथा वहुउद्देश्यीय सामुदायिक भवन | संख्या | | | १ | १ | १ |
| ५ | टिनको छानोबाट खरको छानो प्रतिस्थापन भएको घर | संख्या | | | १५ | १५ | १५ |
| ६ | जनता आवास सुविधा पाएका घरपरिवार | संख्या | | | १० | १० | १० |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा भवन निर्माण, आवास तथा शहरी विकास उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ५.८ भवन निर्माण, आवास तथा शहरी विकास उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ४२५० | ५५० | ३७०० | ० | ८५० | ३४०० | ० | ० |
| २०८३/८४ | ४९५० | २५० | ४७०० | ० | ९९० | ३९६० | ० | ० |
| २०८४/८५ | ४२०० | ५०० | ३७०० | ० | ८४० | ३३६० | ० | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको भवन निर्माण, आवास तथा शहरी विकास उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भवन निर्माणमा स्थानीय निर्माण सामग्री उपयोग प्रबर्द्धन कार्यक्रम | स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नविनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरु निर्माण गर्नु | सालबसाली | १३०० | भवन निर्माण मापदण्ड निर्माण भै भवन निर्माणमा स्थानीय निर्माण सामग्रीको उपयोग भएको हुने |
| २ | एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम | ग्रामिण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्ने | २०८४/८५ मा ४ सम्पन्न | १०६०० | ४ वटा बजार केन्द्रहरुमा एकीकृत शहरी पूर्वाधार निर्माण सम्पन्न भएको हुने |
| ३ | बहुउपयोगी सामुदायिक भवन निर्माण कार्यक्रम | एकीकृत सेवा प्रदायक बहु उपयोगी र बहुउद्देशीय भवन निर्माण गरी बहु उपयोगमा ल्याउनु | सालबसाली | १५०० | ३ वटा वडामा एक एक वटा वहुउपयोगी सामुदायिक भवन निर्माण भएको हुने |
| ४ | जनता आवास तथा सुरक्षित आवास कार्यक्रम | विपन्न घरपरिवारको सुरक्षित आवास निर्माण गर्नु | सालबसाली | संघ र प्रदेश | ३० वटा घर जनता आवास र ४५ वटा घर सुरक्षित आवास सेवा प्राप्त गरेको हुने |
| | **जम्मा** | | | **१३४००** | |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

भवन निर्माण मापदण्ड गाउँपालिकाभर लागु गर्ने, प्रदेश सरकार तथा संघीय सरकारबाट स्रोत व्यवस्था गरी योजना कार्यक्रम सफलतापूर्वक कार्यान्वयन गर्ने अनुमान रहेकोमा सबै जसो भाग ग्रमिण क्षेत्र रहेकोले भवन मापदण्ड लागु गर्न समस्या हुन सक्ने र संघीय र प्रदेश सरकारबाट लगानी हुने गरी प्रस्ताव गरिएका कार्यक्रम/योजनाहरु संघीय र प्रदेश सरकारबाट बजेट विनियोजन नभएमा कार्यान्वयन हुन कठीन हुने जोखिम देखिन्छ ।

## ५.४ सञ्चार तथा सूचना प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र सम्बर्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यवसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ । बदलिंदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्वन गर्नुपर्ने आवश्यकता महशुस गरी एकिकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार घिरिङ गाँपालिकामा रेडियो हुने घरपरिवार ११५५, टेलीभिजन हुने १०७२, कम्प्यूटर हुने १४७, इनटरनेट हुने २४१, साधारण मोवाइल फोन प्रयोगकर्ता २९७०, स्मार्ट मोबाइल फोन प्रयोगकर्ता २६३८ रहेका छन् । इन्टरनेट सेवा लिने ज्यादै कम ६.३७% घरपरिवार मात्र देखिएको छ । मोवाईल प्रयोगकर्ता पनि कुल घर परिवारको झण्डै ८०% रहेको देखिन्छ । इन्टरनेट जडान भएको घरपरिवार कम भएपनि मोबाइल फोन प्रयोगकर्ता ८० प्रतिशत रहेको र मोबाइल सेवा प्रदायकहरुले डाटा मार्फत पनि इन्टरनेट सेवा उपलब्ध गराइरहेकोले इन्टरनेट सेवा लिन चाहेमा लिन सक्ने अवस्था भएकोले इन्टरनेट पहुंच घरपरिवार पनि झण्डै ८० प्रतिशत रहेको अनुमान गर्न सकिन्छ ।

गाउँपालिकाले आफ्नो सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाउँदै लगेको छ । गाउँपालिकाको आफ्नै डिजिटल प्रोफाइल प्रयोग भइरहेको छ । SuTRA, PAMS, VRS, IEMIS, DHIS, EHMIS, EMIS, स्थानीय राजस्व प्रणालीहरु प्रयोगमा छन् । गाउँपालिकाको भुक्तानी प्रणाली पूर्ण रुपमा विद्युतीय (EFT) छ भने ठेक्का प्रक्रिया पनि पूर्ण रुपमा विद्युतीय प्रणाली (e-bidding) प्रयोग गरिएको छ । योजना व्यवस्थापन प्रणाली, दर्ता तथा चलानी प्रणाली प्रयोगमा ल्याउन लागिएको छ भने आवश्यकता अनुसार थप सफ्टवेयरहरुको प्रयोग बढाउँदै लगि गाउँपालिकालाई पूर्ण रुपमा विद्युतीय शासन प्रणालीमा रुपान्तरण गर्ने तर्फ अगाडी बढी रहेको छ ।

### ५.४.२ प्रमुख समस्या

सूचना तथा सचार सम्बन्धी पर्याप्त नीतिगत र कानूनी व्यवस्था नहुनु, आमसञ्चार माध्यम पूर्णरूपमा मर्यादित, जिम्मेवार, जवाफदेही हुन नसक्नु, भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई द्रुतता दिन समस्या रहेको, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु, अधिकांश स्थानहरूमा अप्टिकल फाइवर पुग्न नसकेको आदि यस क्षेत्रका समस्याका रुपमा रहेकाछन् । यसका अतिरिक्त कतिपय बस्तीहरुमा मोबाइल नेटवर्क कमजोर हुनु, ICT व्यवस्थापन गर्ने दक्ष जनशक्तिको अभाव हुनु, प्रयोगमा आएका सफ्टवेयहरुको नियमित सञ्चालन तथा अद्यावधिक हुन नसक्नु, प्रविधिको दुरुपयोगले परिवार समाजमा नकारात्मक प्रभाव पर्नु, सूचना प्रविधिको नियमन सम्बन्धी प्रभावकारी कानूनी व्यवस्था हुन नसक्नु, तथ्याङ्कको सुरक्षित भण्डारणको व्यवस्था हुन नसक्नु, साइबर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको अभाव हुनु पनि समस्याका रुपमा रहेका छन् ।

### ५.४.३ चुनौती तथा अवसर

पहाडी भूभागमा सूचना तथा सञ्चार प्रविधि सेवा गुणस्तरीय र भरपर्दो बनाउनु, सूचना प्रविधिको दुरुपयोग नियन्तरण गर्नु, सुरक्षित तथ्यांक भण्डारण गर्नु, विद्युतीय शासन प्रणाली दिगो रुपमा अबलम्बन गर्नु, विद्युतीय सेवा प्रवाहमा सबै नागरिकको पहुंच स्थापित गर्नु, संचार संस्थाहरुको संख्यात्मक बृद्धिसँगै गुणात्मक विकास गर्नु र विद्युतीय सञ्चार माध्यम र साधनहरुको दुरुपयोग नियन्त्रण गर्नु चुनौतिपूण छ । गाउँपालिकाले उपयोगमा ल्याएका सफ्टवेयरहरुको सुरक्षण प्रणाली मजबुत बनाउनु, साइवर सुरक्षाका लागि संस्थागत र प्राविधिक जनशक्तिको व्यवस्था गर्नु, अनलाइन माध्यमबाट हुने व्यावसायिक कारोवार सञ्चालनका लागि मार्गचित्र तय गर्नु जस्ता थप चुनौतिहरु पनि विद्यमान छ । तथापी सूचनाको हक मौलिक हकको रुपमा संवैधानिक व्यवस्था हुनु, साइबर सुरक्षा कानूनहरु निर्माण हुंदै र परिमार्जन हुंदै जानु, दूर सञ्चार सेवा प्रदायकहरुको सेवा ग्रामिण क्षेत्रमा पनि पहुंच हुंदै जानु, सूचना प्रविधिको लागि आवश्यक विद्युत आपूर्ति सुविधा उपलब्ध हुनु, सूचना तथा सञ्चार प्रविधि विस्तारका लागि निजी क्षेत्रका सेवा प्रदायकहरु उपलब्ध हुनु जस्ता अवसरहरुले सूचना प्रविधि क्षेत्रको विकासमा प्रसस्त सम्भावना देखिन्छ ।

### ५.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***'सूचना प्रविधि तथा सञ्चार, सुशासनयुक्त घिरिङ गाउँपालिकाको आधार''***

**लक्ष्य**

सूचना तथा सञ्चार प्रविधिको विकास गर्दै आम नागरिकको पहुंच तथा उच्चतम उपयोग सुनिश्चित गरी प्रविधियुक्त समाजको निर्माण गर्ने

**उद्देश्य**

१ सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र पहुंचयोग्य बनाउनु,

२ सूचना तथा सञ्चार प्रविधिको प्रयोग शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायमा समेत विस्तार गर्दै गाउंपालिकालाई विद्युतीय शासनमा परिणत गर्दै जानु।

### ५.४.५ रणनीति

१ गुणस्तरीय इन्टरनेट सेवाको पहुंच विस्तार गर्ने

२ सञ्चार प्रविधिको सेवा प्रदायकहरुसंग समन्वय गरी सञ्चार प्रविधिको पहुंच गुणस्तरीय र सर्बसुलभ बनाउने

३ गाउँपालिकाका भित्रका सबै विद्यालयमा इन्टरनेटको पहुँच गुणस्तरीय र दिगो बनाउने

४ गाउँपालिकाबाट प्रवाह हुने सबै सेवामा सूचना प्रविधिको प्रयोग बढाउने

५ कृषि, उद्योग, व्यवसाय क्षेत्रमा सूचना प्रविधिको प्रयोग अभिबृद्धि गरी लाभ लिन सक्ने बनाउने

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार सञ्चार तथा सूचना प्रविधि उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.१० आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | सूचना प्रविधिको प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ९० | ९५ | ९७ | ९९ |
| २ | पालिकाबाट सफ्टवेयर मार्फत प्रवाह भएको सेवा | संख्या | | ९ | १० | १२ | १४ |
| ३ | मोवाइल फोन प्रयोग गर्ने घरपरिवार | प्रतिशत | | ९० | ९५ | ९७ | ९९ |
| ४ | इन्टरनेट सेवा जडान भएको विद्यालय | संख्या | | १५ | २५ | ३० | ३३ |
| ५ | व्यावसायिक कारोबारमा सूचना प्रविधि प्रयोग गर्ने व्यवसायी | प्रतिशत | | ५ | १० | २० | ३० |
| ६ | गाउँपालिकाले प्रयोगमा ल्याएको अनलाइन सेवा | संख्या | | ८ | ९ | १० | १२ |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा सञ्चार तथा सूचना प्रविधि उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ५.११ सञ्चार तथा सूचना प्रविधि उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | २८४० | १८४० | १००० | ० | ० | २८४० | ० | ० |
| २०८३/८४ | १८०० | १८०० | ० | ० | ० | १८०० | ० | ० |
| २०८४/८५ | १८०० | १८०० | ० | ० | ० | १८०० | ० | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको सञ्चार तथा सूचना प्रविधि उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ५.१२ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार सुविधा सुधार तथा विस्तार कार्यक्रम | सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र पहुंचयोग्य बनाउनु | सालवसाली | ४० | ९० प्रतिशत घरपरिवारले सूचना प्रविधि सेवाको प्रयोग गरेको हुने |
| २ | विकास तथा सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग विस्तार कार्यक्रम | सूचना तथा सञ्चार प्रविधिको प्रयोग शिक्षा, स्वास्थ्य, कृषि, उद्योग व्यवसायमा समेत विस्तार गर्दै गाउंपालिकालाई विद्युतीय शासनमा परिणत गर्दै जानु | सालबसाली | ६४०० | गाउँपालिकाबाट सफ्टवेयर मार्फत प्रवाह हुने सेवाको संख्या १२ पुग्ने र शिक्षण सिकाई तथा व्यवसायमा समेत सूचना प्रविधिको प्रयोग बृद्धि हुँदै गएको हुने |
| | **जम्मा** | | | **६४४०** | |

### ५.४.९ जोखिम पक्ष तथा अनूमान

सूचना प्रविधि सेवा प्रदायकहरुले गुणस्तरीय सेवा विस्तार गर्ने र गाउँपालिकाकामा गुणस्तरीय सफ्टवेयर प्रदायकहरु उपलब्ध भई सूचना प्रविधि क्षेत्रका योजना/कार्यक्रमहरु नतिजामूलक रुपमा सम्पन्न हुने अनुमान गरिएको छ। नेपाल टेलिकमले पाँचौ पुस्ताको इन्टरनेट प्रविधि उपलब्ध गराइसकेको अवस्थामा घिरिङमा तेस्रो पुस्ता मात्र रहेकोले मुख्य शहरमा पाइरहेको सुविधा प्राप्त गर्न चुनौति रहेको छ। नगर भित्रका पर्यटकीय क्षेत्रहरूमा अप्टिकल फाइबर मार्फत इन्टरनेट सुविधा पुऱ्याउनु चुनौतिपूर्ण रहेको छ।

# परिच्छेद ६ : वन, वातावरण र विपद् व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन तथा जैविक विविधता, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन र विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, सोच, लक्ष्य, उद्देश्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

गाउँपालिकाको कुल क्षेत्रफल १२६.६ वर्ग कि. मी. मध्ये ६४.३ वर्ग कि. मी. (५०.७९%) वनले ढाकेको छ । यहां विभिन्न प्रजातिका वनस्पति तथा जडीबुटीहरु, चराचुरुङ्गीहरु एवं वन्यजन्तुहरु पाइन्छ । गाउंपालकाभित्र रहेका ४० वटा समुदायिक वनहरु जैविक विविधता संरक्षणका केन्द्रका रुपमा रहेका छन् । यहां मुख्य गरेर साल, सिसौ, सल्लो, चिलाउने, कटुश, खयर, बकाइनो, जामुन, बुढधयेंरो, सिमल जस्ता काष्ठजन्य वनसपतिहरु पाइन्छन् । सालधूप, बेल, तेजपत्ता, सिउंडी, सजीवन, अभिजाले, मेहेल, बकाइनो, रिठो, शिकारी लहरा, ऐंसेलु, अमला, डुम्री, धयेंरो, भोर्ला, पानी अमला, खनिउं, मौवा, भकिम्लो, घोडटाप्रे, बादलपाते, उन्यु जस्ता महत्वपूर्ण जडिबुटी तथा गैर काष्ठ वन पैदावारहरु पाइन्छन् । यस्तै गरी यहां पाइने मुख्य वन्यजन्तुहरुमा चितुवा, बांदर, फ्याउरो, मृग, दुम्सी, वनबिरालो, मलसाप्रो, स्याल, गोहोरो, बंदेल रहेका छन् भने चराचुरङ्गीहरुमा कालिज, वन कुखुरा, मलेवा, लामपुच्छ्रे, धोबिनी, भंगेरा, डांग्रे, काग, कोइली, चिल, ढुकुर, बट्टाइ, तित्रा, फिष्टेचारा, न्याउली, जुरेली, काफलपाक्यो, बिउकुह्यो, गौथली, लाटोकोसेरो, चमेरो, लाहाचे आदि रहेका छन् । त्यसैले यो गाउंपालिका जैविका विविधतामा पनि धनी छ ।

### ६.१.२ प्रमुख समस्या

उत्पादनशील वनलाई वैज्ञानिक व्यवस्थापन गरी पूर्ण क्षमतामा उपयोग गर्न नसकिएको, वन तथा हरियालीमा गाउँपालिकाको लगानी ज्यादै न्यून रहेको, अव्यवस्थित भौतिक संरचना निर्माणका कारण वन क्षेत्रको अतिक्रमण, विनास र क्षयीकरण हुने गरेको, वन पैदावारलाई गरिबी निवारणको साधनका रुपमा प्रयोग गर्दै स्थानीय समुदायलाई उद्यमशिल बनाउन नसकिएको, कार्बन उत्सर्जनको क्षमता अभिवृद्धि गरे वापत प्राप्त हुने (रेड परिक्षण) रकममा स्थानीय समुदायको पहुँच स्थापना गर्नु र गैरकाष्ठ पैदावर पकेट क्षेत्रको रुपमा विकास गर्न नसकिएको, अनियन्त्रित वन फडानी हुने गरेके, प्रत्येक वर्ष अनियन्त्रित डढेलो प्रकोप हुने गरेको, सामुदायिक वन व्यवस्थापन गाउंपालिकाको दायरामा ल्याउन नसक्नु, संस्थागत समन्वयको अभाव हुनु यस क्षेत्रका विद्यमान समस्यहरु हुन् ।

### ६.१.३ चुनौती तथा अवसर

वन्यजन्तु-मानव अन्तरद्वन्द्व समाधान गर्नु, डढेलो र अनियन्त्रित वन फडानी नियन्त्रण गर्नु, जैविक विविधतको संरक्षण गर्नु, Ecosystem (परिस्थितिक प्रणाली) लाई सन्तुलनमा राख्नु, वन्यजन्तु तथा वनजन्य वस्तुको चोरी सिकारी नियन्त्रण गर्नु, मौजुदा प्राकृतिक स्रोत साधनको वातावरणमैत्री उपयोग गर्नु, वातावरणमैत्री विकास निर्माण कार्य गर्नु वन, जैविक

विविधता तथा जलाधारको दिगो र सहभागीतामूलक व्यवस्थापनबाट वातावरणीय सन्तुलन र दिगो विकास गर्न वनजन्य उद्यम तथा पर्यटनको विकास तथा वनजन्य वस्तु तथा सेवा उत्पादन गर्ने राष्ट्रिय लक्ष्य अनुसार वन क्षेत्रको पूर्णक्षमताको उपयोग हुने गरी वस्तु तथा सेवा विविधीकरण गर्नु प्रमुख चुनौतिका रुपमा रहेका छन् । इकोटुरिजम कार्बन व्यापार र जैविक कृषि प्रबर्द्धन गर्न सकिने, वातावरणमैत्री पूर्वाधार विकास प्रविधिको विकास, एग्रोटुरिजमको विकास गर्न सकिने, दिगो विकास लक्ष्यमा वन तथा जैविक विविधताको संरक्षण पर्नु, झण्डै ५१ प्रतिशत भूभाग वनले ढाकिनु, वन व्यवस्थापन समुदायमा हस्तान्तरण हुनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन् ।

### ६.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"वन तथा जैविक विविधताको दिगो व्यवस्थापन, घिरिङ गाउँपालिकाको समृद्धिमा योगदान"***

**लक्ष्य**

जैविक विविधताको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्दै वन तथा वनजन्य स्रोतहरुको उत्पादकत्व बृद्धि गर्ने

**उद्देश्य**

१ वन तथा परिस्थितिकीय प्रणालीको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु,

२ वन लगायत प्राकृतिक स्रोत साधनलाई आय आर्जनको आधारको रुपमा विकास गर्नु ।

### ६.१.५ रणनीति

१.१ वनलाई संरक्षणमुखी व्यवस्थापनबाट उत्पादनमुखी व्यवस्थापनमा रुपान्तरण गर्ने

१.२ वन पैदावारमा आधारित उद्यमशिलता र रोजगारी बृद्धि गर्ने

२.१ वन लगायतका प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसंग आबद्ध गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार वन तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ६.१ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | कुल भूभागको अनुपातमा वन क्षेत्र | | | ५०.७९ | ५१ | ५१.५ | ५२ |
| २ | सामुदायिक वन उपभोक्ता समिति | | | ४० | ४० | ४१ | ४२ |
| ३ | वनमा आधारित उद्यम स्थापना | | | ० | ० | १ | ० |
| ४ | जडीबुटी नर्सरी स्थापना | | | ० | १ | ० | ० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा वन तथा जैविक विविधता उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

*तालिका ६.२ वन तथा जैविक विविधता उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १६०० | १६०० | ० | ० | १६०० | ० | ० | ० |
| २०८३/८४ | १९०० | १४०० | ५०० | ० | १९०० | ० | ० | ० |
| २०८४/८५ | १५०० | १००० | ५०० | ० | १५०० | ० | ० | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको वन तथा जैविक विविधता उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

*तालिका ६.३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन तथा जैविक विविधता संरक्षण कार्यक्रम | वन तथा परिस्थितिकीय प्रणालीको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु | सालबसाली | ३१५० | ४२ वटा सामुदायिक वन उपभोक्ता समितिबाट व्यवस्थापन भै वन क्षेत्र ५२ प्रतिशत पुगेको हुने |
| २ | वनबाट आय आर्जन कार्यक्रम | वन लगायत प्राकृतिक स्रोत साधनलाई आय आर्जनको आधारको रुपमा विकास गर्नु | सालबसाली | १८५० | १ जडबुटी नर्सरी र १ वन पैदावारमा आधारित उद्योग स्थापना भएको हुने |
| | **जम्मा** | | | **५०००** | |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा स्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ। तर, नीति, कानून र कार्यक्रमहरू स्पष्ट पारी कार्यान्वयनमा ल्याउनु, भूकम्प, बाढी, भूस्खलनबाट परिस्थितिकीय सेवामा भएको विनाश, वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुर्‍याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय तहको क्षमता र जिम्मेवारी

वृद्धि गर्नु तथा गाउँपालिकाको भौतिक एवम् आर्थिक–सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व जोखिमका रुपमा रहेका छन् ।

## ६.२ वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

वातावरण निर्जिव वस्तु र सजिव प्राणीको एकीकृत घर हो । वातावरण संरक्षण आजको विश्वको प्रमुख आवश्यकता हो । अव्यवस्थित विकास गतिविधि वस्ती विकास तथा प्लष्टिकजन्य वस्तुहरुको उच्च प्रयोग वातावरणलाई अहित हुने क्रियाकलापहरु हुन् । जथाभावी उत्पादन, अव्यवस्थित भौतिक निर्माण कार्यहरु, अव्यवस्थित वसोवास तथा शहरीकरण, अव्यवस्थित फोहरमैला व्यवस्थापन, औषधीजन्य फोहर उत्पादन, जथाभावी रासायनिक पदार्थ तथा विषादीको प्रयोग, जंगल मास्ने वनस्पतिहरुको प्रकोप, अनियन्त्रित मानवीय क्रियाकलाप जस्ता कुराहरुले वातावरणीय क्षयीकरण भईरहेका छन् । वातावरणको दिगो व्यवस्थापन गरी भावी पुस्तालाई स्वच्छ र सफा पृथ्वी हस्तान्तरण गर्नु पर्ने जिम्मेवारी चुनौतिपूर्ण बन्दै गईरहेको छ । यस परिस्थितिमा संविधान र कानूनले नै वातावरण संरक्षण र सन्तुलन कायम गर्ने महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ ।

घिरिङ गाउँपालिकामा केही बजार केन्द्रमा बाहेक शहरीकरणको असर परिसकेको छैन । बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा घरयासी फोहर व्यवस्थापनको खासै समस्या देखिंदैन । कुहिने फोहरहरु धेरैजसो घरपरिवारले आफ्नै मलखादमा व्यवस्थापन गर्छन् । तर प्लाष्टिकजन्य तथा नकुहिने फोहर भने अज्ञानताका कारणले जथाभावी फाल्ने तथा जलाउने गरेको पाइन्छ, जुन वातावरणका लागि घातक व्यवस्थापन हो । खानापकाउनका लागि झण्डै ८० प्रतिशत घरधुरीले खाना पकाउने इन्धनको रुपमा दाउरा प्रयोग गरिरहेका छन् । व्यवस्थित ढङ्गले दाउरा सङ्कलनको व्यवस्था गरिएन भने यसको चाप सिधै वनमा पर्न गइ वन विनास हुन सक्ने जोखिम बढ्न जान्छ । त्यसैले वातावरण संरक्षण र फोहरमैला व्यवस्थापनको उचित व्यवस्था गर्नुपर्ने अवस्था छ ।

### ६.२.२ प्रमुख समस्या

वातावर्णमैत्री विकास संस्थागत भै नसक्नु, भू-उपयोगमा आएको परिवर्तन, बढ्दो सवारी साधनको संख्या, अवैज्ञानिक ढंगबाट फोहरमैला वसर्जन, प्लाष्टिकजन्य फोहरको बढ्दोक्रम, प्राकृतिक स्रोतको अधिक दोहन, डढेलो नियन्त्रणको प्रभावकारी व्यवस्था नहुनु, फोहरमैला व्यवस्थापनको उचित पूर्वाधारको अभाव हुनु, बांदर लगायत खेतीबालीमा हानी गर्ने वन्यजन्तुहरुको नियन्त्रण गर्न नसक्नु, वनपोखरी तथा रिचार्ज पोखरी नहुनु, सार्वजनिक स्थलहरुबाट ढुङ्गा गिटी बालुवा माटोको अनियन्त्रित उत्खनन् र सङ्कलन हुनु, वर्षेनी बाढी पहिरो भूक्षयको प्रकोप सामना गर्न पर्नु यस क्षेत्रको प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ६.२.३ चुनौती तथा अवसर

मानव-वन्यजन्तु द्वन्द्व समाधान गर्नु, विकासका गतिविधिबाट हुने वातावरणी प्रभाव कम गर्नु, प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्नु, बजार क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्नु, नागरिकस्तरमा वातावरण संरक्षण सम्बन्धी दायित्वबोध

गराउनु चुनौतिपूर्ण छ भने वातावरण संरक्षण स्थानीय तहको अधिकार सूचीमा रहनु, प्रकृतिमा आधारित पर्यापर्यटनको सम्भावना हुनु, वातावरण संरक्षणको जिम्मेवारी तीनै तहको सरकारमा हुनु, वातावरण संरक्षण सम्बन्धी स्थानीय कानून बनाउने अधिकार पालिकामा हुनु, विकास निर्माणमा वातावरण मूल्याङ्कनको व्यवस्था हुनु यहाँको अवसरका रुपमा रहेका छन् ।

### ६.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारः समृद्ध घिरिङको आधार"***

**लक्ष्य**

वातावरणमैत्री विकास मार्फत सफा, स्वच्छ र हरित वातावरण सहितको समृद्धि हासिल गर्ने

**उद्देश्य**

१ वातावरण संरक्षण सहितको समृद्धि हासिल गर्नु,

२ फोहरमैलाको दिगो व्यवस्थापन गर्नु ।

### ६.२.५ रणनीति

१ वातावरणमैत्री प्रविधिको विकास तथा विस्तार गर्ने

२ उत्पादनमूलक उद्योग स्थापना तथा पूर्वाधार निर्माण गर्नु पूर्व वातावरणीय अध्ययन गर्ने व्यवस्था गर्न

३ फोहरमैला व्यवस्थापनलाई आयआर्जनसंग जोड्ने

४ जल, जमिन, ध्वनी तथा वायु प्रदूषण रोकथाम गर्ने

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ६.४ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | वातावरण सम्बन्धी कानून | संख्या | | ० | १ | १ | ० |
| २ | फोहरमैला व्यवस्थापनबाट प्राप्त आय | रु. हजारमा | | ० | | | |
| ३ | कवाडीबाट भएको आम्दानी | रु. हजारमा | | ० | | | |
| ४ | फोहरमैला व्यवस्थापन केन्द्र | संख्या | | ० | पहिचान | निर्माण | १ |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ६.५ वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १२०० | ८५० | ३५० | ० | १२०० | ० | ० | ० |
| २०८३/८४ | २८०० | १०५० | १७५० | ० | २८०० | ० | ० | ० |
| २०८४/८५ | २७०० | ९५० | १७५० | ० | २७०० | ० | ० | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ६.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वातावरण संरक्षण कार्यक्रम | वातावरण संरक्षण सहितको समृद्धि हासिल गर्नु | सालबसाली | १६५० | वातावरण सम्बन्धी २ वटा कानून बनी वातावरण संरक्षणमा योगदान पुगेको हुने |
| २ | फोहरमैला व्यवस्थापन कार्यक्रम | फोहरमैलाको दिगो व्यवस्थापन गर्नु | २०८४/८५ मा सम्पन्न, निरन्तर संचालन | ५०५० | फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालन भै फोहरबाट आय आर्जन भएको हुने |
| | **जम्मा** | | | **६७००** | |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र स्रोत साधन समयमा नै उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुने अनुमान गरिएको छ । तर फोहरमैला व्यवस्थापन केन्द्र/ल्याण्ड फिल साइट व्यवस्था गर्न जग्गाको व्यवस्था गर्न नसकिएमा र फोहरमैला व्यवस्थापनमा आम नागरिकलाई उत्प्रेरित गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहने देखिन्छ ।

## ६.३ विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण

### ६.३.१ पृष्ठभूमि

विभिन्न प्राकृतिक तथा मानव सिर्जित प्रकोपले धनजनको क्षति हुने जोखिम हुन्छ । अप्रत्यासित रुपमा आउने विपत्तीहरुको व्यवस्थापनको लागि पूर्व तयारी, विपदका बखत तथा विपदको घट्ना पछि उद्धार तथा पुनर्लाभको व्यवस्था गर्नुपर्ने हुन्छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, पूर्व तयारी, उद्धार, राहत एवं पुनर्स्थापना जस्ता कार्यहरु गर्नुपर्ने हुन्छ । यसका अलावा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने कार्य पनि आवश्यक हुन्छ । विपद व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा सहनशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक हुन्छ ।

नेपालमा खासगरी पूर्व मनसुन र मनसुनको समयमा हुने चट्याङ्ग, बाढी, पहिरो जस्ता विपदहरु बारम्वार सामना गर्नु परिरहेको हुन्छ । अव्यवस्थित भौतिक पूर्वाधारको निर्माणले भूक्षय भई खेतवारी नहर कुलो पानीको स्रोत जलाधार क्षेत्रमा क्षति पुऱ्याइरहेको छ । वन जंगलमा डढेलो लगाउँदा डढेलो फैलिन गई केयौं वन्यजन्तु तथा रुख विरुवा नष्ट हुनुका साथै कहिलेकांही वस्तीमा समेत क्षति पुगेको घट्नाहरु पनि वर्षेनी हामीले सुनिरहेकै छौं । राष्ट्रिय जनगणना, २०७८ वमोजिम गणना हुनुभन्दा अघिको १२ महिनामा ४ जना विपदको घट्नाबाट मृत्यु भएको तथ्याङ्क छ ।

### ६.३.२ प्रमुख समस्या

घिरिङ गाउँपालिकाको अधिकाँश भूभाग पहाडी भिरालो रहेकोले खासगरी पहिरोको जोखिम बढी रहेको छ भने खोला/खोल्सीहरुमा बाढीको प्रकोप पनि देखिन्छ । उच्च पहाडी देखि होचा फाँट र खोंचहरु रहेको र कालीगण्डकी जस्तो ठूलो नदी समेत रहेकोले विपद् व्यवस्थापनमा संस्थागत क्षमता तथा स्रोतको कमीका कारण विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी र प्रतिकार्यलाई पूर्ण रुपमा मूलधारमा ल्याउन सकिएको छैन । स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापन भएपनि नियमित सञ्चालनमा ल्याउन सकिएको छैन जसले गर्दा जोखिम सूचना संकलन तथा सञ्चार प्रणाली प्रभावकारी हुन सकेको छैन । विकास योजना र उत्थानशीलता रणनीतिहरुमा विपद् जोखिम सूचनाको एकीकरण नहुनुका कारण जोखिम व्यवस्थापनमा संस्थागत कमजोरी देखिन्छ । यसका अतिरिक्त वन फडानी नियन्त्रण हुन नसक्नु, अव्यवस्थित र जोखिमयुक्त बस्ती हुनु, नदी खोला नाला अनियन्त्रित दोहन हुनु, जलवायु परिवर्तनको प्रभाव देखापर्नु, प्रकोप रोकथाम र नियन्त्रणको प्रभावकारी संयन्त्रको अभाव हुनु, विकास निर्माण गतिविधि सञ्चालन गर्दा जोखिम न्यूनीकरणको उपाय अबलम्बन नगर्नु यस क्षेत्रको समस्याका रुपमा रहेका छन् ।

### ६.३.३ चुनौती तथा अवसर

यस गाउँपालिकामा विपद् प्रतिकार्यका सन्दर्भमा सामान्य विपद्हरुमा सहज जस्तो देखिएपनि ठूला विपद् आइलागेमा त्यसको सामना गर्न गाउंपालिकाको क्षमताले सम्भव देखिंदैन । विपद् पूर्वानुमान प्रणाली विकास गर्नु, विपद् प्रतिकार्य तथा जोखिम न्यूनीकरण सम्बन्धी सचेतना समुदायस्तरसम्म पुर्याउनु, एकीकृत विपद् व्यवस्थापन प्रणाली सहितको संयन्त्र निर्माण गर्नु, विपद व्यवस्थापनमा दक्ष जनशक्तिको व्यवस्था गर्नु, विपद् व्यवस्थापनमा आधुनिकीकरण, प्रविधि तथा उद्दार सामग्रीको व्यवस्था गर्नु, उद्दार, राहत र पुनर्स्थापनाको लागि प्रभावकारी संयन्त्रको व्यवस्था गर्नु थप चुनौतिपूर्ण छ । विपद् व्यवस्थान सम्बन्धी तीनै तहको सरकारमा कानूनी व्यवस्था हुनु, विपद् व्यवस्थापन सम्बन्धमा संघीय सरकार अन्तरगत केन्द्र देखि जिल्ला तहसम्म संस्थागत संरचनाको व्यवस्था हुनु, विपद् व्यवस्थापनमा नेपाली सेना सशस्त्र प्रहरी बल र नेपाल प्रहरी लगायत सरकारी तथा गैरसरकारी संघसंस्थाहरु परिचालन हुने व्यवस्था हुनु, वातावरणमैत्री पूर्वाधार निर्माण सम्बन्धि प्रविधिहरुको विकास हुनु, वातावरणमैत्री पर्यटन, कार्बन व्यापार तथा जैविक कृषि प्रबर्द्धन जस्ता अवधारणाहरु विकास हुनु, दिगो विकास लक्ष्यमा विपद उत्थानशील समाज निर्माण समावेश हुनुले विपद् व्यवस्थापनमा सुधार गर्न सकिने अवसर देखिन्छ ।

### ६.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"विपद न्यूनीकरण र व्यवस्थापन गर्न विपद उत्थानशील समाजको विकास"***

**लक्ष्य**

प्राकृतिक तथा गैरप्राकृतिक विपद जोखिम न्यूनीकरण गर्दै विपद उत्थानशील समाज र अर्थतन्त्र निर्माण गर्ने

**उद्देश्य**

१ जोखिम न्यूनीकरणका लागि विपदका सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वानुमान प्रणाली सुदृढ गर्नु,

२ विपद पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु

### ६.३.५ रणनीति

१ विपद रोकथाम मार्फत क्षति न्यूनिकरण गर्ने,

२ प्रकोप तथा प्रकोपजन्य विपदको प्रतिकुल असरलाई सीमित तुल्याउने अल्पकालिन तथा अनुकुलनका कार्यक्रम सञ्चालन गर्ने,

३ अग्रिम सावधानी तथा पूर्वतयारी व्यवस्था गर्ने,

४ विपद पश्चात आधारभूत आवश्यकता परिपूर्त गर्नसक्ने अवस्था सुनिश्चित गर्न आपत्कालिन सेवाहरु व्यवस्था सहितको प्रतिकार्य गर्ने,

५ विपदमा परेका व्यक्ति तथा समुदायको पनर्लाभ तथा उत्थानशीलता विकास गर्ने।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ६.७ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | विपद् व्यवस्थापन कोष | संख्या | | १ | १ | निरन्तर | निरन्तर |
| २ | विपद् जोखिम व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा र अद्यावधिक | संख्या | | | १ | १ | १ |
| ३ | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालन | संख्या | | १ | सञ्चालन | सञ्चालन | सञ्चालन |
| ४ | दीर्घकालिन पुनर्स्थापना तथा पुनर्निर्माण कार्य | संख्या | | | ३ | ३ | ३ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

*तालिका ६.८  विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ३४७५ | २८७५ | ६०० | ० | ३४७५ | ० | ० | ० |
| २०८३/८४ | ३९२५ | ३३२५ | ६०० | ० | ३९२५ | ० | ० | ० |
| २०८४/८५ | ३४२५ | २८२५ | ६०० | ० | ३४२५ | ० | ० | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि विपद् व्यवस्थापन तथा जोखिम न्यूनिकरण उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

*तालिका ६.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण*

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनिकरण पूर्व तयारी कार्यक्रम | जोखिम न्यूनीकरणका लागि विपदका सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्वानुमान प्रणाली सुदृढ गर्नु | | १९७५ | विपद् व्यवस्थापन कोषमा पर्याप्त बजेटको व्यवस्था भई विपद् पूर्वतयारी कार्यमा गाउँपालिका सक्षम भएको हुने |
| २ | विपद् पश्चात पुनर्स्थापना तथा पुनर्निर्माण कार्यक्रम | विपद पश्चातको पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणका कार्यलाई सबल र उत्थानशील बनाउनु | | ११५८० | विपद् बाट क्षति भएका निजी तथा सरकारी सम्पत्तिहरुको पुनर्स्थापना तथा पुनर्निर्माण भएको हुने |
| | **जम्मा** | | | **१३५५५** | |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र स्रोत साधन समयमा नै उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुने अनुमान गरिएको छ। तर भिरालो धरातलीय बनोट र खोलानाला तथा खोल्साखोल्सी धेरै भएको स्थानहरुमा पहिरो तथा बाढीबाट हुने क्षतिको न्यूनिकरण, विपदको बेलामा आवश्यक जनशक्ति र स्रोत सामग्रीको व्यवस्थापन, राहत उद्धारका लागि दक्ष जनशक्ति तथा स्रोत व्यवस्थापन, जलवायु परिवर्तनको असरको व्यवस्थापन गर्नु चुनौतिपूर्ण छ।

# परिच्छेद ७ संस्थागत विकास तथा सुशासन

## ७.१ न्याय प्रणालीको सुदृढीकरण

### ७.१.१ पृष्ठभूमि

सानातिना स्थानीय विवादहरु स्थानीयस्तरमा नै समाधान गर्ने उद्देश्यका साथ हरेक स्थानीय तहमा नगरपालिकामा उपप्रमुख तथा गाउंपालिकामा उपाध्यक्षको संयोजकत्वमा एक न्यायिक समिति रहने व्यवस्था छ । सोही वमोजिम स्थानीयस्तरका सानातिना विवादहरु स्थानीय न्यायिक समितिबाट नै निरुपण हुंदै आएको छ । यसले झन्झटिलो अदालती न्यायिक पुग्न नपर्ने भई मेलमिलापकै माध्यमबाट समस्या समाधान भएका छन् । मेलमिलापबाट भएको समस्या समाधानले पक्षहरुका बीचमा सौहार्दता कायमम हुन गई विवादको दीर्घकालिन समाधान हुन्छ भन्ने मान्यता रहेको छ र हालसम्मको अभ्यासले प्रमाणित पनि भएको छ । तालिम प्राप्त मेलमिलापकर्ताको सहजीकरणमा बस्तीस्तरमै विवाद समाधानका प्रयासहरु पनि भएका छन् । तर दक्ष जनशक्तिको अभावमा कानूनी प्रक्रियागत त्रुटीहरु पनि यदाकदा देखिएका छन् । न्यायिक समितिको दक्षता अभिबृद्धि गर्न सकिएमा यसको औचित्यता अत्यन्त सान्दर्भिक सावित हुनेछ । हालसम्म यस गाउंपालिकाले १७ वटा ऐन, ४ वटा नियमावली र ४९ वटा कार्यविधि, निर्देशिका बनाइसकेको छ ।

### ७.१.२ प्रमुख समस्या

स्थानीय न्यायिक समितिमा कानूनी विज्ञता भएको जनशक्ति नहुनु, न्यायिक समितिका पदाधिकारीहरु राजनैतिक पृष्ठभूमिबाट आएको हुने भएकोले निष्पक्ष न्याय सम्पादनमा प्रश्न उठ्न सक्ने, न्याय सम्पादन गर्ने कार्यविधिको पूर्णपालना हुन नसक्दा कार्यविधिगत त्रुटीहरु हुनगई न्यायिक जटिलताहरु देखिनु, न्यायिक समितिका सदस्यहरु स्थानीय हुने भएकोले बाहिरी वातावरणको प्रभाव पर्न सक्ने जस्ता समस्याहरु अन्य पालिकामा जस्तै घिरिङ गाउँपालिकामा पनि देखिन सक्ने अवस्था छ ।

### ७.१.३ चुनौती तथा अवसर

विवादको न्यायपूर्ण निरुपण गर्नु, कार्यविधिगत त्रुटीरहित विवाद समाधान गर्नु, निष्पक्षतापूर्वक न्याय सम्पादन गर्नु, विधिसम्मत र अङ्ग पुग्ने गरी कानून निर्माण गर्नु चुनौतिपूर्ण छ भने संविधानमा नै स्थानीय न्यायिक समितिको व्यवस्था हुनु, न्यायिक समितिले न्याय सम्पादन गर्ने सम्बन्धी कार्यविधि बन्नु, न्यायिक समितिको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था हुनु, छिमेकी स्थानीय तहका न्यायिक समितिहरुसंग अनुभव आदान प्रदान गरी असल अभ्यास आदानप्रदान हुन सक्ने अवसर भने छ ।

### ७.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"निष्पक्ष र पारदर्शी न्याय प्रणालीको विकास"***

**लक्ष्य**

निष्पक्ष, पहुँचयोग्य, सरल, सबल र सुलभ न्याय प्रणालीको व्यवस्था गर्ने

**उद्देश्य**

१ न्यायिक प्रक्रियालाई सरल अनुमानयोग्य पारदर्शी तथा निष्पक्ष बनाउनु,

२ स्थानीय तहको एक अधिकार सूचीभित्रका विषयमा कानून निर्माण गर्नु।

### ७.१.५ रणनीति

१ न्यायिक प्रक्रियालाई सरल, निष्पक्ष, पारदर्शी र अनुमानयग्य बनाउने

२ गाउँपालिकाले निर्माण गर्नुपर्ने कानून सरोकारवाला समेतको सहभागितामा तर्जुमा गर्ने।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार न्याय प्रणालीको सुदृढीकरण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ७.१ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | न्यायिक समितिले न्याय सम्पादन गर्ने कार्यविधि कानून परिमार्जन | संख्या | | १ | १ | ० | ० |
| २ | न्यायिक समितिको निर्णय विरुद्ध पुनरावेदन | संख्या | | ० | ० | ० | ० |
| ३ | मेलमिलापबाट निरुपण भएका उजुरी | संख्या | | | | | |
| ४ | मेलमिलाप केन्द्र संख्या | संख्या | | | ५ | निरन्तर | निरन्तर |
| ५ | मेलमिलाप कर्ता | संख्या | | | | | |
| ६ | निर्माण भएका कानून | संख्या | | | | | |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा न्याय प्रणालीको सुदृढीकरण उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ७.२ न्याय प्रणालीको सुदृढीकरण उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ७५० | ७५० | ० | ० | ७५० | ० | ० | ० |
| २०८३/८४ | २०० | २०० | ० | ० | २०० | ० | ० | ० |
| २०८४/८५ | १५० | १५० | ० | ० | १५० | ० | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि न्याय प्रणालीको सुदृढीकरण उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ७.३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | न्यायिक प्रक्रिया सुदृढीकरण कार्यक्रम | न्यायिक प्रक्रियालाई सरल, निष्पक्ष, पारदर्शी र अनुमानयग्य बनाउने | | ७५० | ५ वटा मेलमिलाप केन्द्रको स्थापना भई मेलमिलापबाट विवाद समाधान भएको हुने |
| २ | कानून निर्माण | गाउँपालिकाले निर्माण गर्नुपर्ने कानून सरोकारवाला समेतको सहभागितामा तर्जुमा गर्ने | | ३५० | विधिसम्मत र अङ्ग पुग्ने गरी कानूनको निर्माण भएको हुने |
| | **जम्मा** | | | **११००** | |

### ७.१.९ जोखिम पक्ष तथा अनुमान

स्थानीयस्तरका विवादहरु स्थानीयस्तरमै समाधन भै शौहार्दपूर्ण समाजको निर्माण हुनेछ भन्ने मान्यता भएपनि पूर्वाग्रहपूर्वक विवाद समाधानको प्रयास भै विवाद बल्झिन सक्ने जोखिम रहन्छ। यसैगरी कानून निर्माण गर्दा विधिसम्मत ढंगबाट नभई स्वार्थ बाझिने गरी र अङ्ग नपुगी कानून बन्न सक्ने जोखिम देखिन्छ।

## ७.२ संस्थागत विकास र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई व्ययवस्थापिकीय (गाउं/नगर सभा), कार्यकारिणी (कार्यपालिका) र सीमित अधिकार सहितको न्यायिक अधिकार (न्यायिक समिति) प्रदान गर्दै सरकारको रुपमा स्वीकार गरेको छ । घिरिङ गाउंपालिकाको गाउं सभामा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, वडासदस्यहरु र दलित तथा अल्पसंख्यक समुदायबाट प्रतिनिधित्व गर्ने सदस्य गरी जम्मा २९ जना रहेका छन् । कार्यपालिकामा अध्यक्ष, उपाध्यक्ष, वडा सदस्यहरु र कार्यपालिका सदस्यहरु गरी जम्मा १३ जना रहेका छन्। उपाध्यक्षको संयोजकत्वमा गाउंसभाका सदस्यहरु मध्येबाट मनोनित २ जना गरी ३ सदस्यीय न्यायिक समिति रहेको छ। गाउंसभा र गाउं कार्यपालिकाको नेतृत्व अध्यक्षले र न्यायिक समितिको नेतृत्व उपाध्यक्षले गर्दछन्। यसरी गाउंपालकाको समग्र विकास निर्माण र सेवा प्रवाहको नेतृत्व गाउंपालिका अध्यक्षले गर्दछन्। प्रशासनिक संयन्त्रको नेतृत्व भने प्रमुख प्रशासकीय अधिकृतले गर्दछन्। गाउंपालिकाको कार्यबोझ र विषय क्षेत्रको आधारमा सङ्गठन संरचना बनाई सोही अनुसार कार्यजिम्मेवारी तोकी कर्मचारी व्यवस्थापन गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटिलाई संस्थागत रुपमा अबलम्बन गरिंदै आएको छ। सार्वजनिक शासन व्यवस्था स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायि र सहभागितामूलक हुनु पर्दछ र गाउँपालिकाबाट प्रवाह हुने

सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने जिम्मेवारी गाउँपालिकाको रहेको हुन्छ।

चुलिंदै गएका जनआकांक्षा पुरा गर्न परम्परागत सोंच र विधिबाट संभव देखिंदैन। बदलिंदो परिवेश र प्रविधिको विकाससंगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र नविनतम उपायहरु अबलम्बन गर्न जरुरी छ। संगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तरसरकार, निजी क्षेत्र तथा गैरसरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ गाउंपालिकाले विशेष ध्यान दिन आवश्यक छ।

संघीय, प्रादेशिक तथा गाउंपालिकाको आफ्नै पहलकदमीमा भएका क्षमता विकास कार्यक्रमहरु र कार्यसञ्चालनका क्रममा भएका अभ्यासहरुबाट प्राप्त अनुभवबाट जनप्रतिनिधिहरुबाट हुने कार्यसम्पादन परिस्कृत हुंदै आएको छ। प्रशासनिक संयन्त्र तर्फ प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासन, योजना, पूर्वाधार, शिक्षा, स्वास्थ्य, सामाजिक, राजस्व, सूचना प्रविधि, प्रधानमन्त्री रोजगार कार्यक्रम लगायतका विषयगत शाखाहरुबाट सेवा प्रवाह र विकास निर्माण कार्यहरु सञ्चालन भइरहेका छन्।

भौतिक सुविधा तर्फ प्रमुख प्रशासकीय भवन तथा वडा कार्यालयहरु आफ्नै भवनबाट सञ्चालन भैरहेका छन् भने भौतिक सुविधाहरु पनि पर्याप्त नै छन्। सवारी साधनहरुको थप व्यवस्था गर्नुपर्ने अवस्था छ। विभिन्न अनलाइन तथा अफलाइन सफ्टवेयरहरुको प्रयोगबाट गाउं कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट हुने सेवा प्रवाह र विकास व्यवस्थापन सहज बनाउंदै गाउंपालिका विद्युतीय शासन पद्धति तर्फ उन्मुख छ। विद्युतीय शासन पद्धति नै सुशासन कायम गर्ने महत्वपूर्ण औजार भएकोले पूर्ण रुपमा विद्युतीय शासन पद्धतियुक्त गाउंपालिकाको रुपमा विकास गर्न आवश्यक छ।

### ७.२.२ प्रमुख समस्या

संघीयताको मर्म अनुरुप र नागरिकको आकाँक्षा अनुसार सेवा प्रवाह प्रदान हुन नसक्नु, गाउँपालिकाको संस्थागत क्षमता अभिबृद्धि नियमित रुपमा हुन नसक्नु, कर्मचारीहरु सुशासन तथा सेवा प्रवाहका नयाँ पद्धति तथा अवधारणनाहरुका बारेमा कम जानकार हुनु, आवश्कता अनुसारको स्रोत, साधन, प्रविधि तथा पूर्वाधारहरुको उपलब्धता नहुनु, दरबन्दी अनुसार पदपूर्ति नहुनु र छिटोछिटो सरुवा हुन जस्ता प्रमुख समस्याहरु छन्। यसका अतिरिक्त अझै केही जनप्रतिनिधि र कर्मचारीहरु सूचना प्रविधि प्रयोग गर्न सक्षम नहुनु, सेवा प्रवाहलाई पूर्ण रुपमा डिजिटल/प्रविधिमैत्री बनाउन नसकिनु, आवश्यक कानूनको कमी हुनु, संघीय निजामती कानून हालसम्म पनि नबन्नु, तथ्याङ्कीय प्रणाली अध्यावधिक नहुनु, योजना तर्जुमाका बखत सूचना प्रविधिको प्रयोग पूर्ण रुपमा हुन नसक्नु जस्ता थप समस्याहरु पनि यहाँ विद्यमान छन्।

### ७.२.३ चुनौती तथा अवसर

स्थानीय सरकारको संवैधानिक जिम्मेवारी अनुसारको संस्थागत क्षमताको विकास गर्नु, सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा प्रचलित विकास एवं प्रविधिको उपयोग गर्नु, संघ, प्रदेश र गाउँपालिका बीच प्रभावकारी समन्वय र सहकार्य गर्नु, संघीय

तथा प्रदेश सरकारबाट पर्याप्त बजेट प्राप्त गर्नु, पूर्ण विद्युतीय शासन पद्धति अबलम्बन गर्नु, कर्मचारीलाई पालिकामा टिकाई राख्नु, भौगोलिक रुपले विकट क्षेत्रमा प्राविधिक जनशक्ति परिचालन गर्नु, जनप्रतिनिधि तथा कर्मचारीबाट दक्षतापूर्वक कार्यसम्पादन गराउनु, सेवा प्रवाहलाई नतिजामूलक र जवाफदेही बनाउनु, विद्युतीय तथ्याङ्क प्रणालीलाई नियमित अद्यावधिक गर्नु, सार्वजनिक क्षेत्रमा पारदर्शिता, निष्पक्षता, जवाफदेहिता र प्रभावकारिता कायम गर्नु, विकास प्रशासनको क्षमता अभिबृद्धि गर्नु, सार्वजनिक व्यवस्थापनप्रति नागरिकको विश्वास बढाई जनतामा गाउँपालिका प्रति उत्साह पैदा गर्नु, शासन सञ्चालनमा सदाचार र मितव्ययिता कायम गर्नु चुनौतिपूर्ण छ ।

### ७.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"पारदर्शी, जवाफदेही, नागरिकमैत्री र जनसहभागितामूलक शासन व्यवस्था"***

**लक्ष्य**

सार्वजनिक प्रशासनबाट प्रविधिमैत्री, जनउत्तरदायी, प्रभावकारी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति गर्नु

**उद्देश्य**

१ गाउँपालिकाको काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविशवास अभिबृद्धि गर्ने,

२ गाउंपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणामुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु ।

### ७.२.५ रणनीति

१ कानून तथा व्यवहारमा सुधार गरी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाउने

२ विकास आयोजनाहरुको अनुगमन गरी कार्यान्वयनमा आइपरेका समस्यालाई तत्काल सम्बोधन गर्ने

३ पदाधिकारी तथा कर्मचारीको कार्यसम्पादनलाई मापन योग्य बनाउने

४ सरकारी काम कारवाहीप्रति जनविश्वास अभिबृद्धि गर्ने

५ गाउंपालिकाको प्रशासनलाई जनउत्तरदायी बनाउने

६ योजना/कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता अभिबृद्धि गर्ने

७ प्रशासनिक सुशासन कायम गर्न कर्मचारीको प्रशासनिक क्षमता अभिबृद्धि गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार संस्थागत विकास र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

*तालिका ७.४ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य*

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | आवधिक योजना तर्जुमा | संख्या | | २ | ० | ० | ० |
| २ | मध्यमकालिन खर्च संरचना तर्जुमा र अध्यावधिक | संख्या | | १ | १ | १ | १ |
| ३ | कुल बार्षिक खर्चमा बेरुजु | प्रतिशत | | २.५८ | २ | १ | ०.५ |
| ४ | सफ्टवेयरमा आधारित सेवा | संख्या | | ९ | १० | १२ | १४ |
| ५ | विकास समाधान समितिको गठन | संख्या | | ० | १ | ० | ० |
| ६ | गुनासो सुन्ने अधिकारीको व्यवस्था | संख्या | | ० | १ | ० | ० |
| ७ | जनप्रतिनिधिको आचार संहिता | संख्या | | ० | १ | ० | ० |
| ८ | कर्मचारीको आचार संहिता | संख्या | | ० | १ | ० | ० |
| ९ | खर्चको मापदण्ड र कार्यक्रम संचालन कार्यविधि | संख्या | | ० | २ | ० | ० |
| १० | आन्तरिक नियन्त्रण प्रणाली | संख्या | | ० | १ | ० | ० |
| ११ | सुशासन नियमावली निर्माण | संख्या | | ० | १ | ० | ० |
| १२ | सेवाग्राही सन्तुष्टी | संख्या | | | ५० | ६० | ७५ |
| १३ | भ्रष्टाचार सम्बन्धि उजुरी | संख्या | | | ० | ० | ० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा संस्थागत विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

*तालिका ७.५ संस्थागत विकास र सेवा प्रवाह उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत*

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १०२४५७ | १०१९५७ | ५०० | ० | ८७५५२ | १४९०५ | ० | ० |
| २०८३/८४ | ११३४२५ | ११२९२५ | ५०० | ० | ९४६४१ | १८७८४ | ० | ० |
| २०८४/८५ | ११५८२५ | ११५३२५ | ५०० | ० | ९२६४१ | २३१८४ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि संस्थागत विकास र सेवा प्रवाह उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ७.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सुशासन प्रबर्द्धन कार्यक्रम | गाउँपालिकाको काम कारवाहीलाई भ्रष्टाचारमुक्त, पारदर्शी, जनउत्तरदायी, नागरिकमैत्री तथा प्रविधिमैत्री बनाई शासन व्यवस्थामा जनविशवास अभिबृद्धि गर्ने | | १७२० | सुशासन प्रबर्द्धन भई बेरुजु ०.५ मा झरको हुने र गाउँपालिकाको समग्र कार्य सम्पादन २० प्रतिशतले सुधार भएको हुने |
| २ | प्रभावकारी सेवा प्रवाह प्रबर्द्धन कार्यक्रम | गाउंपालिकाको सार्वजनिक प्रशासनलाई पारदर्शी, परिणामुखी, जवाफदेही बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउनु | | १६२५ | भ्रष्टाचार सम्बन्धी उजुरी शुन्यमा झरेको हुने |
| ३ | कार्यालय संचालन | | | ३३१७०७ | दक्षता पूर्वक कार्यसम्पन्न हुने |
| | **जम्मा** | | | **३३५०५२** | |

### ७.२.९ जोखिम पक्ष तथा अनुमान

संविधान, संघीय, प्रादेशिक र स्थानीय नीति र कानून वमोजिम संगठन, दक्ष मानव संसाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हासिल हुनेछ । तर जनप्रतिनिधि तथा कर्मचारीहरुको समान दक्षता नहुने, संघीय तथा प्रादेशिक कानूनहरुको निर्माण नहुने कर्मचारीहरुलाई टिकाई राख्न नसक्ने भएमा अपेक्षित नतिजा हासिल हुन कठीन हुन जानेछ ।

## ७.३ वित्तीय सुशासन

### ७.३.१ पृष्ठभूमि

सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन गरी उच्चतम प्रतिफल हासिल गर्नु हरेक सरकारको दायित्व हुन्छ । यसका लागि हरेक सरकारमा वित्तीय सुशासन कायम गर्नु आवश्यक छ । आयव्ययको वित्तीय प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिबृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु पर्ने हुन्छ । सार्वजनिक आय र व्ययको अद्यावधिक स्थिति लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली प्रयोगमा आएको छ । सार्वजनिक खर्चको पारदर्शिता अभिबृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास भएको छ ।

घिरिङ गाउंपालिकाले आय र व्ययको लेखाङ्कन तथा प्रतिवेदन प्रणाली विद्युतीय प्रणाली (SuTRa) प्रयोग गर्दै आइरहेको छ । भुक्तानी प्रणाली पूर्ण रुपमा विद्युतीय भुक्तानी प्रणाली (EFT) प्रयोग गरेको छ । यस प्रणाली अनुसार भुक्तानी प्राप्तकर्ताको बैंक खातामा सिधै रकम ट्रान्स्फर हुने हुनाले चेक साट्नुपर्ने झनन्झट हुंदैन । राजस्व सङ्कलनका

लागि पनि अनलाइन सफ्टवेयर प्रयोग गरेको छ। यी विद्युतीय प्रणालीहरुमा लेखाङ्कन र प्रतिवेदन प्रणालीबाटै प्राप्त गर्न सकिने भएकोले सबै आर्थिक कारोबारहरु सहज र सरल भएको छ। चुहावटको नियन्त्रण गर्न पनि सहज हुनेहुनाले वित्तीय सुशासनमा पनि सुधार हुंदै गएको छ। साथै सार्वजनिक खरिदको ठेक्का प्रक्रियामा पूर्णरुपमा E-Biddibg प्रयोगमा आउंदा प्रतिस्पर्धामा प्रोत्साहन र पारदर्शिता कायम भएको छ।

### ७.३.२ प्रमुख समस्या

गाउँपालिकाहरूका वार्षिक लेखापरिक्षण प्रतिवेदनहरूमा वार्षिक रुपमा वेरुजुको मात्रामा बृद्धि हुँदै जानु। आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था कमजोर हुनु। विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु। चालु खर्चमा भएको बढोत्तरी वित्तीय सुशासनको स्थिति खस्कदै जानु यस क्षेत्रको प्रमुख समस्याको रुपमा रहेका छन्।

### ७.३.३ चुनौती तथा अवसर

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान समयमै प्राप्त गर्नु, तोकिएको समयमै कार्यक्रम र बजेट स्वीकृत गर्नु, समयमा ठेक्का वन्दोवस्त गर्नु, पूंजीगत खर्च बृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु, खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरुप मितव्ययी र प्रतिस्पर्धि बनाउँदै आर्थिक वर्षको अन्त्यमा मात्रै अत्याधिक खर्च गर्ने प्रवित्तिमा रोक लगाउनु, बेरुजुको मात्रा घटाउनु, वित्तीय पारदर्शिता कायम गर्नु चुनौतिपूर्ण छ।

### ७.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"प्रभावकारी सार्वजनिक खर्च व्यवस्थापन मार्फत वित्तीय सुशासन"***

**लक्ष्य**

सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाई समग्र विकास प्रक्रियालाई प्रभावकारी बनाउने

**उद्देश्य**

१ गाउँपालिकाको सार्वजनिक आय र व्यय प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु।

### ७.३.५ रणनीति

१ वित्तिय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने,

२ सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने,

३ बेरुजु न्यूनीकरण गरी बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिने।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार वित्तीय सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ७.७ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | औषत पूँजीगत खर्च | प्रतिशत | | ४०.५७ | ७० | ७५ | ८० |
| २ | कुल खर्चमा औषत वार्षिक बेरुज | प्रतिशत | | २.५८ | १ | ०.५ | ०.२५ |
| ३ | तोकिएको समयमा वार्षिक बजेट पेश र स्वीकृत | पटक | | १ | १ | १ | १ |
| ४ | वार्षिक बजेट तथा कार्यक्रम वेभसाइटमा प्रकाशन | पटक | | १ | १ | १ | १ |
| ५ | सार्वजनिक खरिद नियमावली तर्जुमा | संख्या | | ० | १ | ० | ० |
| ६ | खरिद गुरु योजना निर्माण | संख्या | | ० | १ | ० | ० |
| ७ | समयमा ठेक्का सम्पन्न गरी पुरस्कृत भएका निर्माण व्यवसायी | संख्या | | ० | | | |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा वित्तीय सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ७.८ वित्तीय सुशासन उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १०५० | १०५० | ० | ० | १०५० | ० | ० | ० |
| २०८३/८४ | ६०० | ६०० | ० | ० | ६०० | ० | ० | ० |
| २०८४/८५ | ९७५ | ९७५ | ० | ० | ९७५ | ० | ० | ० |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि वित्तीय सुशासन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

**तालिका ७.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वित्तीय सुशासन सुदृढीकरण कार्यक्रम | गाउँपालिकाको सार्वजनिक आय र व्यय प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु | सालबासली | २६२५ | पूँजीगत खर्च औषत ८० प्रतिशत हुने र बेरुजु अंक ०.२५ प्रतिशत भन्दा बढी नहुने |
| | **जम्मा** | | | **२६२५** | |

### ७.३.९ जोखिम पक्ष तथा अनुमान

प्रमुख प्रशासकीय अधिकृत तथा वित्तीय प्रशासनको जिम्मेवारीमा रहेका कर्मचारीहरु सूचना प्रविधिको प्रयोगमा समेत दक्ष भै कार्यसम्पन्न गर्नेछन् भन्ने अनुमान गरिएको छ। तर कर्मचारीहरुको सरुवा भैरहने हुनाले समान दक्षताको जनशक्ति उपलब्ध नभएमा अपेक्षित नतिजा हासिल नहुन सक्ने जोखिम भने कायमै छ।

## ७.४ स्रोत परिचालन तथा योजना व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले स्थानीय तहलाई आर्थिक अधिकार क्षेत्रभित्रका क्षेत्रमा कर तथा शुल्क लगाई राजश्व संकलन गर्न, संघीय, प्रदेश सरकार र स्थानीय तहको राजश्व बाडफाँट र अन्तरसरकारी वित्तीय हस्तान्तरण वमोजिमका अनुदान प्राप्त गर्न तथा ऋण लिन सक्ने अधिकार प्रदान गरेको छ। आन्तरिक आयका स्रोत तथा संघीय र प्रदेश सरकारबाट आउने अनुदानहरु र राजस्व बांडफांटबाट प्राप्त हुने आम्दानिको परिचालन गरी स्थानीय तहले आफ्नो सार्वजनिक खर्च व्यवस्थापन गर्नु पर्दछ। स्थानीय तहलाई संघ र प्रदेशबाट समानिकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान गरी चार/चार प्रकारका अनुदान प्राप्त हुन्छन्। राजश्व बाडफाँट अन्तर्गत संघीय सरकारबाट मूल्य अभिबृद्धि कर, अन्तः शुल्क र रोयल्टी शिर्षक, प्रदेश सरकारबाट सवारी साधन कर शिर्षकको आम्दानीको हिस्सा प्राप्त हुन्छ भने स्थानीय तहबाट घरजग्गा रजिष्ट्रेशन, दहत्तर बहत्तर, विज्ञापन कर, पर्यटन शुल्क शिर्षकको राजश्व प्रदेशसँग बाडफाँट गर्नुपर्ने हुन्छ। संविधान प्रदत्त स्थानीय तहले उठाउन पाउने कर, शुल्क, दस्तुरको दर र दायरा विवेकपूर्ण र न्यायपूर्ण रुपमा आम नागरिकको कर तिर्ने क्षमता भन्दा बोझिलो नहुने गरी सङ्कलन गर्नु पर्ने हुन्छ।

सन् २०३० सम्मका लागि तय गरिएको दिगो विकास लक्ष्य पूरा गर्न, संवैधानिक दायित्व पूरा गर्न तथा यस आवधिक योजनाले राखेको सोँच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरु सञ्चालन गरी अधिकतम उपलब्धी हासिल गर्न अधिकतम स्रोत परिचालन गरी विवकेपूर्ण लगानी व्यवस्थापन गर्नुपर्ने हुन्छ। जनताको करबाट प्राप्त हुने स्रोतको विनियोजन तथा लगानी गर्ने विषय अत्यधिक संवेदनशील हुने हुनाले यो कार्य अत्यन्त विवेकपूर्ण ढङ्गले गर्नु पर्दछ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानिकरण अनुदान प्रस्ताव गरिएको भन्दा वास्तविक आय कम हुनु हुँदैन र प्रतिवर्ष बढ्दो क्रममा आउनु पर्नेमा आर्थिक वर्ष २०८१/८२ मा संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान प्रस्तावित अंकको ८७.५९ प्रतिशत मात्र प्राप्त भएको छ। प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान प्रस्तावित अंकको

९८.३७ प्रतिशत र राजस्व बांडफांड तर्फ राजश्व बाडफाँटबाट प्राप्त हुने आम्दानी प्रस्तावित अंकको ८९.७३ प्रतिशत मात्र प्राप्त भएको छ। यस्तै गरी आन्तरिक स्रोत तर्फ झनै दयनीय अवस्था छ। आन्तरिक आय तर्फ प्रस्तावित आयको ११.०४ प्रतिशत मात्र वास्तविक आय भएको छ। यसरी सबै क्षेत्रबाट लक्ष्य भन्दा कम आम्दानी हुंदा योजनाको सोँच, लक्ष्य, उद्देश्य, रणनीति बमोजिम लगानी सुनिश्चित हुन नसकी अपेक्षित नतिजा हासिल गर्न बाधा पुग्ने अवस्था हुन्छ।

### ७.४.२ प्रमुख समस्या

संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा आन्तरिक आय लक्ष्य अनुसार प्राप्त हुन नसक्नु, आन्तरिक स्रोतको पूर्ण परिचालन हुन नसक्नु, राजस्व संकलनमा दक्ष जनशक्ति नहुनु, राजस्व प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री बनाउन नसक्नु, बजेट तर्जुमामा विद्युतीय प्रणाली लागु गर्न नसकिनु, बजेटको अभावमा योजनाहरुको भुक्तानी अर्को आर्थिक वर्षमा जिम्मेवारी सार्नु पर्ने हुनु, बजेट/कार्यक्रम तर्जुमा गर्दा पूर्वाधारमा मात्र बढी केन्द्रित हुनु प्रमुख समस्याको रुपमा रहेको छ।

### ७.४.३ चुनौती तथा अवसर

अनुमानित (प्रस्तावित) आय वमोजिम वास्तविक आय प्राप्त गर्नु, आन्तरिक आयका स्रोतहरुको पहिचान र परिचालन गर्नु, बजेट तथा कार्यक्रम यथार्थ परक बनाउनु, आवधिक योजनाका आधारमा वार्षिक योजना निर्माण गर्नु, वार्षिक बजेट तथा कार्यक्रम दक्षतापूर्वक कार्यान्वयन गर्नु, टुक्रे योजनालाई निरुत्साहित गरी परिणाममुखी योजना तर्जुमा गर्नु चुनौतिपूर्ण छ। तथापी वित्तको प्रमुख स्रोत संघीय र प्रदेश सरकारबाट प्राप्त हुने व्यवस्था हुनु, राष्ट्रिय प्राकृतिक तथा वित्त आयोगबाट अनुदान निर्धारण गर्ने व्यवस्था हुनु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन कार्यान्वयनमा आउनु, स्थानीय तहले प्राप्त गर्ने स्रोतका सम्ननधमा संविधानमै व्यवस्था हुनु स्थानीय विशिष्टता, आवश्यकताका आधारमा योजना तथा कार्यक्रम तयगरी बजेट विनियोजन गर्न सकिनु, स्थानीय करदाताको क्षमता अनुसार आन्तरिक कर व्यवस्थापन गर्न पाइनु जस्ता अवसरहरुले स्रोत परिचालन र योजना व्यवस्थापनमा पर्याप्त सुधार गर्न सकिने सम्भावना देखिन्छ।

### ७.४.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"वित्तीय स्रोतको अधिकतम् परिचालन र विवेकपूर्ण विनियोजनबाट घिरिङको समृद्धि"***

**लक्ष्य**

राजस्वको कुशल परिचालन र दक्षतापूर्ण विनियोजनबाट दिगो समृद्धि हासिल गर्ने

**उद्देश्य**

१ राजस्व परिचालन प्रणालीको सबलीकरण गर्नु,

२ उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व बृद्धि हुने गरी योजना तर्जुमा गर्नु,

३ सामाजिक न्याय सहितको लगानीको वितरण गर्नु।

### ७.४.५ रणनीति

१ गाउंपालिकाको आन्तरिक राजस्व प्रणालीको सबलीकरण गरी आन्तरिक आयबाट चालु खर्च धान्न सक्ने बनाउनु

२ रोजगारीका अवसरको सिर्जना, उत्पादन र उत्पादकत्वमा बृद्धि एवं पूंजी निर्माण हुने गरी स्रोतको महत्तम परिचालन गर्ने

३ पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा लगानी गर्दा समाजका सबै वर्ग र क्षेत्रमा समन्यायिक वितरण गर्ने

४ गाउँपालिकाको आर्थिक नीतिको मूल प्रवाहमा आउन नसकेका नागरिकलाई सामाजिक संरक्षणका माध्यमबाट मूल प्रवाहीकरण गर्ने

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार स्रोत परिचालन तथा योजना व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ७.१० आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | कुल आयमा आन्तरिक आयको हिस्सा | प्रतिशत | | २ | ३ | ४ | ५ |
| २ | कुल औषत खर्चमा चालु खर्चको हिस्सा | प्रतिशत | | | ६४ | ६२ | ६० |
| ३ | राजस्व सुधार योजना तर्जुमा | संख्या | | ० | १ | ० | ० |
| ४ | आन्तरिक आयमा बृद्धि | प्रतिशत | | | ५ | १० | १५ |
| ५ | राजस्व ट्र्याकिङ सिस्टम अवलम्बन | पटक | | | १ | निरन्तर | निरन्तर |
| ६ | मध्यमकालिन खर्च संरचना तर्जुमा र परिमार्जन | संख्या | | | १ | निरन्तर | निरन्तर |
| ७ | लगानीले नसमेटेका वर्ग र क्षेत्र | संख्या | | | | ० | ० |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा स्रोत परिचालन तथा योजना व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ७.११ स्रोत परिचालन तथा योजना व्यवस्थापन उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १६७५ | १६७५ | ० | ० | १६७५ | ० | ० | ० |
| २०८३/८४ | ३२५ | ३२५ | ० | ० | ३२५ | ० | ० | ० |
| २०८४/८५ | ४७५ | ४७५ | ० | ० | ४७५ | ० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि स्रोत परिचालन तथा योजना व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ७.१२ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | राजस्व परिचालन प्रणाली सुदृढीकरण कार्यक्रम | राजस्व परिचालन प्रणालीको सबलीकरण गर्नु | सालबासली | १५७५ | कुल आयमा आन्तरिक आयको हिस्सा ५ प्रतिशत पुगको हुने |
| २ | योजना तर्जुमा क्षमता अभिबृद्धि कार्यक्रम | उत्पादनशील रोजगारी सिर्जना र उत्पादकत्व बृद्धि हुने गरी योजना तर्जुमा गर्नु | सालबसाली | ८०० | आवधिक योजना, मध्यमकालिन खर्च संरचाना र वार्षिक योजनाबीच सामान्जस्यता कायम भएको हुने |
| ३ | विकासको मूलप्रवाहमा सामाजिक समावेशीकरण कार्यक्रम | सामाजिक न्याय सहितको लगानीको वितरण गर्नु | सालबसाली | १०० | वर्गीय तथा क्षेत्रीय दृष्टिले स्रोत साधनको सन्तुलित वितरण भएको हुने |
| | **जम्मा** | | | **२४७५** | |

### ७.४.९ जोखिम पक्ष तथा अनुमान

संविधान, संघीय, प्रादेशिक र स्थानीय नीति र कानून बमोजिम तीने तहका सरकार, गैसस, समुदाय, सहकारी र निजीक्षेत्रबीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संसाधन परिचालन भएमा अपेक्षित नतिजा हासिल हुनेछ। सबै प्रकारका करदातालाई करको दायरामा ल्याउनु, प्रविधिमैत्री र करदातामैत्री कर प्रशासनको विकास गर्नु, करको दायरा फराकिलो बनाउनु, आन्तरिक आयबाट प्रशासनिक खर्च धान्न सक्ने बनाउनु चुनौतिपूर्ण नै छ।

# परिच्छेद ८ : तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## ८.१ तथ्याङ्क प्रणाली

### ८.१.१ पृष्ठभूमि

तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण योजना तर्जुमा प्रक्रियाको पूर्वाधार हो। योजना तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउन तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको संस्थागत संरचनाको आवश्यकता पर्दछ। घिरिङ गाउँपालिकाले Online System मा आधारित Digital Profile तयार गरेको छ। गाउँपालिकाको सबै प्रकारका खण्डिकृत तथ्याङ्कहरु यस प्रणालीबाट संकलन गर्न सकिने गरी यो प्रणाली परिमार्जन गर्न सकिने हुनाले यस गाउँपालिकाको तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषणको लागि भरपर्दो आधार तयार भएको छ। सूचना प्रविधि शाखाको प्रमुख जिम्मेवारीभित्र राखिएकोले यसलाई नियमित अद्यावधिक गर्न सकिन्छ। अतः गाउँपालिकाले यस प्रणालीलाई प्राथमिकता पूर्वक नियमित परिमार्जन र अध्यावधिक बनाउनु आवश्यक छ।

### ८.१.२ प्रमुख समस्या

तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा व्यवस्थित नहुनु, वडा स्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु, तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपकता कायम गर्न नसक्नु, Online System मा आधारित Digital Profile शुद्धिकरण र अद्यावधिक नहुनु, वडा सचिव तथा वडा कार्यालयका कर्मचारीमा Digital Profile अद्यावधिक गर्ने ज्ञानको कमी हुनु, तथ्याङ्क सङ्कलन प्राथमिकतामा नपर्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन्।

### ८.१.३ चुनौती तथा अवसर

अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौति र अवसरहरुको पहिचान गर्न सघाउ पुग्ने आवश्यक तथ्याङ्कहरुको संकलन र व्यवस्थापन गर्नु, तथ्याङ्कमा आधारित योजना तर्जुमा गर्ने र योजनाहरुको प्राथमिकीकरण गर्ने परिपाटीको आधारशीला तय गर्नु, संघ, प्रदेश र स्थानीय तहले लिने तथ्याङ्क सङ्कलन र प्रशोधन मानहरुमा एकरुपता कायम गुनु, तथ्याङ्कको मूल्य र महत्व बारे सचेतना जगाउनु जस्ता कार्यहरु चुनौतिपूर्ण नै छन्। तर राष्ट्रिय तथ्याङ्क कार्यालयबाट विभिन्न वषयगत क्षेत्रको वडास्तरसम्मका खण्डकीकृत तथ्याङ्क उपलब्ध हुनु, प्रदेश स्थानीय शासन सहयोग कार्यक्रमबाट सहयोग उपलब्ध हुनु, तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण गर्न सघाउ पुग्ने नयांनयां प्रविधिहरुको विकास हुनु, संघीय तथा प्रदेश सरकारका विभिन्न प्रतिवेदन तथा दस्तावेजहरुमा राष्ट्रिय, प्रदेशस्तरीय तथा गाउंपालिकास्तरीय खण्डीकृत तथ्याङ्कहरु उपलब्ध हुनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन्।

### ८.१.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"योजना तर्जुमाका लागि गुणस्तरीय तथ्याङ्क"***

**लक्ष्य**

नीति निर्माणका लागि आवश्यक विश्वसनीय र गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने

**उद्देश्य**

१ गाउँपालिकाको तथ्याङ्क प्रणालीलाई सबल बनाउनु,

२ तथ्याङ्क प्रणालीलाई आधुनिकीकरण गर्नु,

३ विश्वसनीय तथ्यपरक गुणस्तरीय र समयमै तथ्याङ्क उपलब्ध गराउनु ।

### ८.१.५ रणनीति

१ दिगो विकासका लागि गाउँपालिकाको तथ्याङ्क प्रणालीलाई सुदृढ बनाउने

२ तथ्याङ्क संकलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने

३ तथ्याङ्क संकलन प्रशोधन व्यवस्थापन र प्रकाशन प्रणालीको आधुनिकीकरण गर्ने

४ सूचना प्रविधि शाखाबाट प्रशोधित तथ्याङ्कलाई भरपर्दो माध्यम मार्फत सार्वजनिक गर्ने

### ८.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार तथ्याङ्क प्रणाली नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

***तालिका ८.१ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | तथ्याङ्क अद्यावधिक र प्रकाशन | पटक | | ० | १ | १ | १ |
| २ | अनलाइन प्रोफाइल अध्याविधक | पटक | | ० | १ | १ | १ |

### ८.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा तथ्याङ्क प्रणाली उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

***तालिका ८.२ तथ्याङ्क प्रणाली उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ७०० | ७०० | ० | ० | ७०० | ० | ० | ० |
| २०८३/८४ | ५५० | ५५० | ० | ० | ५५० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८४/८५ | ३५० | ३५० | ० | ० | ३५० | ० | ० | ० |

### ८.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि तथ्याङ्क प्रणाली उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ८.३ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क प्रणाली सुदृढीकरण कार्यक्रम | गाउँपालिकाको तथ्याङ्क प्रणालीलाई सबल बनाउनु | सालबासली | ११५० | राष्ट्रिय मापदण्ड अनुसार तथ्याक सङ्कलन, प्रशोधन, विश्लेषण र व्यवस्थापन भएको हुने |
| २ | अनलाइन प्रोफाइल अद्यावधिक कार्यक्रम | तथ्याङ्क प्रणालीलाई आधुनिकीकरण गर्नु | सालबसाली | ३०० | प्रत्येक वर्ष अनलाइन प्रोफाइल अद्यावधिक भएको हने |
| ३ | तथ्याङ्क प्रकाशन | विश्वसनीय तथ्यपरक गुणस्तरीय र समयमै तथ्याङ्क उपलब्ध गराउनु | सालबसाली | १५० | प्रत्येक वर्ष अद्यावधिक तथ्याङ्क कार्यपालिकाबाट स्वीकृत भै प्रकाशन भएको हुने |
| | **जम्मा** | | | **१६००** | |

### ८.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

गाउँपालिकाको तथ्याङ्क संकलन, प्रशोधन र विश्लेपण सम्बन्धि ज्ञान भएका जनशक्तिबाट नियमित रुपले तथ्याङ्क अद्यावधिक हुनेछ र सबै शाखाहरुको तथ्याङ्क प्रणालीबाटै एकीकरण भई प्रणालीमै अद्यावधिक गर्न सकिनेछ भन्ने अनुमान गरिएको छ। तर दक्षताको अभाव भई सबं वडा र सबै शाखाहरुबाट समान रुपले तथ्यांक अद्याधिक नहुन सक्ने जोखिम रहने देखिन्छ।

## ८.२ योजना तर्जुमा र कार्यान्वयन

### ८.२.१ पृष्ठभूमि

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन अनुसन्धान र विश्लेषण गर्दै विषयगत विद्यमान अवस्था अवसर र सम्भावनाहरुको पहिचान गरी त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यावहारिक कार्यनीतिसहितको योजना आवश्यक पर्दछ। घिरिङ गाउँपालिकाको दोस्रो आवधिक योजनाको दीर्घकालिन सोंच **"कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको लागि सबल पूर्वाधार: घिरिङ समृद्धिको मूल आधार"** लाई ***'कृषिमा व्यावसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र पर्यटन क्षेत्रको विकासका लागि दिगो पूर्वाधारको विकास गर्ने'*** दीर्घकालिन लक्ष्यका साथ यस गाउँपालिकाको दोस्रो पञ्च वर्षीय योजना तर्जमा गरिएको छ। योजनाहरुलाई तथ्य र प्रमाणमा

आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र सो को आधारमा योजनाको नियमित रुपमा मूल्याङ्कन गरी उपलब्धी सार्वजनिक गर्ने परिपाटी बसाउन आवश्यक भएको छ ।

गाउँपालिकाको पहिलो आवधिक योजना अन्तिम चरणमा छ । पहिलो आवधिक योजनाले परिमाणात्मक समष्टीगत दीर्घकालिन लक्ष्य उल्लेख नगरेकोले तथ्याङ्कगत समीक्षा गर्न सकिएन । तरपनि पहिलो योजना कार्यान्वयनमा आएपछि सडक पूर्वाधार, आधारभूत खानेपानीको आपूर्ति, सिंचाईको पूर्वाधार, पर्यटन क्षेत्र, कृषि तथा पशु पंक्षी, शिक्षा, स्वास्थ्य, सामाजिक विकास, प्रशासकीय तथा वित्तीय शासन व्यवस्थामा धेरै कामहरु भएका छन् । यसबाट आंशिक रुपमा योजनाका लक्ष्य हासिल उन्मुख देखिन्छ । यस गाउंपालिकामा पनि साना लागतका योजनाहरु धेरै हुने गरेको छ । आ.व. २०८०/०८१ मा जम्मा २२५ वटा योजना मध्ये रु. १ लाख भन्दा कमका योजना ११२, रु. १ लाख देखि ५ लाख सम्मको योजना ९० वटा, रु. ५ लाख देखि १० लाख सम्मका १३ वटा, रु. १० लाख देखि २५ लाखसम्मको २ वटा र रु. २५ लाख भन्दा माथिको ८ वटा छन् । यसरी साना लागतमा योजना तर्जुमा हुंदा उपलब्धी हासिल हुन गारो पर्दछ । नेपाल सरकारको बि.सं. २१०० मा हासिल गर्न तय भएको दीर्घकालिन सोंच **"समृद्ध नेपाल, सुखी नेपाली"**, सोह्रौं योजनाको "**सुशासन, सामाजिक न्याय र समृद्धि"**, गण्डकी प्रदेश सरकारको दोस्रो योजनाको सोंच "**आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी नागरिक"** र दिगो विकास लक्ष्यसंग तादात्म्यता हुने गरी **"कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको लागि सबल पूर्वाधारः घिरिङ समृद्धिको मूल आधार"** भन्ने दीर्घकालिन सोंच तय गरिएको छ । यस दीर्घकालिन सोंचलाई हासिल गर्न कृषिमा व्यावसायीकरण, गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता र पर्यटन क्षेत्रको विकासका लागि दिगो पूर्वाधारको विकास गर्ने दीर्घकालिन समष्टीगत लक्ष्य निर्धारण गरिएको छ । उल्लेखित दीर्घकालिन सोंच, दीर्घकालिन लक्ष्य तथा उद्देश्य पुरा गर्न रणनीति तथा कार्यनीतिहरु र कार्यक्रमहरु तय गरिएका छन् ।

### ८.२.२ प्रमुख समस्या

राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण बन्न नसक्नु, योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक पर्याप्त खण्डीकृत तथ्याङ्कको उपलब्धता नहुनु, पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहनु, कर्मचारीहरूको स्थायित्व नहुनु, छरिएका, टुक्रे तथा प्राथमिकतायुक्त बहुबर्षीय योजना संख्या कम रहनु, आवश्यकता संबोधन गर्न बजेटको अभाव हुनु, वार्षिक योजना निर्माण गर्दा आवधिक योजनालाई आधार लिने अभ्यास नहुनु, योजना छनौट र प्राथमिकीकरण सम्बन्धमा पर्याप्त ज्ञान नहुनु, संघीय र प्रादेशिक योजनासंग तादात्म्यता हुने गरी योजना निर्माण गर्न नसकिनु यहाँका प्रमुख समस्याहरु हुन् ।

### ८.३.३ चुनौती तथा अवसर

नियमित रुपमा विषयगत तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट प्रणालीको आधारशीला तयार गर्नु, आवधिक योजनाको आधारमा वार्षिक योजना तर्जुमा गर्नु, आर्थिक समृद्धि हासिल हुने गरी योजना छनौट र प्राथमिकीकरण गर्नु, वार्षिक विकास कार्यक्रम र मध्यमकालिन खर्च संरचना बीचको सामन्जस्य कायम गर्दै योजना

कार्यान्वयन प्रभावकारी बनाउनु, योजना कार्यान्वयन गर्ने संयन्त्रको क्षमता र दक्षता अभिबृद्धि गरी योजना कार्यान्वयन गर्नु, योजना निर्माणकोलागि आवश्यक विज्ञ जनशक्तिहरू गाउँपालिका स्तरमा नै उत्पादन गरी योजना निर्माणको प्रणालीलाई मजबुत र दिगो बनाउनु, नियमित रूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, योजना कार्यान्वयन गर्ने निकायको क्षमता र दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु चुनौतिका रुपमा रहेका छन् । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन उपलब्ध हुनु, संघीय तथा प्रादेशिक योजनाहरु नियमित तर्जुमा हुनु, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट वडास्तर सम्मको खण्डीकृत केही तथ्याङ्कहरु उपलब्ध हुनु, अनुभव उपयोग गर्न सक्ने सम्भावना रहनु, योजना तर्जुमाप्रति सबै समुदायको जनचासो र सहभागिता बढ्दै जानु, राष्ट्रिय योजना आयोग तथा प्रादेशिक नीति तथा योजना आयोगको अनुभव योजना निर्माणमा उपयोग गर्न सक्ने सम्भावनाहरू रहनु, घिरिङ गाउँपालिकाले पञ्चवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउने कार्यको थालनी हुनु, राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बीच सहकार्य र समन्वय बृद्धि भई स्थानीय तहलाई सहजीकरण गर्ने वातारण बन्नु यस क्षेत्रको अवसरको रुपमा रहेका छन् ।

### ८.२.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"नतिजामुखी योजना तर्जुमा र कार्यान्वयन प्रणाली, सामाजिक तथा आर्थिक विकासको आधार स्तम्भ"***

**लक्ष्य**

योजनाहरुको लक्ष्य र परिणामबीच सामन्जस्य कायम गर्ने

**उद्देश्य**

१ तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु,

२ योजनाको प्रभावकारी कार्यान्वयन गर्नु,

३ योजनाहरुको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।

### ८.२.५ रणनीति

१ तथ्याङ्कको वैज्ञानिक प्रयोग गर्दै परिणाममुखी नीति तथा योजना निर्माण गर्ने

२ विषयगत मापदण्ड बनाई विषयगत शाखागत सम्बन्ध र अन्तर सरकारी समन्वय कायम गर्ने

३ योजना अनुगमन निर्देशिका र संयन्त्र बनाई नियमित अनुगमन र समीक्षा गर्ने तथा तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरुको मूल्याङ्कन गर्ने

### ८.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार योजना तर्जुमा र कार्यान्वयन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

### तालिका ८.४ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य

| क्र.स. | सूचक | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | राष्ट्रिय तथा प्रादेशिक लक्ष्यसँग तुलना गर्न मिल्ने पालिकाको लक्ष्य निर्धारण | | | सामानजस्य भएको लक्ष्य | निरन्तर | निरन्तर | निरन्तर |
| २ | आवधिक योजना तर्जुमा | संख्या | | २ | ० | ० | ० |
| ३ | वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा | संख्या | | १ | १ | १ | १ |
| ४ | योजना वर्गीकरण मापदण्ड निर्माण | संख्या | | ० | १ | ० | ० |
| ५ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका | संख्या | | ० | १ | ० | ० |

### ८.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा योजना तर्जुमा र कार्यान्वयन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

### तालिका ८.५ योजना तर्जुमा र कार्यान्वयन उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | १४०० | १४०० | ० | ० | १४०० | ० | ० | ० |
| २०८३/८४ | १००० | १००० | ० | ० | १००० | ० | ० | ० |
| २०८४/८५ | १५५० | १५५० | ० | ० | १५५० | ० | ० | ० |

### ८.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि योजना तर्जुमा र कार्यान्वयन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

### तालिका ८.६ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | योजना तथा विकास व्यवस्थापन कार्यक्रम | तथ्यमा आधारित परिणाममुखी योजना तर्जुमा गर्नु | सालबबसाली | १३५० | राष्ट्रिय तथा प्रादेशिक लक्ष्यसँग मेलखाने गरी लक्ष्य निर्धार भइ योजना तर्जुमा भएको हुने |
| २ | योजना कार्यान्वयन विधि व्यवस्थापन कार्यक्रम | योजनाको प्रभावकारी कार्यान्वयन गर्नु | सालबसाली | ७०० | योजना कार्यान्वयन सम्बन्धमा प्रभावकारी व्यवस्थापन भएको हुने |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली व्यवस्थापन कार्यक्रम | योजनाहरुको अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु | सालबसाली | १९०० | योजना अनुगमन तथा मूल्याङ्कन निर्देशिका तयार भई नतिजामा आधारित अनुगमन मूल्याङ्कन भएको हुने |
| | **जम्मा** | | | **३९५०** | |

### ८.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

तीनै तहका सरकारका नियकायहरु, गैसस, समुदाय, सहकारी र निजी क्षेत्रबीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संसाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हासिल हुनेछ। अन्यथा नतिजा हासिल नहुन सक्ने जोखिम रहने देखिन्छ।

## ८.३ अनुगमन तथा मूल्याङ्कन

### ८.३.१ पृष्ठभूमि

अनुगमन आयोजना कार्यान्वयनको चरणमा गरिने निरन्तर चलिरहने प्रक्रिया हो। आयोजना कार्यक्रमको कार्यान्वयनको मध्यम तथा अन्तिम चरणमा मूल्याङ्कन गरिन्छ। अनुगमनको मुख्य उद्देश्य चालु परियोजनाको प्रगति र समस्याहरुको विषयमा सरोकारवालाहरुलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो। गाउँपालिकाका चालु परियोजनाहरुलाई सक्रीय र परिणाममुखी बनाउन गाउँपालिकामा अनुगमन प्रणालीको विकास गर्न जरुरी छ। अनुगमनले विकास कार्यक्रम र आयोजनाहरुको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ। अनुगमन तथा मूल्याङ्कनले कार्यक्रम तथा आयोजनाका सबल तथा दुर्बल पक्ष पत्ता लगाई समयमै सुधार गर्न सूचना उपलब्ध गराउँछ। अनुगमन तथा मूल्याङ्कनको परिणामले वर्तमान र भविष्यका पहलहरु मानव जीवन सुधार गर्न र आफ्ना छनौटहरु विस्तार गर्ने निर्णय लिन मद्दत पुऱ्याउँछ

घिरिङ गाउँपालिकामा गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा एक अनुगमन समिति रहेको छ। यसले गाँउपालिकाभित्रका योजना तथा कार्यक्रमहरुको नियमित रुपमा अनुगमन कार्य गर्दै आएको भएतापनि मूल्याङ्कन सम्बन्धी कार्यविधि बनीनसकेकोले व्यवस्थित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास भएको छैन। वार्षिक तथा आवश्यकता अनुसार समीक्षा कार्यक्रम हुँदै आएकोले धेरथोर अनुगमन तथा मूल्याङ्कन कार्यहरु भईरहेका छन् । हालसम्म तेस्रो पक्षबाट विशेष योजनाहरुको मूल्याङ्कन गरिएको अवस्था छैन।

### ८.३.२ प्रमुख समस्या

तथ्याङ्कको कमजोर आधार, आवश्यक तथ्याङ्क र सूचनाहरु उपलब्ध र व्यवस्थित नहुनु, कर्मचारीको स्थायीत्व नहुनु सीमित बजेट, संस्थागत संरचनाहरू व्यवस्थित नहुनु। पर्याप्त जनशक्ति र भौतिक संरचना नहुनु यस क्षेत्रको प्रमुख समस्याको रुपमा रहेका छन्।

### ८.३.३ चुनौती तथा अवसर

पालिकास्तरीय, वडास्तरीय तथा उपभोक्ता समितिस्तरीय अनुगमन संयन्त्र परिचालन गर्नु, प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु, नतिजामूलक तथ्यहरुको पहिचान गरी आयोजनामा समावेश गर्नु, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु, अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारण बन्नु, अनुगमन तथा मूल्याङ्कन कार्यकोलागि संगठन संरचना निर्माण गर्दा महत्त्व दिनु यस क्षेत्रका चुनौति हुन् भने अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारणा बन्नु, संघ, प्रदेश, जिल्ला समन्वय समितिबाट पनि अनुगमन हुनु, आम सञ्चार र सामाजिक सञ्जाल मार्फत पृष्ठपोषण प्राप्त हुनु अवसर हुन्।

### ८.३.४ सोच, लक्ष्य र उद्देश्य

**सोच**

***"आयोजनाको प्रभावकारी कार्यान्वयन र लाभग्राहीमा सकारात्मक प्रभाव"***

**लक्ष्य**

आयोजनाहरुको नतिजा तथा प्रभावहरुको मापन गर्ने

**उद्देश्य**

१ अनुगमन तथा मूल्याङ्कन संरचनाको सबलीकरण र नीतिगत व्यवस्था गर्नु,

२ योजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु,

३ आयोजनाहरुको प्रतिफल, नतिजा र प्रभावहरुको मापन गर्नु।

### ८.३.५ रणनीति

१ अनुगमन तथा मूल्याङ्कन सम्बन्धि नीति बनाई लागु गर्ने

२ अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्ने

३ जनशक्तिको क्षमता अभिबृद्धि गर्ने

४ योजना तथा कार्यक्रमहरुको हरेक पक्षलाई आधारमानी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने

५ नीति कार्यक्रम योजना र आयोजनाहरुको मूल्याङ्कन गर्दा सान्दर्भिकता, प्रभावकारिता, कार्यकुशलता, प्रभाव, दिगोपना, समावेशिता, लैङ्गिक समता र लाभग्राहीको सन्तुष्टी जस्ता विषयका आधारमा गरिनेछ

### ८.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना, प्रस्तावित कार्यक्रमहरु र आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार अनुगमन तथा मूल्याङ्कन नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ः

***तालिका ८.७ आगामी ३ आर्थिक वर्षको अपेक्षित नतिजा सूचक र मध्यमकालिन लक्ष्य***

| क्र.स. | सूच | एकाइ | गत आ.व. को उपलब्धि | चालु आ.व को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| १ | प्रभाव मूल्याङ्कन प्रतिवेदन | संख्या | | ० | ० | ० | १ |
| २ | अनुगमन तथा मूल्याङ्कन निर्देशिका | संख्या | | ० | १ | ० | ० |
| ३ | अनुगमन समिति | संख्या | | ६ | ६ | - | - |
| ४ | अनुगमन भएका योजना | संख्या | | | | | |
| ५ | अनुगमन तथा मूल्याङ्कन सूचक | संख्या | | | | | |

### ८.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणका आधारमा अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ।

***तालिका ८.८ अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रको बजेट अनुमान र बजेटको स्रोत***

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत र राजस्व बाँडफाँट | संघीय अनुदान | प्रदेश अनुदान | ऋण तथा अन्य |
| २०८२/८३ | ५० | ५० | ० | ० | ५० | ० | ० | ० |
| २०८३/८४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८४/८५ | ३५० | ३५० | ० | ० | ३५० | ० | ० | ० |

### ८.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः

***तालिका ८.९ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण***

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन संरचनाको सबलीकरण कार्यक्रम | अनुगमन तथा मूल्याङ्कन संरचनाको सबलीकरण र नीतिगत व्यवस्था गर्नु | सालबसाली | ० | प्रभावकारी अनुगमन भै रु. ५ लाख भन्दा बढीका योजनाहरुको भुक्तानी सिफारिस भएको हुने |
| २ | नतिजामा आधारित सूचक निर्माण | योजनाहरुको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु | सालबसाली | १०० | नतिजामा आधारित सूचक निर्माण भएको हुने |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | अभिमुखीकरण कार्यक्रम | | | | |
| ३ | तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन कार्यक्रम | आयोजनाहरुको प्रतिफल, नतिजा र प्रभावहरुको मापन गर्नु | २०८४/८५ मा गरिने | ३०० | तेस्रो पक्षबाट प्रभाव मूल्याङक्न भएको हुने |
| | **जम्मा** | | | **४००** | |

### ९.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

दक्ष विज्ञबाट अभिमुखीकरण भै नतिजामा आधारित सूचकहरुको विकास हुनेछ र सोही आधारमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी हुनेछ भन्ने अनुमान गरिएको छ। तर अनुगमनको जिम्मेवारी प्राप्त गरेको जनशक्ति सरुवा हुने वा आवश्यक दक्षता हासिल गर्न नसक्ने भएमा अनुगमन तथा मूल्याङ्कन कार्य प्रभावकारी नहुन सक्ने जोखिम रहने देखिन्छ।

# अनुसूची १

## मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### १ पृष्ठभूमि

नेपालमा संघीय शासन प्रणाली कार्यान्वयनमा आएसँगै स्थानीय तहहरु स्थानीय सरकारको रुपमा स्थापित छन् । समन्वय र सहकार्यको मान्यतामा स्थापित संङ्घीय शासन व्यवस्थाको यात्रामा अन्तर सरकार, नीजि क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बीचको समन्वय, साझेदारी र सहकार्यको अवसर व्यापक बन्दै गएको छ । यसबाट शासन सञ्चालन, सेवा प्रवाह र गुणस्तरीय विकास प्राप्तिका दिशामा तिव्र गतिमा अगाडि बढ्दै नागरिकका परिवर्तनको चाहाना सम्बोधन गर्ने वातावरण सिर्जना भएको छ । नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन उनीहरुको घरदैलोमा सर्वसुलभ सेवा र आधारभूत विकासका पूर्वाधार आवश्यक छन् । प्रचलित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार नागरिकको घरदैलोको सरकारको रुपमा स्थानीय सरकारहरुले स्थानीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता अनुरुप आफ्ना प्रयासहरु अगाढी बढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले हालको राजनीतिक, सामाजिक तथा सांस्कृतिक र प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरहरुको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक देखिन्छ । त्यसका लागि सबै सरोकारवाला पक्षसमेतको सहभागितामा समावेशी विकासको अवधारणा बमोजिम योजना तथा बजेट तर्जुमा प्रक्रिया अवलम्बन गर्नु पर्दछ । यस प्रकार योजना तथा बजेट तर्जुमा गर्दा आवधिक, विषयगत गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा गर्नु पर्नेछ । स्थानीय सरकारको योजना स्थानीय समस्याको सम्बोधन गर्ने, जनताको आर्थिक सामाजिक रुपान्तरणको चाहाना सम्बोधन गर्ने खालको हुनुपर्छ । योजनाले उपलब्ध हुन सक्ने संभाव्य स्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडललाई साँघुरो गर्दै लैजान सक्नु पर्दछ । त्यसो हुन सके मात्र आम नागरिकले संङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाले सिर्जना गरेको अवसर तथा कार्यान्वयनयोग्य आयोजना तथा कार्यक्रमबाट अपेक्षित प्रतिफल प्राप्त गर्न सक्छन् ।

यसका साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले प्रत्येक बर्षको असार १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान नगर सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । यसै गरी सोहि दफाको उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनपर्ने व्यवस्था गरेको छ । तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शीर्षकहरुको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण सम्वन्धी व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्नु समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ । बजेट तर्जुमा गर्दा प्रचलित आय र व्ययका शीर्षकहरुको वर्गीकरणको सिद्धान्तको राम्रोसँग जानकारी हुनु आवश्यक पर्दछ । यस प्रकार खर्च

वर्गीकरणका सिद्धान्त बमोजिम बजेट तर्जुमा गर्न सकिएमा बजेट कार्यान्वयन गर्दा रकमान्तर गर्नुपर्ने वा कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था आउँदैन।

यस प्रकार व्यवस्थित, प्रभावकारी र नतिजामूलक रुपमा आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियामा स्थानीय कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ । कार्यपालिकाबाट संबन्धित शाखा/उपशाखा/एकाइ वा वडाको लागि उपलब्ध बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा फ्रक्रिया यस मार्गदर्शन अनुसार आगामी आर्थिक बर्षको लागि आयोजना तथा कार्यक्रम छनौट तथा बजेट प्रस्ताव गर्नुपर्नेछ । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना प्रस्ताव तयार गर्दा आवधिक योजना, विषय क्षेत्रगत गुरु/रणनीतिक योजना, चालु आ.व.को स्वीकृत नीति तथा कार्यक्रमको आधारमा गर्नुपर्नेछ।

## २ कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

यस गाउँपालिका को चालु आर्थिक बर्ष २०८१/८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रम समुदाय तथा नागरिक समाज, नीजि क्षेत्र, प्रदेश तथा संङ्घीय सरकारसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको देखिन्छ। स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरु सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको समेत कमी महशुस गरिएको छ। सिकाइका आधारमा आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखि नै कार्यान्वयन कार्ययोजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने अवस्था विद्यमान छ । आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक बर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था र हालसम्मको उपलब्धि समेत मध्यनजर गरी आगामी तीन आर्थिक वर्षको लागि संभव भएसम्म आयोजना तथा कार्यक्रमगत रुपमा नभएमा उपक्षेगत रुपमा तर्जुमा गर्नुपर्नेछ।

## ३ योजना तथा बजेट तर्जुमाका आधारहरु

संवैधानिक, नीतिगत र कानूनी व्यवस्था अनुसार आर्थिक सामाजिक विकासका लागि सरकारले एक आर्थिक बर्ष भित्र गर्ने खर्च र सोको व्यवस्थापनका लागि उपयोग गरिने आयका स्रोत उल्लेख भएको महत्वपूर्ण दस्तावेज नै बजेट हो । बजेट मार्फत स्थानीय सरकारले खर्चको प्राथमिकता निर्धारण गर्नुका साथै स्थानीय वित्त नीतिको घोषणा र कार्यान्वयनको खाँका प्रस्तुत गर्दछ। बजेटलाई आर्थिक स्थायित्व कायम गर्दै सामाजिक विकास र समृद्धी हासिल गर्ने प्रमुख औजारको रुपमा लिइन्छ। यसका साथै संविधानले व्यवस्था गरेका मौलिक हक, राज्यको निर्देशक सिद्धान्त, नीति तथा स्थानीय तहको अधिकारका विषयहरुको कार्यान्वयन गर्नका निमित्त बजेटको उपयोग गरिन्छ।

नेपालको संविधानले तीनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरुप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो । तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न यस गाउँपालिकाका पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखा, कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्ति बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ । मध्यमकालीन खर्च संरचनमा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३ मौलिक हक र कर्तव्य, भाग ४ राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५ राज्यको संरचना र राज्यशक्तिको बाडफाँट, भाग १७ स्थानीय कार्यपालिका (धारा २१४ देखी २२० सम्मा), भाग १८ स्थानीय व्यवस्थापिका (धारा २२१ देखि २२७ सम्म), धारा १९ स्थानीय आर्थिक कार्यप्रणाली (धारा २२८ देखि २३० सम्म)

२. प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरु (परिच्छेद ४ प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरु (परिच्छेद ६ को दफा २४ र २५, परिच्छेद ९ दफा ५४ देखि ६८ सम्म र परिच्छेद १० दफा ६९ देखि ८० सम्म)

४. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २ राजस्वको अधिकार, परिच्छेद ३ राजस्वको बाडफाँट, परिच्छेद ४ अनुदानको अवस्था, परिच्छेद ५ वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६ सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७ राजस्व र व्यवको अनुमान, परिच्छेद ८ वित्तिय अनुशासन)

५. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरु (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्क्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)

६. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २ खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २ खरिदको तयारी, खरिद योजना र लागत अनुमान)

७. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

८. नेपाल सरकारको दीर्घकालीन सोच तथा सोह्रौं योजनाको सार्न्दभिक बुँदाहरु

९. गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाका सान्दर्भिक बुँदाहरु

९. गाउँपालिकाको दोस्रो आवधिक योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

१०. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारका समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधिहरु

११. यस गाउँपालिकाका सान्दर्भिक ऐन, नियमावली तथा कार्यविधिहरु

१२ यस गाउँपालिकाका सान्दर्भिक गुरु योजना तथा विषयक्षेत्रगत योजनाहरु।

## ४ बजेट सीमा

आगामी आ.व. २०८२/८३ समेत ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा कार्यक्रम र विषयगत उपक्षेत्रगत रुपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, सोही सीमाभित्र रही मध्यमकालिन खर्च संरचना गर्नुपर्नेछ। स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट स्वीकृत बजेट सीमा देहायअनुसार रहेको छः

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण वा अन्य |
| **१** | **आर्थिक विकास क्षेत्र** | | | | | | | | | |
| क | कृषि तथा खाद्य सुरक्षा | २०८२/८३ | १४५६० | ९३१० | ५२५० | ० | ० | १३३९५ | ११६५ | ० |
| | | २०८३/८४ | १७७२० | ७९७० | ९७५० | ० | ० | १५९४८ | १७७२ | ० |
| | | २०८४/८५ | १५२१० | ८४६० | ६७५० | ० | ० | १३९९० | १२२० | ० |
| ख | पशुपंछी विकास | २०८२/८३ | ११९०० | ८५०० | ३४०० | ० | ० | १०८२९ | १०७१ | ० |
| | | २०८३/८४ | ८१०० | ६८०० | १३०० | ० | ० | ७२९० | ८१० | ० |
| | | २०८४/८५ | ८५५० | ७२५० | १३०० | ० | ० | ७७८० | ७७० | ० |
| ग | पर्यटन | २०८२/८३ | ५४५० | १७७० | ३६८० | ० | ० | ४९५९ | ४९१ | ० |
| | | २०८३/८४ | ५८३० | ७५० | ५०८० | ० | ० | ५२४७ | ५८३ | ० |
| | | २०८४/८५ | ६३८० | ८०० | ५५८० | ० | ० | ५७४२ | ६३८ | ० |
| घ | उद्योग बाणिज्य तथा आपूर्ति | २०८२/८३ | ५७७५ | ३४७५ | २३०० | ० | ० | ५७७५ | ० | ० |
| | | २०८३/८४ | ५२७५ | २९७५ | २३०० | ० | ० | ५२७५ | ० | ० |
| | | २०८४/८५ | ५४२५ | ३१२५ | २३०० | ० | ० | ५४२५ | ० | ० |
| ङ | वित्तीय संस्था र सहकारी | २०८२/८३ | ५०० | ५०० | ० | ० | ५०० | ० | ० | ० |
| | | २०८३/८४ | ५७५ | ५७५ | ० | ० | ५७५ | ० | ० | ० |
| | | २०८४/८५ | ४५० | ४५० | ० | ० | ४५० | ० | ० | ० |
| च | भूमि व्यवस्था | २०८२/८३ | ५९० | ५९० | ० | ० | ५९० | ० | ० | ० |
| | | २०८३/८४ | ४४० | ४४० | ० | ० | ४४० | ० | ० | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण वा अन्य |
| | | २०८४/८५ | ४४० | ४४० | ० | ० | ४४० | ० | ० | ० |
| छ | सिंचाइ | २०८२/८३ | १३२५० | ७५० | १२५०० | ० | ० | ११९२५ | १३२५ | ० |
| | | २०८३/८४ | १२५०० | ० | १२५०० | ० | ० | ११२५० | १२५० | ० |
| | | २०८४/८५ | १३१०० | ६०० | १२५०० | ० | ० | ११२५० | १८५० | ० |
| | **आर्थिक विकास क्षेत्रको जम्मा** | | **१५२०२०** | **६५५३०** | **८६४९०** | **०** | **२९९५** | **१३६०८०** | **१२९४५** | **०** |
| **२** | **सामाजिक विकास** | | | | | | | | | |
| क | शिक्षा, विज्ञान तथा प्रविधि | २०८२/८३ | १०२६४९ | १००१४९ | २५०० | ० | ७२६८ | ९४४३५ | ९४६ | ० |
| | | २०८३/८४ | १२८३९९ | १२५८९९ | २५०० | ० | ० | ११८१२५ | १०२७४ | ० |
| | | २०८४/८५ | १२७०६९ | १२४५६९ | २५०० | ० | ५३६८ | ११६९०५ | ४७९६ | ० |
| ख | आधारभूत स्वास्थ्य तथा पोषण | २०८२/८३ | १९७७५ | ११७७५ | ८००० | ० | १९७० | १७८०५ | ० | ० |
| | | २०८३/८४ | १९०२५ | १०५२५ | ८५०० | ० | १४१९ | १७१२० | ४८६ | ० |
| | | २०८४/८५ | १९८७५ | ११८७५ | ८००० | ० | १९८८ | १७८८७ | ० | ० |
| ग | भाषा, साहित्य, कला, संस्कृति र सम्पदा | २०८२/८३ | १६५० | १३५० | ३०० | ० | १६५० | ० | ० | ० |
| | | २०८३/८४ | ९०० | ९०० | ० | ० | ९०० | ० | ० | ० |
| | | २०८४/८५ | १२०० | ९०० | ३०० | ० | १२०० | ० | ० | ० |
| घ | युवा तथा खेलकुद | २०८२/८३ | २८०० | २०५० | ७५० | ० | ० | २८०० | ० | ० |
| | | २०८३/८४ | २७५० | २००० | ७५० | ० | ० | २७५० | ० | ० |
| | | २०८४/८५ | २८०० | २०५० | ७५० | ० | ० | २८०० | ० | ० |
| ङ | लैंगिक समानता तथा सामजिक समावेशीकरण | २०८२/८३ | ४०७५ | ३७७५ | ३०० | ० | ० | ४०७५ | ० | ० |
| | | २०८३/८४ | ३५५० | ३२५० | ३०० | ० | ० | ३५५० | ० | ० |
| | | २०८४/८५ | ३३७५ | ३०७५ | ३०० | ० | ० | ३३७५ | ० | ० |
| च | खानेपानी तथा सरसफाइ | २०८२/८३ | १५४६० | ४२३५ | ११२२५ | ० | १५५० | १३९१० | ० | ० |
| | | २०८३/८४ | १४४७५ | ४२५० | १०२२५ | ० | १४५० | १३०२५ | ० | ० |
| | | २०८४/८५ | १३४७५ | ३२५० | १०२२५ | ० | १३५० | १२१२५ | ० | ० |
| | **सामाजिक विकास क्षेत्रको जम्मा** | | **४८३३०२** | **४१५८७७** | **६७४२५** | **०** | **२६११३** | **४४०६८७** | **१६५०२** | **०** |
| **३** | **भौतिक पूर्वाधार विकास** | | | | | | | | | |
| क | उर्जा (विद्युत तथा वैकल्पिक उर्जा) | २०८२/८३ | ८०० | ८०० | ० | ० | ८०० | ० | ० | ० |
| | | २०८३/८४ | १५०० | १५०० | ० | ० | १५०० | ० | ० | ० |
| | | २०८४/८५ | ८०० | ८०० | ० | ० | ८०० | ० | ० | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण वा अन्य |
| ख | सडक तथा यातायात पूर्वाधार | २०८२/८३ | ९८६२० | ३२० | ९८३०० | ० | ४०५२ | ७८८९६ | १५६७२ | ० |
| | | २०८३/८४ | ९८५२० | २२० | ९८३०० | ० | ४३५५ | ७८८७६ | १५२८९ | ० |
| | | २०८४/८५ | ९८५२० | २२० | ९८३०० | ० | ४४७८ | ७८८१६ | १५२२६ | ० |
| ग | भवन निर्माण, आवास तथा शहरी विकास | २०८२/८३ | ४२५० | ५५० | ३७०० | ० | ८५० | ३४०० | ० | ० |
| | | २०८३/८४ | ४९५० | २५० | ४७०० | ० | ९९० | ३९६० | ० | ० |
| | | २०८४/८५ | ४२०० | ५०० | ३७०० | ० | ८४० | ३३६० | ० | ० |
| घ | सञ्चार तथा सूचना प्रविधि | २०८२/८३ | २८४० | १८४० | १००० | ० | ० | २८४० | ० | ० |
| | | २०८३/८४ | १८०० | १८०० | ० | ० | ० | १८०० | ० | ० |
| | | २०८४/८५ | १८०० | १८०० | ० | ० | ० | १८०० | ० | ० |
| | **भौतिक पूर्वाधार विकास क्षेत्रको जम्मा** | | **३१८६००** | **१०६००** | **३०८०००** | **०** | **१८६६५** | **२५३७४८** | **४६१८७** | **०** |
| **४** | **वन, वातावरण र विपद् व्यवस्थापन** | | | | | | | | | |
| क | वन तथा जैविक विविधता | २०८२/८३ | १६०० | १६०० | ० | ० | १६०० | ० | ० | ० |
| | | २०८३/८४ | १९०० | १४०० | ५०० | ० | १९०० | ० | ० | ० |
| | | २०८४/८५ | १५०० | १००० | ५०० | ० | १५०० | ० | ० | ० |
| ख | वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन | २०८२/८३ | १२०० | ८५० | ३५० | ० | १२०० | ० | ० | ० |
| | | २०८३/८४ | २८०० | १०५० | १७५० | ० | २८०० | ० | ० | ० |
| | | २०८४/८५ | २७०० | ९५० | १७५० | ० | २७०० | ० | ० | ० |
| ग | विपद् व्यवस्थापन र जोखिम न्यूनिकरण | २०८२/८३ | ३४७५ | २८७५ | ६०० | ० | ३४७५ | ० | ० | ० |
| | | २०८३/८४ | ३९२५ | ३३२५ | ६०० | ० | ३९२५ | ० | ० | ० |
| | | २०८४/८५ | ३४२५ | २८२५ | ६०० | ० | ३४२५ | ० | ० | ० |
| | **वन, वातावरण र विपद् व्यवस्थापनको जम्मा** | | **२२५२५** | **१५८७५** | **६६५०** | **०** | **२२५२५** | **०** | **०** | **०** |
| **५** | **संस्थागत विकास तथा सुशासन** | | | | | | | | | |
| क | न्याय प्रणालीको सुदृढीकरण | २०८२/८३ | ७५० | ७५० | ० | ० | ७५० | ० | ० | ० |
| | | २०८३/८४ | २०० | २०० | ० | ० | २०० | ० | ० | ० |
| | | २०८४/८५ | १५० | १५० | ० | ० | १५० | ० | ० | ० |
| ख | संस्थागत विकास तथा सुशासन | २०८२/८३ | १०२४५७ | १०१९५७ | ५०० | ० | ८७५५२ | १४९०५ | ० | ० |
| | | २०८३/८४ | ११३४२५ | ११२९२५ | ५०० | ० | ९४६४१ | १८७८४ | ० | ० |
| | | २०८४/८५ | ११५८२५ | ११५३२५ | ५०० | ० | ९२६४१ | २३१८४ | ० | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक | नेपाल सरकार | प्रदेश सरकार | ऋण वा अन्य |
| ग | वित्तीय सुशासन | २०८२/८३ | १०५० | १०५० | ० | ० | १०५० | ० | ० | ० |
| | | २०८३/८४ | ६०० | ६०० | ० | ० | ६०० | ० | ० | ० |
| | | २०८४/८५ | ९७५ | ९७५ | ० | ० | ९७५ | ० | ० | ० |
| घ | स्रोत परिचालन तथा योजना व्यवस्थापन | २०८२/८३ | १६७५ | १६७५ | ० | ० | १६७५ | ० | ० | ० |
| | | २०८३/८४ | ३२५ | ३२५ | ० | ० | ३२५ | ० | ० | ० |
| | | २०८४/८५ | ४७५ | ४७५ | ० | ० | ४७५ | ० | ० | ० |
| | **संस्थागत विकास तथा सुशासनको जम्मा** | | **३३७९०७** | **३३६४०७** | **१५००** | **०** | **२८१०३४** | **५६८७३** | **०** | **०** |
| **६** | **तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** | | | | | | | | | |
| क | तथ्यङ्क प्रणाली | २०८२/८३ | ७०० | ७०० | ० | ० | ७०० | ० | ० | ० |
| | | २०८३/८४ | ५५० | ५५० | ० | ० | ५५० | ० | ० | ० |
| | | २०८४/८५ | ३५० | ३५० | ० | ० | ३५० | ० | ० | ० |
| ख | योजना तर्जुमा र कार्यान्वयन | २०८२/८३ | १४०० | १४०० | ० | ० | १४०० | ० | ० | ० |
| | | २०८३/८४ | १००० | १००० | ० | ० | १००० | ० | ० | ० |
| | | २०८४/८५ | १५५० | १५५० | ० | ० | १५५० | ० | ० | ० |
| ग | अनुगमन तथा मूल्याङ्कन | २०८२/८३ | ५० | ५० | ० | ० | ५० | ० | ० | ० |
| | | २०८३/८४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | २०८४/८५ | ३५० | ३५० | ० | ० | ३५० | ० | ० | ० |
| | **तथ्याङ्क प्रणाली, योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको जम्मा** | | **५९५०** | **५९५०** | **०** | **०** | **५९५०** | **०** | **०** | **०** |
| | **कुल जम्मा** | | **१३२०३०४** | **८५०२३९** | **४७००६५** | **०** | **३५७२८२** | **८८७३८८** | **७५६३४** | **०** |

## ५ प्राथिमकता निर्धारणका आधारहरु

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ३ को दफा ३.५.५ को चौथो अनुच्छेद वमोजि अनुसूची ११ मा उल्लिखित आधारहरु वमोजिम कार्यक्रम तथा योजनाहरुको प्राथमिकीकरण र सांकेतिकरण गर्नुपर्नेछ।

## ६ बजेट तर्जुमा तथा आयोजना/कार्यक्रम छनौट मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यपछिका दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही प्रथम आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना, चालु आर्थिक वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी मिति २०८२ जेठ ३१ गते भित्र पेश गर्नु हुन अनुरोध छ।

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरुसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ।

३. आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा फ्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

४. चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रुफान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुफर्नेछ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुत्रे र संख्यात्मक रुपमा धेरै आयोजना छनौट नगरी ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरुको छनौट गर्नु पर्नेछ।

६. नगरस्तरीय योजना छनौट गर्दा आयोजना वैंक वा आवधिक योजनामा समावेश भएका वा कानून अनुसार वातावरणीय प्रभाव अध्ययन लगायत संभाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ।

